



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष ३० अंक २८० | १६ मंसिर २०७९ शुक्रबार मार्ग शुक्लपक्ष नवमी | नेपाल संवत् ११४३ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, December 2, 2022 | पृष्ठ १२ | १० रुपैयाँ



**सूर्यास्तका बेला सुनसरीको बराहक्षेत्रस्थित कोसी नदी राजबासमा डुंगा तर्दै स्थानीय ।** *तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/कान्तिपुर*

# प्रतिनिधिसभा र प्रदेशसभामा १९ ठेकेदार

## मन्त्री, मुख्यमन्त्रीको दौडमा रहेका उनीहरू यस्ता संसदीय समितिमा पनि बस्छन् जसले उनीहरूकै व्यवसायका विषयमा नीति निर्माण र अनुगमनसमेत गर्नेछ, स्वार्थ बाझिनेछ

**विमल खतिवडा** (काठमाडौं)

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा विभिन्न निर्माण कम्पनी सम्बद्ध १९ ठेकेदार सांसदमा निर्वाचित भएका छन् । प्रतिनिधिसभाका लागि चुनावी मैदानमा उत्रिएका १५ ठेकेदारमध्ये ८ जना सांसद चुनिएका हुन् । निर्माण व्यवसाय आफैंमा वैधानिक र सम्मानित पेसा भएकाले यस्ता कम्पनीका सञ्चालकहरू सांसद बन्न कानुनले निषेध गर्दैन । मन्त्री, मुख्यमन्त्रीको दौडमा रहेका उनीहरू यस्ता संसदीय समितिमा पनि बस्छन् जसले उनीहरूको व्यवसायका विषयमा नीति निर्माण र अनुगमनसमेत गर्नेछ । यसले स्वार्थ बाझिने छ ।

पुल पूर्वाधारमा अलपत्र पारेर विभिन्न मुद्दा खेप्दै आएको पप्पु कन्स्ट्रक्सनका संस्थापक हरिनारायण रजौरिया अघिल्लो पटक जसपाबाट सांसद भएर विकास समितिमा सदस्यसमेत भएका थिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेपछि मात्र उनी निलम्बनमा परेका थिए । यसपालि उनले टिकट पाएनन् तर अरू १९ जना निर्माण व्यवसायी प्रतिनिधिसभा र प्रदेशसभा पुगेका छन् ।

निर्वाचित निर्माण व्यवसायीमध्ये एक हुन्- मोहन आचार्य । कांग्रेसबाट उम्मेदवार बनेका रसुवा कन्स्ट्रक्सनका आचार्य रसुवामा एमालेका छोवाङ तेन्जिङ तामाङलाई पराजित गर्दै सांसद बने । उनी पहिलो पटक सांसद बनेका होइनन्, यसअघि पनि रसुवाबाटै जितेका थिए । कालिका कन्स्ट्रक्सनका विक्रम पाण्डे राप्रपाबाट चितवन-३ मा निर्वाचित भएका छन् । **बाँकी पृष्ठ ५**



**मोहन आचार्य** रसुवा (कांग्रेस)
**विक्रम पाण्डे** चितवन-३ (राप्रपा)
**पूर्णबहादुर तामाङ** रामेछाप (कांग्रेस)
**धनबहादुर बुढा** डोल्पा (एस)
**राजु थापा** स्याङ्जा-१ (कांग्रेस)
**किसानकुमार श्रेष्ठ** बारा-४ (एस)
**दिक्पालकुमार शाही** दैलेख-२ (कांग्रेस)
**अम्बरबहादुर रायमाझी** उदयपुर-२ (एमाले)

# सत्ता गठबन्धनलाई बहुमत !

## सीके राउतको जनमत पार्टी सरकारमा जान तयार

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

सरकार निर्माणका लागि सत्ता गठबन्धनलाई केही सिट नपुग्ने भएपछि कांग्रेस सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाले जनमत पार्टीलाई सरकारमा सहभागी गराउने कसरत थालेका छन् । प्रत्यक्षतर्फ १ सिट जितेको जनमतले समानुपातिकमा ४ सिट ल्याउने सम्भावना छ ।

देउवाले आफूनिकट विमलेन्द्र निधिमार्फत जनमतका अध्यक्ष सीके राउतलाई बिहीबार बालुवाटारमै बोलाएर संघ र प्रदेश सरकारमा सहकार्यको प्रस्ताव गरेका हुन् । प्रस्तावलाई राउतले स्वीकार गरेको भेटमा सहभागी नेता निधिले बताए । उनका अनुसार राउत नेतृत्वको पार्टी संघीय सरकार र प्रदेश सरकारमा सहकार्य गर्नेमा सहमत भएको छ । प्रधानमन्त्रीलाई भेट्नुअघि बुधबार निधि-राउतबीच यस विषयमा छलफल भएको थियो । 'जनमत पार्टी सहभागी हुने भएपछि संघ र मधेस प्रदेशमा सरकार निर्माणका लागि आवश्यक संख्या पनि पुग्ने भयो,' निधिले कान्तिपुरसँग भने, 'सीकेजीले सरकारमा सहभागिता जनाउने विषयसँगै आफ्नो पार्टीको वैचारिक मान्यता पनि लोकतान्त्रिक रहेको जानकारी गराउनुभएको छ ।'

प्रधानमन्त्रीलाई भेटेपछि राउत माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई भेट्न खुमलटार पुगेका थिए । दाहाल-राउत भेट पनि सरकारमा सहभागिताको विषयमै केन्द्रित थियो । 'म तपाईंको प्रशंसक हो, तपाईंले उठाएका कतिपय मुद्दा मैले पनि बोकेर हिंडेको छु भनेर सीके राउतले भन्नुभयो,' दाहालका स्वकीय सचिव रमेश मल्लले भने ।

सप्तरी-२ मा जसपा अध्यक्ष उपेन्द्र यादवलाई भारी मतान्तरबाट पराजित गरेर राउत पहिलोपल्ट संसदीय राजनीतिमा प्रवेश गरेका हुन् । प्रत्यक्षतर्फ जित्नेमा जनमतबाट उनी एक्ला छन् तर उनी नेतृत्वको पार्टीले बिहीबारसम्म समानुपातिकतर्फ ३.८० प्रतिशत मत प्राप्त गरेको छ । जसअनुसार ४ सिट पाउने देखिन्छ । सत्ता गठबन्धनलाई सरकार निर्माणका लागि अपुग हुने संख्यासमेत जनमतबाट पुग्ने निश्चित भएको छ ।

सत्ता गठबन्धनको नेतृत्व गरेको कांग्रेसले हालसम्म प्रत्यक्षतर्फ ५५ सिट जितेको छ भने समानुपातिकतर्फ ३२ सिट पाउने देखिन्छ । योसहित कांग्रेसको कुल सिट ८७ हुन्छ । प्रत्यक्षमा १७ सिट जितेको माओवादीको समानुपातिकमा १४ गरी कुल ३१ सिट पुग्छ । एकीकृत समाजवादीले बिहीबार मध्यरातसम्म समानुपातिकतर्फ ३ प्रतिशत कटाउन सकेको छैन । उसको प्रत्यक्षतर्फ १० सिट छ । लोसपाको ४ र राष्ट्रिय जनमोर्चाको १ सिट छ । यी समेत गर्दा सत्ता गठबन्धनको पक्षमा १ सय ३३ सिट आउने देखिन्छ । जनमत पार्टीको थप ५ सिट जोडिँदा सत्ता गठबन्धनलाई सरकार बनाउन आवश्यक २ सय ७५ को बहुमत १ सय ३८ सिट ठ्याक्कै पुग्छ ।

गणना जारी रहेका ३ क्षेत्रमा गठबन्धनले नै जित्ने आकलन कांग्रेस-माओवादीको छ । स्याङ्जा-२ र बाजुरामा कांग्रेसकै अग्रता छ । दोलखामा बिहीबार पुनः मतदान भएको छ । यहाँ गठबन्धनका तर्फबाट माओवादीका उम्मेदवार छन् । यी तीनै क्षेत्रमा सत्ता गठबन्धनका उम्मेदवारले जित्ने सम्भावनालाई हेर्ने हो भने राउतसहित गठबन्धनको पक्षमा १ सय ४१ पुग्छ । गठबन्धनले रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीलाई पनि सरकारमा सहभागी गराउने कसरत गरिरहेको छ । **बाँकी पृष्ठ ३**



रासस

### गठबन्धनको शक्ति

(समानुपातिकसहितको आकलन)

| | |
|---|---|
| कांग्रेस | ८७ (५५+३२) |
| माओवादी | ३१ (१७+१४) |
| एस | १० |
| लोसपा | ४ |
| जनमोर्चा | १ |
| जनमत | ५ (१+४) |
| **जम्मा** | १३८ |

# हत्या अभियुक्त महतो : राष्ट्रपतिबाट विभूषण, एमालेबाट सांसद

**मातृका दाहाल** (काठमाडौं)

सुरक्षाकर्मीको हत्या अभियोगमा फरार तर महोत्तरी-१ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित लक्ष्मी महतो कोइरीलाई संविधान दिवसमा विभूषण घोषणा गरिएको पाइएको छ । महतो २०७२ भदौ २५ मा सशस्त्र प्रहरी बलका सहायक निरीक्षक (असई) थमन विक हत्या अभियोगका फरार व्यक्ति हुन् । उनलाई संविधान दिवस (गत असोज ३) मा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट 'समाजसेवी' का रूपमा प्रबल जनसेवाश्री घोषणा गरिएको हो ।



लक्ष्मी महतो कोइरी

विभूषणका लागि जिल्ला प्रशासनबाट सिफारिस भएर आएका नाममा गृह मन्त्रालयले विवादित पृष्ठभूमि भए/नभएकामा दोहोरो प्रमाणीकरण गर्ने अभ्यास छ । महोत्तरी प्रशासनले भने महतोको पृष्ठभूमि विवादित भएको जानकारी गृहलाई गराएन । त्यसपछि मन्त्रिपरिषद्ले उनको नामसहित विभूषित हुनेको सूची अनुमोदन गरेर राष्ट्रपति कार्यालय पठाएको थियो । त्यही सूची सदर गर्दै राष्ट्रपति कार्यालयले उनको नाम अनुमोदन गरेको हो । 'प्रबल जनसेवाश्री' बाट विभूषित हुने ३ सय १२ जनामध्ये महतोको नाम १० औं नम्बरमा छ । **बाँकी पृष्ठ ५**



# इतिहास सम्झिँदै राजापुर

## कर्णालीदेखि सुदूरपश्चिमकै ठूलो बजार मानिएको राजापुर समय क्रममा ओझेल पर्दै गयो, विकासका धेरैजसो आधारभूत पूर्वाधार पुगे पनि राजापुरले विगतको रौनक फर्काउन सकेन


एनपी मल्टी मिडिया

**कमल पन्थी** (बर्दिया)

करिब चार दशकअघिको हिउँद । राजापुर मण्डी (बजार) मा बिहानी प्रहर सुरु नहुँदै राति २ बजेदेखि चहलपहल सुरु हुन्थ्यो । हल्लाखल्ला र मोलतोलले बजार गुल्जार देखिन्थ्यो । धान बेच्न आएका किसानको लस्कर र खरिद गर्न आएका व्यापारीले ल्याएका सयौं लडिया (बयलगाडा) ले राजापुर जीवन्त देखिन्थ्यो । यी दिनहरूमा राजापुरको धान बजारमा बयलगाडा राख्ने ठाउँसमेत भेटिन मुस्किल पर्थ्यो । पहाडबाट सुन्तला, स्याउ, घिउ, गलैंचादेखि सिलाजित, हिंग, टिमुरलगायतका जडीबुटी राजापुर ल्याउने र यहाँबाट नुन, तेल, चामल, गहुँको पिठोलगायत कपडा खरिद गरी लैजाने परम्परा अब राजापुरका निम्ति कथा भइसक्यो । कर्णाली र सुदूरपश्चिमका पहाडी जिल्लाबाट डोकोभरि सामान ल्याउने व्यापारीका लागि अब राजापुर बिरानो भइसक्यो ।

चारैतिर कर्णाली र यसको भँगालो मानिने गेरुवा नदीले घेरिएको राजापुर एउटा टापुजस्तो थियो । सडक सञ्जालले नजोडिएका कारण विकट मानिए पनि धान र गहुँको उर्वर भूमि भएकाले राजापुरको बेग्लै सान थियो । पश्चिम नेपालका किसानको धान खरिदबिक्री गर्ने बजार भएकाले मात्रै होइन, २०२० सालमै भन्सार खोलिएकाले राजापुर गुल्जार थियो । अहिले राजापुरसँग पुरानो चमकधमक छैन तर यसको इतिहास सुनाउने भने विगत सम्झिएर रोमाञ्चित बन्छन् ।

> अन्य भूभागसँग सडक सम्पर्कमा नजोडिएका कारण कतरनियाघाट सुख्खा बन्दरगाहजस्तो थियो, त्यहाँबाट करिब ३ किमि दूरीमा रहेको बिछियामा रेल्वे स्टेसनबाट मालवाहक डिब्बामा राखेर धान निर्यात गरिन्थ्यो

सडक सञ्जालसँग जोडिएकाले हिजोआज राजापुर पुग्न गाह्रो छैन । एक समय यहाँ गाडी भनेकै एकाध जमिनदारका ट्र्याक्टर थिए । लडियाको लस्कर र त्यसको आवाजले राजापुर गुन्जिराख्थ्यो । राजापुरबाट करिब ५ देखि २० किमि दूरीका गाउँबाट किसान धान बेच्न राति नै राजापुर आइपुग्थे । 'पाताभार, गोला, नयाँगाउँ, दौतलपुर, बदालपुर, मनाउ, खैरीचन्दनपुर, भिम्मापुर, पशुपतिनगर र मानपुरटपरा गाविसबाट आएका लडियाले पुरै राजापुर भरिएजस्तो देखिन्थ्यो,' राजापुर-४ का ७० वर्षीय परशुराम थारू भन्छन्, 'अहिले त त्यो सबै कथा भइसक्यो ।' स्थानीय व्यवसायी काशीराम शर्माले २०३० सम्म राजापुर बजार गोलाहाट मण्डीका रूपमा चर्चित भएको इतिहास सुनाउँछन् । 'अहिले त्यो ठाउँ बगरमा परिणत भएको छ,' उनले भने ।

चार दशकअघिसम्म जुम्ला, हुम्ला, जाजरकोटलगायत पश्चिम उत्तरबाट यहाँ आउने व्यवसायीलाई हटारु भन्ने चलन थियो । 'राजापुरमा पहाडबाट आएका व्यवसायीका लागि गाउँ पञ्चायतले धर्मशालाको व्यवस्था गरेको थियो,' राष्ट्रिय वाणिज्य बैंकका पूर्वप्रबन्धक लक्ष्मी गौतम भन्छन्, 'यहाँ केही चिया र मिठाईका होटल थिए । खाना खाने होटल नहुँदा खरिदबिक्री गर्न आउने कर्णाली र सुदूरपश्चिका व्यवसायी खाना पकाएर खान्थे ।' राजापुरको रौनक एकैचोटि घटेको भने होइन । २०४३ सालमा पूर्वपश्चिम राजमार्ग सञ्चालनमा आएपछि व्यापारका नयाँ केन्द्र राजमार्ग छेउछाउ खुल्न थाले । राजमार्ग र पहाडी सडकमार्ग बनेसँगै चिसापानी, टीकापुर, कटाक्षे, भजनी, लम्की, सुर्खेतलगायतका ठाउँमा बजार विस्तार भएपछि राजापुरको व्यापारिक कारोबार घटेको बर्दिया उद्योग वाणिज्य संघ राजापुरका अध्यक्ष केदार थापाले बताए । जुम्ला, हुम्ला, जाजरकोट, दैलेख, कालीकोट, दिपायल र अछामबाट आउने व्यवसायी पायक सहरमा जान थालेपछि राजापुर सुस्ताउन थालेको उनको भनाइ छ ।


बर्दियाको सबैभन्दा पुरानो राजापुर बजार । र, धान खरिद-बिक्री गरिँदै । *तस्बिर : कान्तिपुर*

राजमार्ग बन्नु अघिसम्म यहाँ उत्पादित धान र गहुँ नेपालकै अन्य ठाउँ पठाउँदा पनि भारतको भर पर्नुपर्थ्यो । यहाँको खाद्यान्न उत्तरप्रदेश राज्यको बहराइच जिल्लास्थित कतरनियाघाटमा कस्टम (भन्सार) कार्यालय भएर पठाउने गरिएको राजापुर-४ का पूर्ववडाध्यक्ष रमण रेग्मीले बताए । हाल राजापुरमा पर्ने साविक ११ गाविस र छिमेकी गेरुवा गाउँपालिका धान र गहुँका लागि उर्वरभूमि मानिन्थे । एक दशकअघिसम्म यी स्थानीय तहबाट मात्रै झन्डै ३ अर्ब मूल्यको धानको कारोबार हुने गरेको रेग्मी सुनाउँछन् । बजार विस्तारका क्रममा राजापुरबाहेक शान्तिबजार, मनाउ, खैरीचन्दनपुर, गोलालगायतमा धान खरिदबिक्री गर्ने व्यवसायी भरिँदै गएपछि यहाँ किसान आउने क्रम २०६५ पछि घट्दै गएको छ ।

चार दशकअघि राजापुरले कतरनियाघाट र राजापुर मूल भन्सार भएर भारतदेखि बंगलादेशसम्म धान निर्यात गर्थ्यो । अन्य भूभागसँग सडक सम्पर्कमा नजोडिएका कारण कतरनियाघाट सुख्खा बन्दरगाहजस्तो थियो । कतरनियाघाटबाट करिब ३ किमि दूरीमा रहेको बिछियामा रेल्वे स्टेसनबाट मालवाहक डिब्बामा राखेर धान निर्यात गरिन्थ्यो । राजापुर-१० का ७२ वर्षीय मंगल थारू राजपुरले निर्यात गर्ने धान र गहुँकै कारण कतरनियाघाट नजिकै रहेको बिछिया बजार फस्टाएको सम्झिन्छन् । ०७५ सालमा कतरनियाघाटको भन्सार करिब ४० किमि पूर्व मिहीपुरुवा बजारमा सर्‍यो । त्यसपछि त राजापुरको बिछिया बजारसँगको साइनो पनि हरायो ।

खाद्य व्यवस्था व्यापार केन्द्र राजापुरका प्रमुख धर्मराज पन्थले राजापुर बजारमा हरेक वर्ष झन्डै ५० देखि ६० करोड मूल्यको धान खरिद हुने गरेको बताए । अनाजको भण्डार भएकैले २०४५ सालमा जापान सरकारको सहयोगमा र पञ्चायतकालका अर्थ सहायक मन्त्री दमनध्वज चन्दको पहलमा यहाँ आधुनिक धानचामल कारखाना स्थापना भएको थियो । करिब १५ करोड लागतको स्थापना गरिएको उक्त कारखाना माओवादी सशस्त्र द्वन्द्वका बेला ०५९ चैत २९ गते बम विस्फोटपछि बन्द भयो । २०६४ सालमा खाद्य व्यवस्था व्यापार केन्द्र, राजापुरले कारखाना मर्मत गरेर सञ्चालनमा ल्यायो । संस्थाले किसानको धान खरिद बिक्री गर्ने काम थाल्यो । तर यसले राजापुरको गुमेको रौनक फिर्ता ल्याउन सकेन ।

कर्णाली र गेरुवा नदीले घेरिएको राजापुर २०७२ सम्म दुर्गम भेगजस्तो थियो । यहाँबाट नेपालकै अन्य भाग जान भारतको कतरनियाघाट नपुगी धरै थिएन । कतरनियाघाटबाट नेपाली सीमाको भिम्मापुरसम्म घना जंगल छिचोल्नु सजिलो कुरा थिएन । राजापुर-१० का ७० वर्षीय दिगम्बर थारू उतिबेला जंगल छिचोलेर कतरनियाघाट पुग्ने नेपालीहरू डाँकाको लुटपाटमा पर्ने गरेको कथा सुनाउँछन् । राजापुर हुँदै गुलरिया, नेपालगन्ज, काठमाडौंलगायत ठाउँ पुग्न एक मात्र विकल्प भारतको बाटो थियो । कर्णाली नदीमा पुलसमेत नहुँदा भारतीय बाटोको प्रयोग गर्नैपर्ने अवस्था थियो । २०५१ सालमा राजापुर जोड्ने कर्णाली नदीको भँगालो गेरुवा नदीको कोठियाघाटमा स्टिमरसँगै पन्टुन ब्रिज सञ्चालन भयो । २०७३ सालमा यहाँ पुल निर्माण भएपछि नेपाल जान भारतको बाटो भर पर्नुपर्ने बाध्यता राजापुरवासीका निम्ति हट्यो ।

एक समय राजापुरमा मूल भन्सार कार्यालय थियो । कर कार्यालयदेखि राष्ट्र बैंकको सटही काउन्टरसम्म र नेपाल बैंक लिमिटेडदेखि धान मिलसम्म सबै यहीँ थिए । निर्यात घट्दै गएपछि मूल भम्सार र भारु सटही काउन्टर बन्द छ । राजापुर-४ का पूर्व वडाध्यक्ष रमण रेग्मी मूल भन्सार भएकै कारण भारतलगायत तेस्रो मुलुकसँग यहाँबाट आयात-निर्यात हुने गरेको इतिहास सुनाउँछन् । 'पुल र सडक सञ्जाल बनेपछि मूल भन्सार विस्तारै राजस्व शून्य बन्दै गयो,' उनले भने ।

राजापुरबाट करिब ७ किमि पश्चिम-दक्षिण सीमावर्ती कैलालीको खग्रौलाघाटको मूल भन्सारबाट सामान आयात-निर्यात हुन थालेपछि त्यसो सोझो असर राजापुरमा पर्‍यो । करिब सात वर्षअघि कर्णालीको सत्तीघाटमा पुल बनेपछि यहाँका व्यवसायी खग्रौला र भारतको तिकोनियाको भन्सार प्रयोग गर्छन् । अधिकृतसहित २५ जनाको दरबन्दी रहेको मूल भन्सार कार्यालय अहिले एक जना सहयोगीको भरमा चलिरहेको छ । यहाँबाट हुने काम केही वर्षयता गुलरियास्थित छोटी भन्सार कार्यालयले गर्दै आएको छ । छोटी भन्सारका नायब सुब्बा रवीन्द्र विकले ६ वर्षअघिसम्म वार्षिक ४ देखि ५ करोड राजस्व असुल्ने भन्सारमा अहिले राजस्व संकलन घटेको बताए ।

राजापुर-९ का किसान भागिराम थारू धान खरिदबिक्रीका लागि किसान र व्यवसायीबीच तँछाडमछाड हुने गरेको सम्झन्छन् । 'उहिले राजापुरमा समृद्धि थियो, अहिले उपेक्षित छ । जनप्रतिनिधिले यो ठाउँको महत्त्व बुझेनन्,' उनले भने । यहाँ किरानादेखि लत्ताकपडाका कतिपय पसल भारतीय व्यवसायीले चलाएका थिए । 'त्यसबेला पुरानो कर्णाली बस्त्रालय, सरला राइस मिल, हीरालाल गुप्ताको पसल चर्चित थिए,' ६७ वर्षीय गोपालध्वज जिसी भन्छन्, 'व्यवसायमा मन्दी आएपछि धेरैजसो पुराना व्यवसायी पलायन भए, द्वन्द्व सुरु भएपछि बेचेखुचेका पनि हिँडे ।' उनका अनुसार राजापुरबाट २०२१ सालअघि वार्षिक करिब २ लाख ५० हजार क्विन्टल धान भारतलगायत मुलुकमा निर्यात हुन्थ्यो । कतरनियाघाटको भन्सार बन्द भएपछि यहाँको बजार प्रभावित भएको नगरप्रमुख दिपेश थारू बताउँछन् ।

राजापुरमा सयौं बिघा हुने जमिनदार धेरै थिए । निम्न आय भएका र थोरै जग्गा भएका किसान महाजनी (व्यापारी) प्रथामा निर्भर थिए । उनीहरू बैंकबाट ऋण नपाएपछि गल्ला व्यापारीको भर पर्थे । ७५ वर्षीय पूर्व कमैया लौटन थारूले ३५ वर्षअघिसम्म जमिनदारको आदेश कानुनजस्तै हुने गरेको बताउँछन् । सामाजिक राजनीतिक परिवर्तनसँगै अहिले यो व्यवस्था फेरियो । 'वित्तीय संस्था खुल्न थालेपछि किसानले सहजै ऋण पाउन थाले, महाजनी प्रथा रोकियो,' किसान पटवारी थारुले भने ।

जिल्ला प्रशासन कार्यालय, बर्दियाका प्रशासन फाँट प्रमुख गंगा अधिकारीका अनुसार सशस्त्र द्वन्दका बेला राजापुर टप्पुको साविक ११ गाविसमा जमिनदारका २ हजार बिघा खेत माओवादीले कब्जा गरेको थियो । राजापुर नगरपालिकाबाट मात्रै २४ जना जमिनदार विस्थापित भएका थिए । स्थानीय प्रशासनसँग द्वन्द्वकालमा खैरीचन्दनपुर १३, नयाँगाउँबाट १२, दौलतपुरबाट १६, बदालपुरबाट २९, भिम्मापुरबाट १४, मानपुर टपराबाट २७, गोलाबाट २४, पाताभारबाट २९, पशुपतिनगरबाट २३ र मनाउबाट ५५ जना जमिनदार विस्थापित भएको तथ्यांक छ ।

सडक सञ्जालसँग जोडिएपछि राजापुरका विकास हुँदै नभएको भने होइन । सात वर्षअघि गेरुवा नदीको कोठियाघाटमा १ हजार १५ मिटरको पुल बन्यो । तीन वर्षअघि हुलाकी सडक कालोपत्र भयो । राजापुर र कैलाली जोड्ने कर्णालीको सत्तीघाटमा पुल निर्माण भयो । मालपोत, नापी, इलाका प्रशासन कार्यालसम्म स्थापना भइसकेका छन् । कानुन व्यवसायी महादेव रटगैया पुरानो व्यवसायिक केन्द्रमा उद्योग, कलकारखाना स्थापना नहुनु, पहाडी जिल्लाबाट व्यवसायी आउन छाड्नुले पुरानो बजार सुनसान भएको बताउँछन् ।

द्वन्द्वकालमा विस्थापित ठूला व्यापारी फर्केर नआएको र नयाँ व्यापारी नथपिएका कारण राजापुरले पुरानो लय समात्न नसकेको अमर सहिद दशरथ चन्द बहुमुखी क्याम्पसका प्राचार्य अनिल चौधरीले बताए । व्यापारमा ठूलो लगानी गर्ने मातादिन अग्रवाल, मंगल गुप्ता, अशोककुमार अग्रवाललगायत पलायन हुनुको घाटा अहिले राजापुरले भोगिरहेको उनको बुझाइ छ ।

चार दशकअघि र अहिलेको राजापुरमा निकै परिवर्तन आएको छ । सडक सञ्जाल जोडिएपछि यहाँबाट गुलरिया, नेपालगन्ज, धनगढी, महेन्द्रनगर, काठमाडौं लगायतका सहरमा सवारी साधन नियमित गुड्ने गरेका छन् । सदरमुकाम गुलरियाबाट पश्चिम ४० किमि दूरीमा रहेको राजापुर हुलाकी पक्की सडकसँग जोडिएको छ । विकासका पूर्वाधार पुगे पनि ठूला उद्योग, कलखाना निर्माण नहुँदा फड्को मार्न नसकेको उद्योग वाणिज्य संघका अध्यक्ष केदार थापा बताउँछन् । 'पुरानै माहोल फर्काउन व्यवसायीले ठूलो लगानी गर्न जरुरी छ,' उनले भने, 'कर्णाली र सुदूरपश्चिका पहाडी जिल्लामा भगिनी सम्बन्ध कायम गरी त्यहाँका व्यापारीलाई ल्याउन सके अवस्था बदलिन्छ ।'

### जग्गाधनी पुर्जाको समस्या

राजापुरका विष्णु रिजाल करिब ५० वर्षदेखि व्यवसाय गर्दै आएका छन् । उनले राजापुर पालिकालाई जग्गा र व्यवसाय कर तिरेको वर्षौं भयो । तर अहिलेसम्म जग्गाधनी पुर्जा पाएका छैनन । उनकै जस्तो समस्या छ, चन्द्रेश्वर सुवेदीको पनि । जग्गाधनी पुर्जाको आश गर्दा गर्दै उनले ५० वर्ष काटिसके तर समस्या सल्टिएको छैन । ७८ वर्षदेखि बसोबास गर्दै आएका राजापुरका उनीजस्तै करिब ३ सयभन्दा बढी परिवारले जग्गाधनी पुर्जा पाएका छैनन् । यहींका मोहम्मद असीम खाँले चुनावको मुखमा लालपुर्जाको आश्वासन दिने र चुनावपछि नेता हराउने गरेको गुनासो सुनाए । २००१ देखि वडा नम्बर ४ स्थित बजारमा बस्दै आएका अधिकांश जग्गाधनी पुर्जा नपाउँदा सरकारी सेवा सुविधाबाट बञ्चित छन् ।

राणा र पञ्चायतकालमा बडाहाकिमले दिएका प्रमाणका आधारमा घर, व्यापारिक प्रतिष्ठान, सरकारी कार्यालयले भवन बनाउँदै बस्दै आएका थिए । ती कार्यालयमा बडाहाकिम र ऐलानी प्रति जग्गामा भवन बनाएर बसेको थिए । २०१५ देखि ०२२ सालसम्म बडाहाकिमले बसोबास गरेको प्रमाणपत्र दिएको स्थानीय व्यवसायी विष्णु रिजाल बताउँछन् । त्यही प्रमाणका आधारमा करिब तीन वर्षअघि जग्गा दर्ता प्रक्रिया सुरु गरिएको हो । ७६ वर्षअघिदेखि बसोबास गर्दै आएका राजापुर बजारका बासिन्दा यसै आर्थिक वर्षमा घरजग्गाको मालिक बन्ने मेयर दिपेश थारू बताउँछन् ।

अमर सहिद दशरथ चन्द बहुमुखी क्याम्पसका प्राचार्य अनिल चौधरी यहाँका पुराना जमिनदारमध्येका एक राजाराम कुर्मीबाट यो ठाउँको नाम रहेको बताउँछन् । २०२१ सालसम्म उनीसँग धेरै जग्गा भएकाले राजारामलाई 'राजाबाबु' भनेर बोलाइन्थ्यो । २००२ सालमा अहिलेको राजापुर बजार गोलाहाटमा थियो ।

६७ वर्षीय हर्कबहादुर शाहले कर्णाली नदी कटानपछि दौलतपुरमा गोलाहाट बजार लाग्ने गरेको बताए । 'बाढी र कटानले २००६ सालमा त्यहाँबाट हाटबजार सरेर अनन्तपुर हुँदै राजापुरमा सरेको हो,' उनले भने 'त्यसबेला भारतको बहराइच र लखिमपुरबाट आएका व्यवसायीले बजार सञ्चालन गरेका थिए । राजापुर अहिर, कुर्मी समुदायको बस्ती थियो ।'

कान्तिपुर पब्लिकेशन्स लिमिटेड
KMG KANTIPUR MEDIA GROUP

## आवश्यकता

**यस पब्लिकेशन्सको बजार प्रवर्द्धनका लागि निम्नानुसार कर्मचारी आवश्यक परेकाले सेल्समा रुचि भएका इच्छुक उम्मेदवारहरूले निम्न स्थानमा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।**

- **काठमाडौं - २० जना (पुरुष/महिला)**

आवेदन दिने अन्तिम मिति:- २०७९ मंसिर २० गते

कान्तिपुर पब्लिकेशन्स लिमिटेड
सेन्ट्रल बिजनेसपार्क, थापाथली, काठमाडौं
फोन नं.: ०१-५१३५०००
E-mail: sales@kmg.com.np

## वर्गीकृत डिस्प्ले

स्वदेशमै उत्पादित गुणस्तरीय
सोलार वाटर हिटर
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही वर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

WANTED
A reputed school in Kapan has vacancy for:
1. English Teacher
Primary Level
Salary : 35-40 K
9841701607
himalayan2048@gmail.com

के तपाई वैदेशिक रोजगारमा जाँदै हुनुहुन्छ ?
सुरक्षित वैदेशिक रोजगारका लागि नि:शुल्क परामर्श/जानकारी लिन तलको फोनमा मिस्कल गर्नुहोस् वा फेसबुकमा मेसेज गर्नुहोस् ।
www.fb.com/SAFE.THN
नोट: हामी म्यानपावर कम्पनी चाही होइनौं ।
Email: rammhr515@gmail.com
9818192800, 9845057965

यौन-शक्ति बर्द्धक
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT. GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE (80 वर्षसम्म हुन)
जाँड-रक्सी कुलत थाहै नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने ।
हाइट बढ्ने स्टेपअप
SEX TOY पाईन्छ ।
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810,9818941842

फार्म हाउसको लागि ५/५ रोपनी जग्गा र टुक्रा घडेरी किस्तामा

| क्षेत्रफल | सुरुमा | पास गर्न | घट्दो किस्ता |
|---|---|---|---|
| ५-०-०-० | ५०,००० | १२.५० लाख | २७,००० |
| ०-४-० | ७२,००० | ६ लाख | ३९,००० |
| ०-५-० | ९०,००० | ७.५ लाख | ४८,७५० |
| ०-६-० | १,०८,००० | ९ लाख | ५८,५०० |

विशेषताहरू :
बाटो ३१ मिटर हाइवे, बिजुली, इन्टरनेट, पानी, स्कूल, कलेज हस्पिटलको राम्रो सुविधा भएको तत्काल बस्न तथा फार्म हाउस, व्यवसाय गर्न उपयुक्त ठाउँ ।
अहिले पनि नकिने कहिले किन्ने ?
सम्पर्क
९८५१३२३६१५/९८४३८४९५३३

घर बिक्रिमा
काठमाडौं-३२ कोटेश्वर महादेवस्थान जाने मूल बाटोमा ४.५ आनामा बनेको ३.५ तल्लेघर बिक्रिमा ।
⇨ अफिसलाई पनि उपयुक्त
⇨ अण्डर ग्राउण्ड पार्किङ्ग भएको
⇨ उपत्यकाको दृश्य देखिने ।
सिधा सम्पर्क: 9851005533

घडेरी बिक्रीमा
सितापाईला रिङ्गरोड बाट १५० मिटर भित्र २० फिटको पिच बाटोमा दक्षिण मोहडा भएको आकर्षक १० आना घडेरी बिक्रीमा ।
दलालले कष्ट नगर्नुहोला ।
सूर्य बहादुर: 9851014146
मणी बास्कोटा 9851015745 9841200708

औषधि पसल बिक्रीमा
कुलेश्वरमा चलिरहेको औषधि पसल बिक्रीमा।
आजै सम्पर्क गर्नुहोस्
ठेगाना: कुलेश्वर
सम्पर्क नम्बर: ९८५१०४८४२९

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*


घर बिक्रिमा


गाडि बिक्रिमा



जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरूमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# गठबन्धनको रणनीति कुर्दै एमाले

## दलहरूसँग निरन्तर संवाद, निर्वाचनको सबै नतिजा आइसकेपछि मात्र औपचारिक निर्णय गर्ने

**गंगा बीसी** (काठमाडौं)

प्रतिनिधिसभामा प्रत्यक्षतर्फ दोस्रो र समानुपातिक मतमा पहिलो दल बनेको एमालेले सरकार निर्माणमा सत्ता गठबन्धनको रणनीति कुर्ने भएको छ । निर्वाचनको हालसम्मको परिणाममा सत्ता गठबन्धन बहुमतनजिक रहेकाले एमाले अन्तिम नतिजा आइसकेपछि मात्रै निर्णय गर्ने तयारीमा छ । 'हामी निर्वाचनको अन्तिम नतिजाको पर्खाइमा छौं,' एमाले उपाध्यक्ष विष्णु पौडेलले भने, 'सबै नतिजा आइसकेपछि मात्र औपचारिक निर्णय गर्नेछौं ।'

कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच प्रधानमन्त्रीका विषयमा सहमति हुन नसक्ने अवस्था सिर्जना भए एमालेको नेतृत्वमा अर्को समीकरण बन्ने सम्भावना छ । यही गठबन्धन कायम रहे पहिला प्रधानमन्त्री को हुने भन्ने देउवा र दाहालबीच सहमति हुन बाँकी छ । उनीहरूबीच सहमति हुन नसके कांग्रेस-एमाले वा एमाले-माओवादी र अन्य दलको समीकरण बन्न सक्छ ।

कांग्रेस, माओवादी, एकीकृत समाजवादी, लोसपा र जनमोर्चा यही गठबन्धनलाई निरन्तरता दिने पक्षमा छन् । प्रधानमन्त्री देउवा सीके राउत नेतृत्वको जनमत पार्टीलाई पनि गठबन्धनमा सहभागी गराउने प्रयासमा छन् । सत्ता गठबन्धनकै सहयोगमा रौतहटबाट जितेका प्रभु साह र किरण साहसँग पनि गठबन्धन नेताहरूले संवाद अघि बढाएका छन् ।

एमालेले पनि दलहरूसँग संवाद भने बढाएको छ । सरकार बनाउन सत्ता गठबन्धनको दौडलाई एमालेले टाढैबाट नजर मात्र लगाएको एमाले उपमहासचिव प्रदीप ज्ञवालीले बताए । 'हालसम्मको निर्वाचन परिणाम हेर्दा सरकार बनाउन सत्ता गठबन्धनलाई एमालेभन्दा सहज देखिन्छ,' उनले कान्तिपुरसँग भने, 'गठबन्धनका नेता बहुमत पुर्‍याउन डिल्लीबजार कारागार पुग्नुभएको छ ।' उनले सत्ता गठबन्धनभित्र भागबन्डाको अन्तरसम्बन्ध कसरी अघि बढ्छ भन्ने अध्ययन गरिरहेको बताए । 'यतिबेला हामी दलहरूसँग छुट्टाछुट्टै सम्पर्कमा छौं,' उनले भने, 'यो प्रारम्भिक संवाद मात्र हो ।'

एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच मंसिर ८ मा टेलिफोनबाट बधाई साटासाट भएको थियो । त्यसयता दुई नेताबीच थप कुराकानी अघि बढेको छैन । एमाले र माओवादीका दोस्रो तहका नेताहरूबीच अनौपचारिक कुराकानी भने निरन्तर छ ।



प्रतिनिधिसभामा प्रत्यक्षतर्फ ४४, समानुपातिकतर्फ सबैभन्दा धेरै (बिहीबार रातिसम्म २७ लाख ६९ हजार ५ सय २३) मत, प्रदेश १ मा २५ सिट र लुम्बिनी प्रदेशमा कांग्रेस बराबर १८ सिट ल्याएको एमाले सत्ता गठबन्धनमा गडबड भए सरकार निर्माणको नेतृत्व लिन तयार रहेको उपमहासचिव ज्ञवालीले बताए । 'चौतर्फी घेराबन्दी गर्दा पनि एमाले समानुपातिक मतका आधारमा पहिलो पार्टी भयो, यसका आधारमा परिआए एमाले मुलुकको नेतृत्व लिन तयार हुन्छ,' उनले भने, 'तर एमाले मुद्दामा सम्झौता गरेर जसरी पनि सरकारमा जाँदैन ।'

कांग्रेस र माओवादीबीच खटपट भए कांग्रेस र एमालेबीच सहकार्यमा सरकार निर्माणको चर्चा पनि छ । तर, नेता ज्ञवालीले त्यो सम्भव नदेखेको बताए । 'दश थरी पार्टी मिलेर सरकार बनाउनुभन्दा कांग्रेस-एमाले मिलेर सरकार बनाउँदा के होला भन्ने प्रश्न पनि छ,' उनले भने, 'तर म व्यावहारिक रूपमा सम्भव देख्दिनँ ।'

कांग्रेसको नेतृत्वमा रहेको सत्ता गठबन्धनलाई कमजोर हुन नदिन देउवा र दाहाल निरन्तर प्रयासमा छन् । यी दुई नेता गठबन्धनलाई बहुमत जुटाउन कसरत गरिरहेका छन् । त्यही कसरतस्वरूप उनीहरू प्रत्यक्षतर्फ ४ (एक स्वतन्त्र) सिट जितेको नागरिक उन्मुक्ति पार्टीलाई फकाउनेदेखि सीके राउतलाई गठबन्धनमा ल्याउनेसम्मका प्रयासमा छन् । नागरिक उन्मुक्तिले भने पार्टीका संस्थापक अध्यक्ष रेशम चौधरीलाई रिहा गर्ने प्रक्रिया अघि बढाउन गठबन्धन तयार नभएसम्म सरकारमा सहभागी नहुने बताइसकेको छ ।

एमालेले राजनीतिक स्थायित्वको मुद्दा अघि सारेको छ । खासगरी राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत र नागरिक उन्मुक्ति पार्टीको उदय भएसँगै स्थीर सरकार बन्ने सम्भावना कमजोर बनेको छ । 'राजनीतिक स्थायित्वका लागि यो जोखिमपूर्ण जनादेश हो,' एमाले प्रचार विभाग प्रमुख एवं उपमहासचिव पृथ्वीसुब्बा गुरुङले भने, 'राजनीतिक स्थायित्वका लागि एमालेले पहल गर्छ ।' उनले यो निर्वाचनपछि सरकार निर्माणका लागि हुने खिचातानीले अस्थिरतातर्फ लग्ने आशंका गरे । 'विगतका हाम्रा कमजोरीमाथि विभिन्न शक्तिहरूले खेलेका छन्, धमिलो पानीमा माछा मार्ने प्रयास हुँदै छ,' उनले भने, 'प्राप्त उपलब्धिको रक्षाका लागि दलहरू अघि बढ्नुपर्छ ।' गुरुङले वामपन्थी दलहरूबीच सहकार्य हुनुपर्ने धारणा राख्दै आएका छन् ।

धेरै दल मिलेर सरकार बनाउनुपर्ने अवस्थामा अविश्वास बढ्ने र त्यो दलहरूका लागि जोखिम हुने तर्क अर्का उपमहासचिव ज्ञवालीको छ । 'पाँच वर्ष संसद् कसरी टिकाउन सकिन्छ, दलहरूले सोच्ने बेला भएको छ,' उनले भने, 'राजनीतिक स्थायित्व कसरी कायम हुन्छ, गम्भीर हुन आवश्यक छ ।'

एमाले, माओवादी र अन्य दलबीचको सहकार्यमा सरकार निर्माण गर्ने अन्तिम र कठिन सम्भावना पनि छ । समानुपातिकमा माओवादीको मत ०७४ भन्दा खासै नघटे पनि अपेक्षित रूपमा प्रत्यक्षमा जित्न सकेको छैन । उसले बिहीबारसम्म प्रत्यक्षतर्फ १७ सिट जितेको छ ।

एमाले उपाध्यक्ष विष्णु पौडेल, उपमहासचिव पृथ्वीसुब्बा गुरुङ र माओवादी उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, महासचिव देव गुरुङलगायतका नेताहरू वाम गठबन्धन हुनुपर्ने पक्षमा छन् । तर, एमाले अध्यक्ष ओली र माओवादी अध्यक्ष दाहालको यसमा खासै रुचि देखिएको छैन । एमाले र माओवादी नेताहरूका अनुसार ओली र दाहालको स्वार्थ नमिल्दासम्म मिल्ने सम्भावना छैन ।

२०७७ फागुन २३ मा सर्वोच्चले एमाले र माओवादी ब्युँताउने फैसला गरेपछि अलग भएका यी दुई नेता एकले अर्कालाई कमजोर बनाउने रणनीतिमै छन् । 'केपीजी र प्रचण्डबीच सत्ता स्वार्थ नमिल्दासम्म गठबन्धन हुने सम्भावना देखिँदैन,' माओवादीका एक नेताले भने ।

माओवादी महासचिव देव गुरुङले वामपन्थी सहकार्यबारे कुनै कुराकानी नभएको बताए । एमाले प्रचार विभाग उपप्रमुख विष्णु रिजालले चुनावअघि कांग्रेससित गठबन्धन गरेको माओवादीसँग तत्काल सहकार्यको सम्भावना नभएको बताए । 'चुनावअघि माओवादी र एकीकृत समाजवादी गुन्टा कसेर कांग्रेससँग मिले, अहिले एमालेसँग कसरी सहकार्य हुन्छ र ?' उनको प्रश्न छ ।

# जितपछि जोगीको खोजी

**विनोद भण्डारी** (विराटनगर)

निर्वाचित भएलगत्तै योगेन्द्र मण्डल (जोगी) लाई अन्तिममा ७७ रहेको मोबाइल नम्बरबाट फोन आयो । उनले उठाएनन् । लगत्तै एमाले अध्यक्ष केपी शर्मा ओलीका प्रेस संयोजक चेतन अधिकारीले फोन गरे । उठाए र बधाई ग्रहण गरे । 'पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री ओलीले कुरा गर्न चाहनुभए पनि फोन उठाउनुभएन छ,' अधिकारीले सन्देश छाडे, 'अन्तिममा ७७ भएको नम्बरबाट फोन आउँछ उठाउनुहोला ।'

जवाफमा जोगीले भने, 'मलाई अहिले उहाँसँग कुरा गर्ने जरुरत छैन, साथीहरूसँग गेट टुगेदरमा छु, आवश्यक परे पछि कुरा गरौंला ।' अधिकारीको अनुरोधपछि उनले थपे, 'ठिकै छ, फोन गर्न लगाउनुस्, अनुकुल भएमा उठाऊँला ।' ओलीको फोन भनेपछि जोगी केही क्षण बिच्किए । विगतमा एमालेलाई सहयोग गरे पनि अन्तिममा जसपासँग गठबन्धन गरेर जसपाका मोरङ जिल्ला अध्यक्ष राजकुमार यादवलाई टिकट दिएपछि उनी एमालेसँग रुष्ट छन् । यही असन्तुष्टिपछि उनले मोरङ-५ बाट प्रतिनिधिसभा सदस्यमा स्वतन्त्र उम्मेदवारी दिए र विजयी पनि भए । उनी निर्वाचित भए लगत्तैदेखि पूर्व संलग्न पार्टी एमालेसहित कांग्रेस र माओवादीका शीर्ष नेताले आ-आफ्नो दललाई सहयोग गर्न भन्दै उनीसँग सम्पर्क गर्न खोजिरहेका छन्, तर उनले कसैलाई वास्ता गरेका छैनन् ।

यसअघि नै उनलाई माओवादी अध्यक्ष पुष्पकमल दाहालको फोन आएको थियो, तर उनले कुरा गर्न इन्कार गरे । दाहालका सहयोगीले फोन गराउन चाहे पनि उनले 'अहिले कुरा गर्ने पक्षमा नरहेको' भन्दै टारे । पछिल्लो पटक एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पनि जोगीलाई फोन गरे । बधाई दिँदै उम्मेदवारीको सवालमा पार्टीबाट गल्ती भएको स्वीकार गरेको जोगी बताउँछन् ।



त्यसलगत्तै कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको नाम लिएर उनका सहयोगीको फोन आयो । उनले पनि बधाई दिँदै कांग्रेसलाई सहयोग गर्न आग्रह गरे । एमाले केन्द्रीय सदस्य विनोद ढकालले जोगीको घरमै पुगेर बधाई दिँदै पुरानो घरमा फर्कन आग्रह गरे ।

'प्रायः सबै शीर्ष नेताको फोन आएको छ तर मैले कसैलाई पनि वचन दिएको छैन,' जोगी भन्छन्, 'आफ्नो क्षेत्रका सहयोगी र मतदाताको सुझावअनुसार अघि बढ्नेछु । अहिले कुनै पनि दल नजिक हुने कल्पना गरेको छैन, म स्वतन्त्र नै रहन्छु ।'

विज्ञान संकायमा स्नातक ५१ वर्षीय उनी जीवन विकास समाज लघुवित्तका सञ्चालक हुन् । मोरङ-५ बाट एमालेले उनलाई टिकट दिने पक्कापक्की थियो तर उम्मेदवारी मनोनयनको अघिल्लो दिन एमाले-जसपा गठबन्धनमा यो क्षेत्र जसपालाई परेपछि जोगीले स्वतन्त्रबाट उम्मेदवारी दिए । २१ हजार ८ सय २० मतसहित उनी विजयी हुँदा सत्ता गठबन्धन माओवादीका शिवकुमार मण्डलले १७ हजार ४ सय ८६ र एमाले-जसपा गठबन्धनबाट जसपाका राजकुमार यादवले १७ हजार ३ सय ९० मत पाए ।

# सत्ता गठबन्धनलाई...

तर, उक्त पार्टीले राखेको 'सर्त' तत्काल कार्यान्वयन गर्न गठबन्धनलाई जटिलता परेपछि जनमत पार्टीलाई सरकारमा ल्याउन सक्रियता बढेको हो । चार सिट रहेको नागरिक उन्मुक्ति पार्टीले सरकारमा सहभागी हुन फौजदारी मुद्दामा जेलमा रहेका चौधरीलाई रिहाइ गर्नुपर्ने 'सर्त' गठबन्धनका नेतासँग राख्दै आएको छ । प्रदेश सरकारमा पनि जनमत पार्टी सरकार निर्माणका लागि निर्णायक शक्ति बनेको छ । प्रदेश प्रत्यक्षतर्फ ७ सिट र समानुपातिकतर्फ ४ सिट पाउने देखिन्छ ।

सरकार निर्माणको पहलसँगै मुख्य पदहरूको भागबन्डा मिलाउन सत्ता गठबन्धनका नेताबीच अनौपचारिक संवादसमेत सघन ढंगले अघि बढेका छन् । सरकारको नेतृत्व कांग्रेस र माओवादीबीच आलोपालो गर्ने गरी सहमति जुटाउने प्रयास भइरहेको बालुवाटार स्रोतले बतायो ।

ठूलो दलको हैसियतमा कांग्रेसले पहिलो र माओवादीले दोस्रो चरणमा सरकारको नेतृत्व लिने गरी समझदारी बनाउने प्रयास भइरहेको स्रोतको भनाइ छ ।

एकीकृत समाजवादीका एक मन्त्रीका अनुसार पहिलो चरणमा कांग्रेसले सरकारको नेतृत्व गर्ने, माओवादीले राष्ट्रपति लिने र एकीकृत समाजवादीले सभामुख लिने गरी छलफल अघि बढिरहेको छ । 'समझदारी भइनसके पनि यसै दिशामा छलफल चलिरहेका छन्,' उनले भने ।

सरकार नेतृत्वको विषय मात्रै नभई राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, प्रदेश सरकारमा मुख्यमन्त्री र प्रदेश प्रमुखलगायतका पद प्याकेजमै सहमति जुटाउने गरी नेताले छलफल केन्द्रित गरेका हुन् । प्रधानमन्त्रीका तर्फबाट कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले बिहीबार खुमलटारस्थित निवासमा पुगेरै माओवादी अध्यक्ष दाहालसँग लामो छलफल गरेका छन् । गठबन्धनको निरन्तरता र सरकारमा अन्य दललाई सहभागी गराउने विषयमा छलफल केन्द्रित भएको खड्काले बताए । 'अनौपचारिक रूपमा छलफल भइरहेको छ । प्रत्यक्ष र समानुपातिकतर्फको सम्पूर्ण परिणाम आइसकेपछि औपचारिक रूपमा छलफल हुन्छ,' उनले भने, 'गठबन्धन दलबीच कुनै समस्या छैन । सरकारको नेतृत्व लिने विषयमा पनि असमझदारी छैन, सबै सहमतिबाट अघि बढ्छ ।'

माओवादी महासचिव देव गुरुङले भने कांग्रेसले पहिलो चरणमा सरकारको नेतृत्व लिने विषयमा पार्टीभित्र कुनै खालको कुराकानी नभएको बताए । 'प्रधानमन्त्री को हुने, अरू पद क-कसले लिने भन्ने विषयमा अहिले छलफल भएकै छैन,' उनले भने, 'हचुवाका आधारमा फलानो ढिस्कानो हो भन्ने कुरा हुन सक्दैन । जसको विचार हो, उसैको नेतृत्व हुनुपर्छ भन्ने माओवादीभित्र पहिल्यैदेखिको मत हो । पछिल्लोपटक यो गठबन्धनको वैचारिक धरातल र जग माओवादीले निर्माण गरेको हो ।'

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

6th TIME

PROUD RECIPIENT OF

"BANK OF THE YEAR AWARD"



NIBL wins the prestigious Financial Times "Bank of the Year 2022" award as the Best Bank of Nepal for the 6th time. An amazing feat and a matter of pride for our shareholders, valued customers, regulators, dedicated staff and all stakeholders. Thank you all.

ICRA NEPAL



# सिन्धुली अस्पतालमा फोहोर प्रशोधन मेसिन

**राजकुमार कार्की** (सिन्धुली)

सिन्धुलीमाडी अस्पतालले फोहोरको वर्गीकरण गरेर त्यसको व्यवस्थापन र प्रशोधन सुरु गरेको छ। औषधिका प्याकेट, सलाइनका बोतल, सिरिन्ज, पानीका बोतललगायत फोहोरलाई संकलन केन्द्रमा भण्डारण पछि वर्गीकरण गरेर पुनः प्रशोधन गर्न लागिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रल्हाद पोखरेलले बताए। 'अन्य फोहोरभन्दा अस्पतालजन्य फोहोर बढी संक्रमणयुक्त र घातक हुन्छ। उक्त असर हुन नदिन व्यवस्थापनमार्फत फोहोरलाई मोहोरमा परिणत गर्न थालिएको हो,' उनले भने, 'यस्तो फोहोर व्यवस्थापनमा कर्मचारी भने अपुग छन्।'

फोहोरको वर्गीकरण र प्रशोधन गर्न अत्याधुनिक मेसिनको प्रयोग गरिएको छ। स्वास्थ्य सेवा विभागअन्तर्गतको फोहोर व्यवस्थापन महाशाखाका प्राविधिक नविनलाल अमात्यका अनुसार अटोक्लेभ मेसिनले कागज, प्लास्टिक र धातुजन्य पदार्थ पहिचान हुने भएकाले व्यवस्थापनमा सजिलो हुन्छ। 'प्लास्टिक हो भने पुनः प्रयोगमा ल्याउन मिल्यो,' उनले भने, 'मेटल हो भने किलोको हिसाबमा बिक्री गर्न मिल्छ। अन्य फोहोरबाट वर्गीकरण भएपछि आम्दानी लिन सकिन्छ।'

> फोहोर वर्गीकरण प्रशोधनबाट संक्रमण न्यूनीकरण र आयआर्जनसमेत हुने

शून्य फोहोरको अवधारणाअनुसार संक्रमित फोहोरलाई मेसिनबाटै निर्मलीकरण गरिने फोहोर व्यवस्थापन केन्द्र निर्माणमा प्राविधिक सहयोग गरेको हेकाफका कार्यक्रम प्रबन्धक श्रावस्ती कर्मचार्यले बताए। सिन्धुलीमाडीमा रहेका सरकारी तथा निजी स्वास्थ्य संस्थाले समेत सदस्य बनेर फोहोर संकलन केन्द्रमा जम्मा गर्न सक्ने उनको भनाइ छ। 'स्वास्थ्यजन्य फोहोर अब नगरपालिकाले उठाउनुपर्ने झन्झट सकिएको छ। स्वास्थ्य संस्थाहरूले दैनिक वा दिन बिराएर फोहोर संकलन गरी केन्द्रमा ल्याए मात्र हुन्छ,' उनले भने।

फोहोर संकलन केन्द्रको स्वास्थ्य सचिव डा. रोशन पोखरेलले बुधबार उद्घाटन गरे। संकलन केन्द्र र मेसिन जडान गर्न प्लान इन्टरनेसनल नेदरल्यान्ड्स र वास एसडीजीले २ करोड रुपैयाँ खर्चिएका अस्पतालले जनाएको छ। यही रकमबाट सुनकोसी गाउँपालिकास्थित स्वास्थ्यचौकीमा समेत फोहोर व्यवस्थापन केन्द्र निर्माण र वर्गीकरण गर्ने मेशिन जडान हुने बताइएको छ।

# पुनः निर्वाचनमा ५० प्रतिशत मात्रै मतदान

## १० केन्द्रमा कुल ८ हजार ५ सय १४ मतदाता रहेकामा ४ हजार २५७ जना सहभागी, मताधिकार प्रयोग गर्ने सबैजसो महिला



दोलखाको बैत्यश्वर मावि मतदान केन्द्रमा बिहीबार पुनः मतदान हुँदै। *तस्बिर : केदार/कान्तिपुर*

**केदार शिवाकोटी** (दोलखा)

कडा सुरक्षाका बीच दोलखाका ४ मतदानस्थलका १० वटा केन्द्रमा बिहीबार शान्तिपूर्ण रूपमा पुनः निर्वाचन सम्पन्न भएको छ। ८ हजार ५ सय १४ मतदाता रहेका यी मतदानस्थलमा बिहीबार झन्डै ५० प्रतिशत अर्थात् ४ हजार २ सय ५७ मत खसेको मुख्य निर्वाचन अधिकृत दिल्लीरत्न श्रेष्ठले जानकारी दिए। उनका अनुसार क्षेत्र-१ (१) मा पर्ने बैत्यश्वर गाउँपालिका-६, ३ र २ का ८ वटा मतदान केन्द्र र तामाकोसी गाउँपालिका-२ जफेको हेल्थपोस्ट मतदानस्थलका २ केन्द्रमा मतदान भएको हो।

मताधिकार प्रयोग गर्नेमा धेरैजसो महिला थिए। उनीहरूले शान्तिपूर्ण रूपमा मतदान गर्न पाएकोमा खुसी व्यक्त गरे। वैत्यश्वर-३ मिर्गेकी ५० वर्षीया गापिनी खड्काले यतिधेरै सुरक्षाकर्मीका बीच पहिलोपटक मतदान गरेको अनुभव सुनाइन्। यो मतदानस्थलका ३ वटा केन्द्रमा १ हजार २ सय ३८ मत खसेको छ।

गत मंसिर ४ मा सम्पन्न निर्वाचनका क्रममा जिल्लाका १० केन्द्रमा त्रुटि देखिएपछि निर्वाचन आयोगले बिहीबार पुनः मतदान गराएको हो। निर्वाचनका दिन अशान्त बन्ने यी मतदानस्थल बिहीबार भने दिनभर शान्त थिए। मतदातामा हुने त्रास कम गर्न टोलटोलमै सुरक्षाकर्मी परिचालन गरिएको दोलखा प्रहरीका डीएसपी गंगाप्रसाद पौडेलले बताए।

यसअघि वैत्यश्वर-६ मा बुथ कब्जा गरेर मतपेटिका फुटाइएको थियो। यसैगरी, जफेको हेल्थ पोस्टमा अत्यधिक मत र वैत्यश्वर-३ मा मतपत्रको अर्धकट्टी नै हराएको भेटिएको थियो। वैत्यश्वर-२ मा मतदातालाई मत हाल्न नदिएपछि कम मत खसेको तथ्यको आधारमा आयोगले पुनः निर्वाचन गराउने निर्णय लिएको हो।

## हार्दिक श्रद्धाञ्जलि



जन्म
वि.सं. २०२४/०७/०७

स्वर्गारोहण
२०७९/०८/०४

**स्व. राजाराम पुडासैनी**

२०५४ सालमा साविक डाँछी गाउँ विकास समितिका जननिर्वाचित गाविस अध्यक्ष एवम् कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ५ का निवर्तमान अध्यक्ष तथा नगर प्रवक्ता **राजाराम पुडासैनी**को मिति २०७९ मंसिर ४ गतेका दिन असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै दुःखको यस घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी कामना गर्दछौं।

**कागेश्वरी मनोहरा नगरपालिका**
**थली, काठमाडौं।**

**उपेन्द्र कार्की**
नगर प्रमुख

**शान्ता थापा**
नगर उपप्रमुख

| | |
|---|---|
| मुकुन्द प्रसाद गजुरेल | अध्यक्ष वडा नं. १ |
| सुरज खड्का | अध्यक्ष वडा नं. २ |
| राममणि पुडासैनी | अध्यक्ष वडा नं. ३ |
| धन बहादुर श्रेष्ठ | अध्यक्ष वडा नं. ४ |
| शंकर पाण्डे | अध्यक्ष वडा नं. ५ |
| प्रकाश फुयाल | अध्यक्ष वडा नं. ६ |
| भिमसेन थापा | अध्यक्ष वडा नं. ७ |
| हरिभक्त पुडासैनी | अध्यक्ष वडा नं. ८ |
| अनिल थापा | अध्यक्ष वडा नं. ९ |

तथा
**समस्त नगरपालिका परिवार**

## हार्दिक समवेदना



**जन्मः**
२००४/१०/०४

**स्वर्गारोहणः**
२०७९/०८/०४

**स्व. दील बहादुर दनुवार**

**कान्तिपुर पब्लिकेशन्स्को वितरण विभागमा कार्यरत सहकर्मी बाबुराम दनुवार राईका पूजनीय पिता दील बहादुर दनुवारको असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।**

**कान्तिपुर पब्लिकेशन्स् लि. परिवार**

## छोटकरी

### मलको व्यवस्था गर्न पालिकाको ध्यानाकर्षण

हेटौंडा (कास)- आलु लगाउने सिजन सुरु हुनै लाग्दा पनि रासायनिक मल नपाएपछि थाहा नगरपालिकाका किसान आन्दोलनमा उत्रिएका छन्। समयमै मलको सहज आपूर्ति मिलाइदिन बिहीबार किसान आन्दोलन संघर्ष समितिले नगरपालिकामा ध्यानाकर्षण पत्र बुझाएको छ। आधुनिक कृषि प्रणाली र व्यावसायिक रुपमा किसान आत्मनिर्भर हुनुपर्ने अवस्थामा उन्नत जातको बीउ, मल र बजार व्यवस्थापनजस्ता आधारभूत विषयमै राज्य संवेदनशील हुन नसेको पत्रमा उल्लेख छ। अनुदानमा पाइने मल तेब्बर मूल्य तिरेर खरिद गर्नुपर्ने बाध्यता रहेको किसानहरूको गुनासो छ। 'आलु लगाउन एक किसानलाई ६ बोरादेखि १५ बोरासम्म मल चाहिन्छ। तर, समानुपातिक वितरणको नियमले १० किलो मात्रै प्राप्त हुन्छ। जुन पर्याप्त होइन,' पत्रमा भनिएको छ, 'मलको बाँडफाँट र वितरण आवश्यकता र औचित्यको आधारमा गर्नु जरुरी छ।'

### केयूमा वातावरण अनुसन्धान केन्द्र

काभ्रे (कास)- काठमाडौं विश्वविद्यालय (केयू) मा वातावरणका विभिन्न आयाम र क्षेत्र अध्ययनका लागि अनुसन्धान केन्द्र स्थापना गरिएको छ। कोभिड महामारीका बेला फोहोर व्यवस्थापनको समस्या देखिएपछि यसको उचित व्यवस्थापनका लागि पनि केन्द्र स्थापना गरिएको केयूले जनाएको छ। केन्द्रमा वातावरण संरक्षण, पेसागत स्वास्थ्य जनचेतना र फोहोर व्यवस्थापनको विषयको अध्ययन हुने विश्वविद्यालयका सहायक प्राध्यापक विकास अधिकारीले बताए। उनका अनुसार ३ करोड ११ लाख रुपैयाँ लागतमा भवन निर्माण गरिएको हो।


# वर्गीकृत विज्ञापन

## घर जग्गा

मकवानपुर कटुन्जेवंडा-४, कित्ता-६६, २-१५-३-०, मकवानपुर, नामतारवंडा-७, किता-८०१, ९-८-०-२, मकवानपुर, नामतारवंडा-७, कित्ता-८०३, ०-११-२-०, मकवानपुर, खैराङ्गवंडा-३, कित्ता-७, १-३-२-३, मकवानपुर, खैराङ्गवंडा-३, कित्ता-४२, ६-१४-१-०, मकवानपुर, खैराङ्गवंडा-३ कित्ता-८१, १३-६-०-१, मकवानपुर, कांकडावंडा-७, कित्ता-३५, १८-५-३-३, 9818355868 (प्रदिप), ढुङ्गाखानीजग्गा

मण्डिखाटारफांट मैनालीपुल नजिक ०-३-३-० माबनेको साढेदुईतल्ले घरबिक्रिमा 9851066945

जावलाखेलमा ०-९-३-२ जग्गा 9849449673, 9841287677, 9851333629

2.5 Storeys House in Pavitra Awas Hattibhan 6Anna Land 9803049235

निम्नमध्य वर्गलाई दृष्टिगतगरी सस्तोआवास कार्यक्रम संचालनगर्न उपत्यकाभित्र प्रतिआना मूल्यरु.१लाख सम्मको (५रोपनी देखि १००रोपनीसम्म) बाटो-बिजुली पुगेको आवासिय जग्गाहरू तुरुन्तैचाहियो सम्पर्क: 9802315103

प्रदेशनम्बर-१का विभिन्न क्षेत्रहरूमा घाँसखेतीगर्न उपयुक्त प्रतिबिगाहा १लाखसम्मको मोटरबाटो पुगेको (१००देखि ५००बिगाहा सम्म) अत्तिसस्तो जग्गाहरू तुरुन्तैचाहियो सम्पर्क: 9802315104

जडीबुटिमा जग्गा बिक्रिमा ०-३-३-३ ९८५१०२६६८५

धुलिखेलमा highway जोडेको राम्रो हिमालदेखिने ०-९०-०-० ९८५१०१७९८९

सातदोबाटो स्विमिंग पुलबाट ४००-मि.तल २.५-तल्लेघर बिक्रीमा मुल्य:-२करोड ६०लाख, 9841751440

भक्तपुर सुडाल रातोपाटीनेरी दुईरोपनी बिक्रिमा 9851038976

बाँसबारीमा ३ रोपनी जग्गामा बनेको २.५ तल्ले घर भाडामा ९८४१८९०३२८

बालकोट वडानं.-३, अगाडी ३०-फुटेबाटोमा ०-३-२ माबनेको आधुनिकघर बिक्रीमा 9851088771, 9841668028

बुढानिलकण्ठ देउवाचोक नजिकै ०-५-०-० माबनेको पूर्वमोहडाको आधुनिक नयांबङ्गलो घरतुरुन्तै बिक्रिमा 9808420364

नयाँबानेश्वरमा ०-४-२-० आधुनिक बंगलो 9843670264

घरजग्गा खरिदबिक्री गर्नुपरेमा 9851027364 midaspropertydealer5@gmail.com

पुरानो नैकापमा १३'बाटोको एक कित्ताभित्र ४'बाटोमा २.५तल्ले घर ९८५१०००२९४

बुढानिलकण्ठ पार्कभिलेज होटलनजिकै ९आनाजग्गा बिक्रीमा प्रतिआना५० :लाख 9851087273

**टिकाथलीमा १३ फिटबाटोमा नयाँ तिनतल्ले घर, मुल्य १५५०००००/- ९८४१४२७१८८, ९८५१०३२१५४**

मैतीदेवीको ८आना जग्गा बिक्रिमा ९८५१०८७१७४

बुढानीलकण्ठमा ०-४-०-० जग्गा बिक्रीमा, 9803198714

जावलाखेल कुसुन्तीमा बंगलो ३२५, छम्पीमा ०-१०-२-० आनाकोट८, भरतपुरमा सवा२ कट्ठा जग्गा ५०, ९८५१०५९१७० थापाजी

सतुंगलमा नयाँसुन्दरबस्तीमा ०-७-५-० जग्गा बिक्रिमा ९८४१४६४७३७

धापाखेल स्थित Civil Homes मा ४ आना २ पैसामा बनेको घर बिक्रीमा सम्पर्क नं. ९८६०९२४९६० कृपया दलालले कष्ट नगर्नुहोला

बुढानिलकण्ठमा ०-४-०-० साढेदुई तल्लेघर 9843719587

चितवन सौराहादेखी ३ किमी पुर्व कुमरोज सामुदायीकबन अगाडी ९ कौठाको स्वीटरुम सहितको रिसोर्ट र ३० कट्ठा जग्गा बिक्रीमा,जग्गा प्रतिकट्ठा २६ लाख रिसोटको मुल्य २ करोड साठीलाख 9856028321, 9855027321

## सवारी साधन

2018 Model Scorpio S5 onsale 9851043537

## सम्पर्क

**धेरै सस्तोमा बैक ब्यालेन्स 9851315985**

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

क्रसर ढुंगाखानीमा पार्टनर बस्न इच्छुकले सम्पर्क ९८५१००९१७३

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

Bank Deposite धितोफुकुवा गर्नपरेमा 9851161202

Hometuition 8-12, A-Level, Math, 9843800598

Cash Deposit Without Collateral, 9841756349

जग्गा पार्टनर धितो फुकुवा 9741685515

सस्तोमा धितोफुकुवा Cash Deposited 9851277564

Canada Australia USA PR 01-5915466

धितोफुकुवा नगदडिपोजीट घरजग्गामा व्यापारमा तु.नगद, 9849034192

बैंकमा Cashdeposit धितोफुकुवा लोनतिर्न ९८५१०४५२१८

आकर्षक ब्याज, मुनाफा दिनेगरी दैनिक उपभोग्य बस्तुको कम्पनीलाई लगानी चाहियो ९७६२७८४६५१

## विविध बिक्रीमा

कुर्तापसल बिक्रिमा, बानेश्वर, 9842653142, 9765426288

१४ वर्षदेखि चलिरहेको Travel 9828027798

कलंकी मालपोतसंगै चलिरहेको थकाली भान्छाघर बिक्रिमा मुल्य:आपसी समझदारीमा ९८६०१९११८३, ९८१०१६३०७४

राम्रोसंग चलिरहेको थकाली भान्छाघर बिक्रीमा सिनामंगल, 9848323835

बाईपासमा चलिरहेको क्याफे बिक्रिमा ९८४९८८२१४७, ९८६०३१८३८४

सल्लाघारी भक्तपुर चोकमा होलसेल चल्ने किराना पसल अतिसस्तोमा ९८४९७१८२७१

चलिरहेको खाजापसल बिक्रीमा डिल्लीबजार चारखालचोक पाँचतल्ले बिल्डीङ्ग ९८६०५९३४९९

मलपानी निलबाराही खाजाघर बिक्रीमा 9803002676

अतिव्यस्त ठाउँको सटर बिक्रिमा ९८५१०४३९७०

डल्लुस्थित रेष्टुरेण्ट तुरुन्त बिक्रिमा ९८१३३९७२७४

## निर्माण सफाई

ढलमंगाल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

सेफ्टीटैंकी ढलट्वाईलेट सफाई 9851088270, 9861728599

सस्तोमा ढलट्वाईलेट सेफ्टीटैंकी सफाई ९८४९५०३०१९

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलट्वाईलेट सेफ्टीटैंकी सफाई ९८५१०९६२३३

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

सेफ्टीटैंकी सफाई गाडीमा १५००/- ९८४३७६८७३७

सेफ्टीटैंकी सफाई ठूलोगाडीमा मेसिनबाट ५२५१०९२, ९८५१०२४३६४

सेफ्टीटैंकी सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१५१८२४०१

ढलमंगाल, ट्वाईलेट जामखोल्ने सेफ्टीट्याङ्की 9840540700

धेरैसस्तोमा सेफ्टीट्याङकी सफाईगर्ने 9861928899, 9823859294

ढलट्वाईलेट सेफ्टीट्याङ्की जामखोल्ने सस्तोमा 9841634234, 9841176292

ढलट्वाइलेट मंगालजामखोल्ने, मर्मतनिर्माण, 9851018828, 9841464543

ढलमंगल, सेफ्टीट्याङ्की जामखोल्ने सस्तोमा 9849519040

बोरिङ, डिपबोरिङ ईनारसम्बन्धी सम्पूर्ण कामकोलागि सम्झनुहोस्। 9851149831, 9849506240

## भाडामा

काठमाडौंमा घर, फ्ल्याट लिनुदिनु 9846578599

ज्ञानेश्वरमा 3rd Floor, Office Space, Parking सुविधा भएको 9828027798

पोखरा लेकसाईडमा होटल भाडामा सम्पर्क 9856027119

Shutter in rent, Baluwatar contact, 9851198727

बानेश्वर प्राइमलोकेसनमा अफिसकोलागि फ्ल्याट भाडामा ९८६६८४३७३३, ९८४००७७२५७

कुनैपनि शैक्षिक कार्यक्रम सञ्चालनकोलागि कोठा भाडामा कोटेश्वर 9841206019

Flat भाडामा गौरीघाट 9841280478

पुरानो बानेश्वरमा फ्ल्याट भाडामा सम्पर्क: ९८४९९८०४६९

## चाहियो

गोंगबु अफिसलाई कर्मचारी 17,500/- 9851323953, 01-5905304

कर्मचारी आवश्यकता 22,000/- माछापोखरी 9840902588

कोटेश्वर अफिसलाई १५-कर्मचारी 15,500/- 9862336307, 9813255411

सूर्यविनायक चुनदेवीको बिहानी साकोसलाई केहीबजार प्रतिनिधिहरू चाहियो ९८०१८४६२७७, ०१-५७०८०३८, ९८५१०८४९६५

बल्खुचोकैको अफिसमा विभिन्न कामकोलागी कामदारहरू आवश्यकता 10000-23500/- 9813857764

घरेलु उद्योगमा लगानीगरी घरबाट ३०,०००/- कमाउनकालागि ९८५८०८०४८८, ९८६६९७६८२९

WG कम्पनीलाई 22500/- 9803265959, 9840556123

रेडियोलाई उद्घोषकहरू चाहियो नजान्नेलाई तालिमपछि अवसर 9862791739

घरायसी कामगर्ने महिलाहरू चाहियो ९८१८८५२१७८

होस्टल, स्कुलमा कामगर्ने दिदी आवश्यक, 9840003417

कुक, वेटर, स्टाफनर्स, गार्ड 9749411345

लेडिज वेटर २ चाहियो, नयाँबस्ती, जोरपाटी, ९८४१८२२५६८

एकल ब्रामण महिला आश्रममा खाना बनाउन, 9849530236

चाबहिल रेष्टुरेण्टलाई कुक,हेल्पर लेडिज/जेन्स, 9841743955

खानबस्न महिला कामदार चाहियो ९८११२३२३५५

इन्द्रचोकमा कर्मचारी आवश्यकता 10,000-15,000/- 9801028877

कम्पनीलाई ५०-जना मार्केटिङ्ग १०-डेलिभरी कर्मचारी आवश्यकता 9823486200

सेक्युरीटी गार्ड तुअर्जेन्ट 18000-22000 9823448503

कार्यालय सहयोगी-१, मार्केटिङ्ग स्टाफ-४, गट्ठाघर ९८४४३००४११

कलंकी मालपोत नजिकै टि-आउटलेटलाई कुक-१, हेल्पर-१, ९८५१२१३७८६, ९८०५९७९९६६

भक्तपुर पोल्ट्रीफार्ममा कामदार चाहियो, दम्पत्तीलाई प्राथमिकता 9851169728

तिनकुनेमा चलिरहेको गर्ल्सहोस्टेलमा खाना पकाउने र सरसफाइकालागि महिला कामदार चाहियो, 9868274369

बानेश्वर होस्टेललाई कुक १ र हेल्पर/क्लिनर १ तुरुन्तै चाहियो खानबस्न सुविधासहित मासिक तलव कुक: १५०००, हेल्पर/क्लिनर : १००००, ९८४१२५८६२९

ग्याँसपानी पसलमा कामदार नयाँबानेश्वरचोक 9860260800

म्यानपावर कम्पनीकोलागि अफिस रनर, डकुमेन्ट कन्टोलर चाहियो 9803208757

जंगल रिसोर्ट धुलिखेललाई एफएण्डबि सुपरभाइजर, क्याप्टेन, वेटर खानेबस्ने सुविधा ९८४१३०८८४६, ९८४१३४३२४६, ९८५१०८३४०६

Secondary Level-Part time morning: (Science-1, Social-1, Math-1) Lower Secondary Level: (Social-1, OBTE/Maths-1) Modern Boarding Secondary School, Bhaktapur, 9851161144, 016634927, rajan.kaspal@gmail.com

नयाँबानेश्वरमा म्यानेजर चाहियो Age 30+ Salary 35,000/- to 1 Lac 9810201014

अनुभवी वेटर खानबस्न ९८४९८१८४२९ रातोपुल

५० सेक्युरिटीगार्ड अर्जेन्ट २२,५००/- 9810169528

पढेनपढेका पार्टपाइम कामगर्नेहरू अर्जेन्ट १८,५००/- 9847776910

घरेलु महिला कामदार चाहियो ९८५१०८५४६१

Bachelor Running महिलाकर्मचारी 9851209005 (Thamel)

होस्टललाई कामदार चाहियो रु.१५,०००/- 9840437889

Secondary English and Pre-primary teachers 9851016059 Balkot Bhaktapur

सामाखुसीमा भैसेपाटीमा भूपू गार्ड ९८५१२००५५९

कर्मचारी चाहियो गोंगबुचोक 9861308375, 9802309152

Hostel Warden in Baneshwor 9851226432

गोठाटार फर्निचरकोलागि काउन्टरमा बस्ने केटीमान्छे चाहियो ९८४१९२८५१३

अनुभवी कुक-२, वेट्रेस-२, 9843652175, 9823822986

## मर्मत

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9841050858

ढलट्वाईलेट मंगाल जामखोल्ने 9841881901, 9841256050

जेटमेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9851056662

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सेफ्टीटैंकीसफाई ९८०८८४९४८९

प्लम्बिङ सोलारफिल्टर इनारसफाई ढलमर्मत ९८६१२९२५५९

AC फ्रिज वाशिङ्गमेशिन, गिजर स्पेशलिष्ट ९८४१२४२२६०

## भर्ना

Online BBA/ MBA City Foundation 9841206019

## उपचार

यौनशक्ति Extratime साईजबढाउने Herbal Suppliment ९८५११४७८१०

## बिहावारी

उमेर अनुसार जोडी मिलाउन ९८५११०५२६८

२७बर्ष IT इन्जिनियर USA Citizen क्षेत्रीबरलाई शिक्षित बधुचाहियो 9842981178

अमेरीका, अष्ट्रेलिया, क्यानडा, युकेसिटिजन, अधिकृत हाईप्रोफाईलका २०देखि५५ सम्मका वरवधु चाहिएमा ९८६१३३४२६४

३०बर्षिया अमेरीकानिवासी नेवरवधुलाई वरचाहियो ९८०८९४८३६५

# संवैधानिक आयोग : बजेट न कार्यक्रम

## भाषा आयोगका सदस्यले पाँच महिनादेखि सुविधा पाएनन्

**गणेश राई** (काठमाडौं)

भाषा आयोगमा पाँच सदस्य थपिएको पाँच महिना भयो । तर, ती सदस्यले कार्यकक्ष मात्रै होइन, सेवासुविधासमेत पाएका छैनन् । 'साउन ४ गते शपथ लिँदा त साँच्चै जिम्मेवार पद सम्हाल्न पुगेका छौं भन्ने लागेको थियो,' एक सदस्यले भने, 'तर, नयाँ सदस्यको निम्ति बजेट रहेनछ । के कति सेवा सुविधा पाउँछौं भन्नेसमेत थाहा पाउन सकेका छैनौं ।'

मन्त्रिपरिषद्ले गत असार २७ गते अमर गिरी, कृष्णप्रसाद न्यौपाने, मातृका पोखरेल, गोपाल अस्क र अमृत योञ्जन तामाङलाई ६ वर्षका लागि सदस्य नियुक्त गर्ने निर्णय गरेको थियो । यसअघि आयोगका अध्यक्ष लवदेव अवस्थी र सदस्यमा उषा हमाल नियुक्त थिए । अध्यक्ष अवस्थीको गत भदौमा कार्यकाल सकिएपछि हमालले कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्दै आएकी छन् ।

आयोगले सरकारले वार्षिक बजेटमा विनियोजन गरेको रकम अपुग भएकाले अर्थ मन्त्रालयबाट थप बजेट नआएसम्म नयाँ सदस्यलाई सेवासुविधा दिन नसकेको जनाएको छ । सरकारको वार्षिक बजेट टुंगो लागिसकेपछि सदस्य नियुक्त भएकाले आयोगले चाहिए जति बजेट पाउन नसकेको आयोगका सचिव जयरामी अधिकारी बताए ।

'बजेट बनिसकेपछि पाँच जना सदस्य नियुक्त हुनुभयो,' उनले भने, 'संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा ताकेता गर्दै छौं । बीचमा निर्वाचन आचारसंहिताले ढिलाइ भएको भनेर बुझेका छौं ।' सरकारले वार्षिक बजेटमा भाषा आयोगलाई चालु आर्थिक वर्षका लागि कार्यक्रम शीर्षकमा ५५ लाख रुपैयाँ विनियोजन गरेको छ । 'गत वर्ष डेढ करोड रुपैयाँ थियो, यो वर्ष घटेको छ,' उनले भने, 'अध्ययन अनुसन्धानका कामहरूका निम्ति बजेट ज्यादै न्यून भएको छ ।'

आयोगमा एक सहसचिवसहित ४३ कर्मचारी छन् । सरकारले पर्याप्त बजेट नदिँदा भाषा आयोगले जस्तै अन्य आयोगहरूले पनि स्रोत अभाव खेपिरहेका छन् । सरकारले पर्याप्त बजेट नदिँदा कार्यक्रम, अध्ययन-अनुसन्धान गर्न नसकेको आयोगका पदाधिकारीहरूको गुनासो छ ।

मधेसी आयोगको चालु आर्थिक वर्षमा कार्यक्रम बजेट ७ लाख रुपैयाँ मात्र रहेको अध्यक्ष विजय दत्तले बताए । 'ऐनले निर्दिष्ट गरेका काम अनगिन्ती छन्,' उनले भने, 'तर एउटा कार्यक्रममै सकिने बजेट छ । के गर्ने, के नगर्ने ? राज्यले अन्तर्राष्ट्रिय वाचाअनुसार आयोग गठन गऱ्यो तर काम गर्नका निम्ति बजेट दिएन ।' तथ्यांकअनुसार कुल जनसंख्याको १५ प्रतिशत मधेसी समुदाय छन् । यही समुदायको पहिचान, सशक्तीकरण पहलका निम्ति आयोग गठन भएको हो ।

आयोगको बजेट बढाउन प्रधानमन्त्री कार्यालय, योजना आयोग, संसदीय समितिलगायत निकायको ध्यानाकर्षण गराउँदा पनि बजेट नपाएको उनले बताए । 'हामीले राजीनामा दिएर गयौं भने काम गर्न सकेन भन्ने हुन्छ,' अध्यक्ष दत्तले भने, 'बरु मधेसी आयोग खारेज गरिदिए हुन्थ्यो ।' ऐनअनुसार यी आयोगले कुनै पनि गैरसरकारी संस्थासँग सोझै सम्पर्क गरी काम गर्न पाउँदैनन् ।

राष्ट्रिय दलित आयोगले चालु आर्थिक वर्षमा कार्यक्रम बजेट १४ लाख रुपैयाँ मात्र पाएको अध्यक्ष देवराज विश्वकर्माले बताए । 'माग गरेको तीन करोड हो, तर यत्ति थोरै दिएपछि काम गर्नै असजिलो भएको छ,' उनले भने, 'अर्कोतर्फ सरकारले खर्च गर्न नसकेर विकास बजेट फ्रिज हुने गरेको छ । यता पछाडि परेका समुदायलाई राज्यको हेर्ने दृष्टिकोण नकारात्मक छ ।' कुल जनसंख्याको १३ प्रतिशत हिस्सा ओगटेको दलित समुदायका सीप, क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न सकस भएको उनले बताए ।

आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगर बजेटकै कारण पाँचवर्षे रणनीति कार्यान्वयन गर्न नसकेको गुनासो गर्छन् । 'विस्तृत कार्यक्रम खाकासहित आठ करोड रुपैयाँ माग गऱ्यौं तर ४७ लाख मात्र पाएका छौं,' उनले भने, 'बजेट बढाउनका निम्ति सरकारको ध्यानाकर्षण गराएका छौं ।' आयोगले यो वर्ष आदिवासी समुदायको पुर्ख्यौली थातथलोको अध्ययन, अनुसन्धान, थर सूचीकरण, अमूर्त संस्कृतिको अध्ययन, आदिवासी जनजाति राष्ट्रिय नीति निर्माणका कार्य गर्ने लक्ष्य लिएको उनले बताए ।

राष्ट्रिय समावेशी आयोगका अध्यक्ष रामकृष्ण तिमल्सेना बजेट कटौती भएकाले लक्ष्यअनुसारका काम गर्न बाधा पुगेको बताउँछन् । 'खास गर्नुपर्ने ११ वटा क्षेत्रका काम छन्,' उनले भने, 'गत वर्षभन्दा १० प्रतिशत बजेट काटिएर आएको छ । यो वर्ष करिब ३६ लाख रुपैयाँ मात्र कार्यक्रम बजेट रहेको छ ।' कार्यक्षेत्रको अनुगमन, उच्च शिक्षामा आरक्षण, पिछडा वर्गको थर सूचीकरण, पिछडिएका वर्ग पहिचान, कर्णाली प्रदेशको आर्थिक तथा सामाजिक अवस्थाको अध्ययनलगायत कार्यक्रम प्राथमिकतामा राखेको उनले बताए ।

मुस्लिम आयोगले यो वर्ष कार्यक्रम सञ्चालनका निम्ति ८० लाख रुपैयाँ बजेट पाएको छ । 'हाम्रो उद्देश्य समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक सशक्तीकरणका कार्यक्रम गर्ने हो,' कार्यवाहक अध्यक्ष महमदिन अलीले भने, 'युवा लक्षित लोक सेवाको तयारी कक्षा, महिला सशक्तीकरण, जनचेतनामूलक कार्यक्रम गर्दै छौं ।' यस्तै, यो वर्ष कार्यक्रमका लागि ७६ लाख रुपैयाँ पाएको थारू आयोगले पनि लक्ष्यअनुरूप काम गर्न सकेको छैन । निर्धारित कार्ययोजनाअनुसार इतिहास अध्ययन, प्रथाजनित कानुनको अध्ययन, समुदायमा अन्तरक्रियालगायतका काम अघि बढिरहेको अध्यक्ष विष्णुप्रसाद चौधरीले बताए ।

# प्रतिनिधिसभा र...



**बहादुरसिंह लामा** कांग्रेस, नुवाकोट-२ (२)
**इन्द्रबहादुर बानियाँ** कांग्रेस, मकवानपुर-२ (२)
**बुद्धिकुमार राजभण्डारी** एमाले, सोलुखुम्बु-१ (२)
**दीपेन्द्रकुमार ठाकुर** एमाले, धनुषा-३ (२)
**छत्रबहादुर बम्जन** कांग्रेस, सिन्धुली-२ (१)
**वीरेन्द्रप्रसाद सिंह** कांग्रेस, सर्लाही-४ (१)



**नागेन्द्र साह** कांग्रेस, रौतहट-१ (१)
**तीर्थबहादुर लामा** कांग्रेस, काभ्रे-१ (२)
**पूर्णबहादुर खत्री** कांग्रेस, दैलेख-१ (१)
**देवेन्द्रबहादुर शाही** स्वतन्त्र, जुम्ला-१ (१)
**सुरेन्द्रबहादुर पाल** एमाले, बैतडी-१ (१)

सिक्टा सिँचाइ आयोजना अलपत्र पारेर भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पाण्डेसहित २१ जनाविरुद्ध साढे ८ अर्ब बढी बिगो, त्यति नै जरिवाना तथा २ वर्ष कैद मागदाबीसहित चार वर्षअघि दायर गरेको थियो, विशेष अदालतले गत असार ५ मा उनीहरूलाई सफाइ दिए पनि फैसलाको पूर्ण पाठ आएपछि अख्तियार सर्वोच्च अदालत जाने तयारीमा छ । यो मुद्दा दायर भएमा उनी निलम्बनमा पर्नेछन् ।

कान्छाराम कन्स्ट्रक्सनका पूर्णबहादुर तामाङ रामेछापबाट निर्वाचित भएका छन् । कांग्रेसबाट उम्मेदवार रहेका उनले एमालेका कैलाश ढुंगेललाई पराजित गरेका हुन् । ०७४ को निर्वाचनमा पनि कांग्रेसबाटै उम्मेदवार बनेका तामाङ एमालेका श्यामकुमार श्रेष्ठसँग पराजित थिए ।

डोल्पाबाट बुद्ध हिमाली कन्स्ट्रक्सनका धनबहादुर बुढा निर्वाचित भए । एकीकृत समाजवादीबाट उम्मेदवार रहेका बुढाले एमालेका गणेशबहादुर शाहीलाई पराजित गरेका हुन् । ०७४ को निर्वाचनमा उनले एमालेबाट जितेका थिए ।

ठेकेदारकै पृष्ठभूमिबाट आएका कृष्णकुमार श्रेष्ठले पनि बारा-४ बाट जितेका छन् । एकीकृत समाजवादीबाट चुनाव लडेका उनले एमालेका एकवाल मियाँलाई पराजित गरेका हुन् । ०७४ मा उनी कांग्रेसका रामचन्द्र पौडेललाई पराजित गर्दै तनहुँ-१ बाट निर्वाचित भएका थिए ।

निर्माण व्यवसायीको पृष्ठभूमि रहेका राजु थापाले स्याङ्जा-१ मा एमालेका नारायणप्रसाद मरासिनीलाई हराउँदै कांग्रेसबाट चुनिएका हुन् । ०७४ को निर्वाचनमा पनि थापा र मरासिनीबीच नै प्रतिस्पर्धा भएको थियो । त्यतिबेला भने उनी मरासिनीसँग पराजित थिए । थापा स्याङ्जाका कांग्रेस सभापतिसमेत हुन् ।

प्रतिनिधिसभातर्फ जयदेवी एसएस कन्स्ट्रक्सनसम्बद्ध दिक्पालकुमार शाही कांग्रेसबाट दैलेख-२ मा चुनिएका छन् । एमालेका लक्ष्मीप्रसाद पोखरेललाई पराजित गर्दै उनी कांग्रेसबाट सांसद बनेका हुन् ।

आजाद निर्माण सेवामा आबद्ध अम्बरबहादुर रायमाझी उदयपुर-२ बाट निर्वाचित भएका छन् । एकीकृत समाजवादीका जगन्नाथ खतिवडालाई पराजित गर्दै एमालेबाट रायमाझी विजयी बनेका हुन् ।

प्रदेशसभातर्फ पनि निर्माण व्यवसायीको पृष्ठभूमिबाट आएका १८ उम्मेदवारमध्ये ११ जनाले जितेका छन् । ०७४ मा कांग्रेसबाट समानुपातिक सांसद बनेका हिमदुङ एन्ड थोकर प्रालिका बहादुरसिंह लामा अहिले प्रदेश सांसद चुनिएका छन् । नुवाकोट-२ (२) मा लामाले एमालेका विजयसिंह लामा तामाङलाई पराजित गरेका हुन् । उनी यसअघि सांसद हुँदा प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिको सदस्य थिए ।

मकवानपुर-२ (२) मा ठेकेदार पृष्ठभूमिकै इन्द्रबहादुर बानियाँ विजयी भएका छन् । बानियाँ निर्माण सेवा प्रालिका उनी कांग्रेसको वाग्मती प्रदेश सभापतिसमेत हुन् । उनले एमालेका लालबहादुर थापा मगरलाई पराजित गरेका हुन् । अघिल्लो पटक नै मुख्यमन्त्रीका दाबेदार रहेका उनी यसपालि आफ्नो आकांक्षा पूरा गर्ने कसरतमा छन् ।

सोलुखुम्बु-१ (२) बाट त्रिशक्ति निर्माण सेवाका ठेकेदार बुद्धिकुमार राजभण्डारी निर्वाचित भएका छन् । एमालेका उनले माओवादीका शिवबहादुर बस्नेतलाई पराजित गरेका हुन् ।

यसैगरी बीएन बिल्डर्स प्रालिका दीपेन्द्र ठाकुर धनुषा-३ (२) मा एमालेबाट विजयी भए । लोकतान्त्रिक समाजवादीका परमेश्वर साह सुडीलाई पराजित गर्दै उनी निर्वाचित भएका हुन् ।

इम्यानुएल कन्स्ट्रक्सन प्रालिका छत्र बम्जन सिन्धुली-२ (१) मा कांग्रेसबाट निर्वाचित भएका छन् । उनले एमालेका विनोदकुमार खड्कालाई पराजित गरे ।

सर्लाही-४ (१) बाट विशाल कन्स्ट्रक्सन प्रालिका वीरेन्द्रप्रसाद सिंह विजयी भएका छन् । कांग्रेसबाट उम्मेदवार बनेका उनी एमालेका रामबाबु रायलाई पराजित गर्दै निर्वाचित भएका हुन् ।

साह निर्माण सेवा प्रालिका नागेन्द्र साह पनि रौतहट-१ (१) बाट विजयी भएका छन् । कांग्रेसकै उम्मेदवार उनले एमालेका राजकिशोरप्रसाद यादवलाई पराजित गरेका हुन् ।

काभ्रे-१ (२) बाट पनि ठेकेदार पृष्ठभूमिका तीर्थबहादुर लामा विजयी भएका छन् । कांग्रेस जिल्ला सभापतिसमेत रहेका उनले एमालेका चन्द्र लामालाई पराजित गरेका हुन् ।

चालिसे निर्माण सेवाका पूर्णबहादुर खत्री दैलेख-१ (१) बाट प्रदेशसभा सांसद चुनिएका छन् । कांग्रेसका उनले एमालेका धर्मराज रेग्मीलाई पराजित गरे ।

जुम्ला-१ (१) बाट स्वतन्त्र उम्मेदवारी दिएका पुष्प निर्माण सेवामा आबद्ध देवेन्द्रबहादुर शाही पनि कांग्रेसका ललितजंग शाहीलाई पराजित गर्दै विजयी बनेका छन् ।

निगलासैनी निर्माण सेवाका सुरेन्द्रबहादुर पालले बैतडी-१ (१) बाट जितेका छन् । निर्माण कम्पनी भने उनकी श्रीमतीका नाममा दर्ता छ । एमालेबाट चुनावी मैदानमा उत्रिएका उनले स्वतन्त्र उम्मेदवार हरिमोहन भण्डारीलाई हराएका हुन् ।

ठेकेदारहरू संसद् सदस्यमा निर्वाचित हुँदा स्वार्थको द्वन्द्व हुने गरेको स्पष्ट हुँदाहुँदै पनि राजनीतिक नेतृत्वले उनीहरूलाई नै पटक-पटक अघि बढाउँदै आएको छ । आर्थिक प्रभावकै कारण सार्वजनिक सरोकार उपेक्षित हुँदै आएको राजनीतिक दलकै नेता-कार्यकर्ताहरू बताउँछन् । 'ठेकेदारले नेतालाई चुनाव जिताउन पैसा दिन्छन् र त्यसबापत टिकट लिन्छन्,' एक राजनीतिक दलका कार्यकर्ता भन्छन्, 'पार्टीका नाममा वर्षौं झोला बोकेर हिँड्ने कार्यकर्ता भने ठेकेदारका अगाडि सधैं निरीह बनिरहेका छन् ।'

पूर्वसचिव किशोर थापा निर्माण व्यवसायी संसद्मा पुग्नु आफैंमा राम्रो भएको भन्दै मुख्य प्रश्न उनीहरूको व्यवहारमा हुने बताउँछन् । 'प्रचलित संविधानअनुसार जो पनि चुनाव लड्न सक्ने भए, चुनाव लडेपछि जनताले जिताएर पठाउन पनि सक्छन् । चुनाव जितेपछि निर्माण क्षेत्रका समस्या समाधान गर्नेतर्फ लाग्नुपर्नेमा त्यसो नहुनु दुःखद हो,' उनी भन्छन् ।

निर्माण व्यवसायी संसद्मा गएपछि स्वार्थ बाझिने काममा लाग्न नहुने पूर्वसचिव देवेन्द्र कार्कीको सुझाव छ । 'विकास पूर्वाधार जोडिने संसदीय समितिमा उनीहरू बस्नुभएन,' उनी भन्छन्, 'समितिबाहिर बसेर सल्लाह-सुझाव दिन भने सकिन्छ ।' पहिला निर्माण व्यवसायमा संलग्न भए पनि सांसदमा निर्वाचित भएपछि व्यवसाय छाड्नुपर्ने उनको भनाइ छ ।

# हत्या अभियुक्त...

सात वर्षअघि मधेसमा चर्केको सरकारविरोधी प्रदर्शनमा असई विक आन्दोलनकारीबाट मारिएका थिए । महतोलाई योजनाकारका रूपमा प्रहरीले किटान गरेको छ । घटनापछि फरार उनी वारेसबाट मनोनयन दर्ता गराएर मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा महोत्तरी-१ बाट विजयी भएका छन् । आफैं उपस्थित हुँदा पक्राउ पर्ने डरले वारेसमार्फत उम्मेदवारी दिएका उनले निकटतम प्रतिद्वन्द्वी माओवादीका गिरिराजमणि पोखरेललाई पराजित गरेका हुन् ।

महतोलाई विभूषण दिलाउन जनता समाजवादी पार्टीको पनि जोडबल रहेको स्रोत बताउँछ । असोज २७ सम्म उनको दल जसपा सरकारमै थियो । चुनावमा कांग्रेस-माओवादी गठबन्धनसँग सहमति नजुटेपछि जसपाका मन्त्री असोज २७ मा बर्खास्तीमा परेका थिए । त्यसपछि एमालेसँग सम्पर्कमा पुगेका महतो टिकट पाउने सुनिश्चित गरेर मनोनयनको अघिल्लो दिन जसपाबाट अलग भए ।

सशस्त्र प्रहरी बल जिल्ला कमान्ड पोस्ट सुरक्षा बेसक्याम्प जलेश्वर महोत्तरीमा कार्यरत विकलाई मधेसी मोर्चाका कार्यकर्ताले नियन्त्रणमा लिई लाठी, लात्ती, मुक्का हानेर घाइते बनाएका थिए । विकलाई प्रहरीले उद्धार गरी जिल्ला अस्पताल जलेश्वर पुऱ्याएको थियो । त्यहाँ उपचार नभएपछि एम्बुलेन्समा राखेर जनकपुर अञ्चल अस्पताल लैजाने क्रममा प्रदर्शनकारीले एम्बुलेन्सबाट थुतेर महोत्तरीकै धान खेतमा हत्या गरेका थिए । महतोकै योजनामा हत्या गरिएको प्रहरी अनुसन्धानमा उल्लेख छ ।

गृह मन्त्रालयका एक अधिकारीले आपराधिक गतिविधिमा संलग्न भएको पाइएपछि महतोलाई घोषणा गरिएको विभूषण रद्द हुने बताए । 'हत्या अभियोगमा मुछिएका व्यक्तिलाई विभूषण घोषणा हुनुमा कमजोरी भएकै हो, जिल्लाबाट पनि उनको पृष्ठभूमिबारे दोहोरो प्रमाणीकरण हुनुपर्नेमा त्यसो भएको देखिएन,' उनले भने, 'आगामी वैशाख १ मा वितरण गर्नुअघि सूचीमा हेरफेर गरेर गल्ती सच्याउँछौं ।'

महोत्तरीका प्रहरी प्रमुख एसपी कृष्ण पंगेनीले महतो हाल प्रहरीको फरार सूचीमा रहेको र अदालतको आदेश कार्यान्वयन गर्न पहल भइसकेको बताए । 'व्यक्ति हत्या आरोपमा महतो फरार सूचीमा छन् । अदालतले पक्राउ गरी पुर्पक्षका लागि कारागार पठाउन आदेश दिएकाले उनलाई कारबाहीको दायरामा ल्याउन प्रहरी गम्भीर रूपमा लागेको छ,' उनले कान्तिपुरसँग भने ।

विक हत्यासम्बन्धी मुद्दामा महतोलाई जिल्ला अदालत महोत्तरीले २०७६ असोज २ मा १ लाख धरौटीमा छाड्न आदेश दिएको थियो । त्यसविरुद्ध सरकारी वकिलले उच्च अदालत जनकपुरमा पुनरावेदन गऱ्यो । धरौटीमा छाड्ने जिल्लाको आदेश उल्ट्याउँदै उच्चले पक्राउ गरी थुनामा पठाउन आदेश दिएको थियो । तर, उच्चको आदेश तीन वर्षसम्म पनि कार्यान्वयन भएको छैन । महतो खुलेआम सार्वजनिक कार्यक्रममा सहभागी हुँदै आएका छन् । सांसद निर्वाचित प्रमाणपत्र वारेसमार्फत बुझेपछि आयोजित विजयी ऱ्याली/जुलुसमा महतो सहभागी भए पनि प्रहरीले पक्राउ गरेन ।

जिल्ला न्यायाधीश श्यामसुन्दर अधिकारीको इजलासले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ र ७२ बमोजिम १ लाख धरौटीमा छाड्न आदेश दिएको थियो । ड्युटीमा रहेका सुरक्षाकर्मीलाई घाइते अवस्थामा अस्पताल लैजाँदै गर्दा एम्बुलेन्सबाट थुतेर हत्या गरेको जस्तो गम्भीर अभियोग लागेका व्यक्तिलाई धरौटीमा छाड्ने न्यायाधीश अधिकारीको आदेश त्यतिबेलै विवादित बनेको थियो । त्यसपछि सप्तरी र बाँके सरुवा भएका न्यायाधीश अधिकारीलाई गत भदौमा न्यायपरिषद्ले आर्थिक लेनदेनमा संलग्न र कार्यक्षमताको अभाव देखाउँदै बर्खास्त गरेको छ ।







सम्पादकीय

# कामचलाउ हैसियत बिर्सेर प्रहरीमा चलखेल नगर

चुनावी जनादेशअनुरूप गठन हुने नयाँ मन्त्रिपरिषद्लाई शासनको बागडोर हस्तान्तरण गर्न दिनगन्तीमा रहेको वर्तमान कामचलाउ सरकारले नै नेपाल प्रहरीका चार नायब महानिरीक्षक (डीआईजीपी) लाई अतिरिक्त महानिरीक्षक (एआईजीपी) मा बढुवा गर्ने जुन खेल सुरु गरेको छ, त्यो जुनसुकै हालतमा रोकिनुपर्छ । दैनन्दिन प्रशासन चलाउने र शान्ति-सुव्यवस्था कायम राख्ने मात्र अख्तियारी भएको यो सरकारले मुलुकमा दीर्घकालीन प्रभाव पार्ने कुनै निर्णय गर्न पाउँदैन, गर्नु हुँदैन । सरकारले आफ्नो कामचलाउ हैसियत बिर्सेर प्रहरीका उच्च अधिकारीहरूको बढुवा गरिछाड्यो भने तीन दशकयता अविच्छिन्न राजनीतिक हस्तक्षेपले थिलथिलो भएको यो संस्थाको पेसागत साख अझ ओरालो लाग्नेछ । र, यसको इतिहासमा बेथितिको अर्को नकारात्मक नजिर स्थापित हुनेछ ।

अहिले सरकार मात्र कामचलाउ छैन, प्रहरी-प्रशासनको राजनीतिक कमान सम्हालिरहेका गृहमन्त्री बालकृष्ण खाण स्वयंको पदीय वैधतामा प्रश्न छ । चुनावी जनमतबाट अस्वीकृत भैसक्दा पनि नैतिकताका आधारमा राजीनामा दिनुपर्ने आवश्यकता बोध उनले गरेका छैनन् । तैपनि केही दिनमै सत्ता छाड्नुपर्ने कामचलाउ सरकार भएकाले राजीनामा नदिएको हुन सक्ने जुन शंकाको सुविधा उनलाई दिन सकिन्थ्यो, प्रहरी बढुवाको यो खेलले त्यसलाई पनि खण्डित गरेको छ । एआईजीपी बढुवामा आफूखुसी गर्नकै निम्ति उनी पदमा टाँसिइरहेको अब प्रस्ट भैसकेको छ । विधि-व्यवस्था कायम राख्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने सुरक्षा निकायलाई यसरी गिजोल्ने कार्य किमार्थ स्वीकार्य हुन्न ।

भोलिका दिनमा वर्तमान सत्ता गठबन्धनले नै पुन: सरकार किन नबनाओस्, अहिलेका प्रधानमन्त्री शेरबहादुर देउवा नै किन नदोहोरिऊन्, र अहिले ज-जसलाई एआईजीपीमा बढुवा गर्न खोजिएको छ, पदोन्नतिका लागि फेरि पनि उनीहरू नै सर्वथा योग्य उम्मेदवारहरू किन नहोऊन्, सरकार फेरबदलको यो संक्रमणकालमै नयाँ पदसोपान कायम हुने गरी प्रहरी संगठनको उपल्लो संरचना चलाउनु कुनै पनि कोणबाट जायज ठहरिन सक्दैन । आफू पराजित भएकाले भोलिको सरकारमा सहभागी हुन नपाउने र सत्तामा हालकै जस्तो प्रभाव नरहने भएकाले गृहमन्त्री अहिल्यै हतारिएका हुन सक्छन् । या, नयाँ सरकारमा प्रधानमन्त्री र गृहमन्त्री फरक-फरक दलका हुन सक्ने भएकाले प्रधानमन्त्री शेरबहादुर देउवा र मन्त्री खाण दुवैले मिलिजुली मनखुसी गर्न चाहेका हुन सक्छन् । कारण जे भए पनि, सुरक्षा निकायमा दीर्घकालीन असर पर्ने गरी हुन लागेको कुबेलाको यो खेलकुद प्रधानमन्त्रीले जुनसुकै हालतमा रोक्नुपर्छ । आफैंले हरियो झन्डा देखाइसकेका छन् भने प्रधानमन्त्री यसमा सम्हालिनुपर्छ । भोलि आईजीपी नियुक्तिको उम्मेदवार निश्चित गर्ने गरी यही सरकारले एआईजीपीका पदहरू भर्नु हुँदैन ।

एआईजीपीका रिक्त चार पदमा चुनावअगावै बढुवाको प्रयास भए पनि आचारसंहिता र प्रहरी प्रधान कार्यालयको अनिच्छाका कारण रोकिएको थियो । तर, चुनाव सकिएलगत्तै बालुवाटार र गृह मन्त्रालयले दबाब बढाएका हुन् । आईजीपीको असहमतिबीच पनि गृह मन्त्रालयले एआईजीपी बढुवाका लागि निर्वाचन आयोगबाट समेत सैद्धान्तिक सहमति लिएको खुलेको छ । निर्वाचनलाई प्रभाव पार्न सक्ने प्रश्न अहिले नरहे पनि कामचलाउ सरकारलाई चुनावपछि पनि दीर्घकालीन महत्त्वका निर्णय र सरुवा-बढुवा गर्ने छुट छैन । त्यसैले आयोगले सहमति दिएकै भए पनि यो काम अघि बढाउन मिल्दैन । यस्तो कार्य गर्ने अधिकार नयाँ जनादेशअनुरूप बन्ने सरकारलाई मात्रै छ । अतः यो सरकार आफ्नो लक्ष्मणरेखाभित्रै रहनुपर्छ, कार्यवाहक हैसियतको परिधि नाघ्न यसले पाउँदैन ।

अर्को, सरकारको नेतृत्व र गृहमन्त्रीले आफ्नै पार्टीको भ्रातृ संस्थाजसरी मनपरी चलाउँदा प्रहरीको प्रतिष्ठा र प्रभावकारिता दुवै ओरालो लागेको तथ्यबारे वर्तमान प्रधानमन्त्रीजति भलिभाँति जानकार पनि सायद कमै छन् । किनभने, प्रजातन्त्र पुनःस्थापनापछि पहिलो निर्वाचित सरकारकै पालादेखि प्रहरीको सरुवा-बढुवामा खुला रूपमै राजनीतिक चलखेल बढ्न थालेको हो, जति बेला देउवा नै गृहमन्त्री थिए । त्यसयता पटक-पटक प्रधानमन्त्री हुँदा पनि प्रहरी प्रशासनमा उनका चलखेलहरू सतहमा आइरहे । यसर्थ, आफ्नै विगतको गल्ती सच्याउन पनि प्रधानमन्त्री देउवा प्रहरीको पेसागत दक्षता र समग्र संस्थागत विकासबारे चिन्तित हुनैपर्छ । यो संगठनको साख ओरालो लगाउन आफ्नो पनि ठूलो हात रहेको गल्ती महसुस गरी उनले अहिले पाँचौं पटकको प्रधानमन्त्री कार्यकाल टुंग्याउँदै गर्दा फेरि उस्तै भूल नदोहोऱ्याऊन् । कानुन कार्यान्वयन गर्नुपर्ने निकायमा थप बेथिति नहुलून् । अवसर पाएसम्म सत्ताले मनपरी गरेर भुत्ते बनाउँदै गर्दा भोलि यो संस्थाको हालत के होला, उनले मनन गरून् र अहिलेको चलखेलमा अविलम्ब विराम लगाऊन् ।

# जो गतिशील उसकै नेतृत्व



किशोर नेपाल



संघीय गणतन्त्र नेपालको दोस्रो महानिर्वाचनका परिणाम निथारपिथारमा रहेको यो समयमा नेपाली सहरिया समाजका 'प्रतिष्ठित' मानिएका व्यक्तित्वहरूका मनमा स्वाभाविक जिज्ञासा उठेको छ– ओहो, अबको सरकार पनि प्रधानमन्त्री शेरबहादुर देउवाकै नेतृत्वमा बन्ने भो त ! घटनाक्रमको 'स्वतःस्फूर्त' विकासक्रम देखेर प्रधानमन्त्री देउवा आफैं आश्चर्यजनक द्विविधामा परेका होलान् । भाग्यमा छ भने दूध डोकामा दुहे पनि अडिन्छ !

राणा शासनको अन्त्यदेखि नै नेपाल लामो र पट्यारलाग्दो संक्रमणकालीन समयबाट गुज्रिइरहेको छ । २०१५ सालको महानिर्वाचन, २०१७ सालको प्रतिक्रान्ति, २०३६ सालको विद्यार्थी जागरण, २०४२ सालको सत्याग्रह, २०४६ सालको जनआन्दोलन, २०५८ सालमा भएको राजा वीरेन्द्र र उनको सम्पूर्ण परिवारको वंशनाश, २०६२-६३ सालको अर्को निर्णायक जनआन्दोलन – आँखाको नानीजस्तो महत्त्वपूर्ण र सानो यो देशका निर्धन जनताले थरीथरीका दुर्घटना बेहोर्नुपरेको छ । यति बेला नेपाली कांग्रेसका सभापति देउवा प्रधानमन्त्री पदमा छन् । भर्खरै सम्पन्न चुनावमा कांग्रेसले 'उल्लेख्य' विजय हासिल गरेपछि आगामी 'प्रधानमन्त्री' पनि उनी आफैं बन्नुपर्ने परिस्थिति किन बन्न थालेको छ ? आजको विषय यो होइन ।

देउवा पहिलो पटक प्रधानमन्त्री बन्दा तत्कालीन प्रजातान्त्रिक राजनीतिमा 'अछुत' ठानिएको राष्ट्रिय प्रजातन्त्र पार्टीसँग समीकरणमा थिए । दोस्रो पटक प्रधानमन्त्री बनेपछिको समयमा उनले माओवादीसँग शान्तिवार्ताको प्रस्ताव गर्दै जनयुद्धका कमान्डर प्रचण्डको 'साहसिक' व्यक्तित्वको सम्मान गरेका थिए । तर, माओवादीसँग कुरा मिलाउन उनी असफल भए ।

राजनीतिक विश्लेषकहरू देउवाले दोस्रो पटक प्रधानमन्त्री भएको समयमा ती सबै 'वर्जित' काम गरेको आरोप लगाउँछन्, जसको सम्पूर्ण रूपमा आकलन गर्नु निकै कठिन छ । त्यति बेला देउवा नेतृत्वको 'नागरिक' सरकार शाही सेनाको मातहतमा रहेको भान हुन्थ्यो । सिंहदरबारमा रहेको प्रधानमन्त्री कार्यालय सिंहदरबार परिसरभित्रै रहेको राष्ट्रिय सुरक्षा परिषद्को छायामा परेको अनुभव हुन्थ्यो । माओवादी जनयुद्धका पाँच वर्ष बित्दा-नबित्दै तत्कालीन शाही सेना पैंतालीस हजार जवानबाट दोब्बर बढेर नब्बे हजार जवानको संगठित फौज बनेको थियो । त्यही समयमा गठन भएको थियो, पन्ध्र हजार जवान भएको सशस्त्र प्रहरी बल । शान्ति क्षेत्रका रूपमा कहलिएको नेपालजस्तो सानो देशका लागि कति ठूलो सुरक्षा बल !

त्यस बेला प्रधानमन्त्रीका रूपमा देउवाले अमेरिकाका राष्ट्रपति जर्ज डब्लू बुस र बेलायतका प्रधानमन्त्री टोनी ब्लेयरलाई नेपालमा आफ्नो नेतृत्वको सरकारले चलाएको माओवादी आन्दोलनविरुद्धको 'अभियान' अन्तर्राष्ट्रिय आतंकवादविरुद्धको आन्दोलन हो भन्नेमा सहमत गराएका थिए । देउवाको याचनामा अमेरिकाले माओवादीलाई अन्तर्राष्ट्रिय आतंकवादीको सूचीमा राखेको थियो । बुसका विदेशमन्त्री कोलिन पावेल दुई करोड साठी लाख डलरको पोको बोकेर काठमाडौं आएका थिए । यो पैसा शाही सेनाको प्रवर्द्धन र संवर्द्धनमा खर्च गरिएको थियो । यसलगत्तै देउवाले माओवादीका ठूला नेताहरूका टाउकाको मूल्य तोकेका थिए ।

यति भनिसकेपछि प्रधानमन्त्री देउवाका बारेमा थप केही भन्न बाँकी रहँदैन ।

अहिले प्रधानमन्त्री देउवा र माओवादी पार्टीका सर्वोच्च नेता प्रचण्डको गर्दन जोडिएको छ । उनीहरू दुवैको राजनीति एकअर्कामा आश्रित छ । पहिलो संविधानसभाको निर्वाचनमा कांग्रेस र एमालेको साख नराम्रोसँग खस्किएको थियो । अन्तरिम सत्तामा झन्डै एकाधिकार स्थापित गरेका थिए माओवादीहरूले । प्रचण्डको नेतृत्वमा बनेको सरकारमा एमाले गणहरू समावेश थिए । माओवादीहरूले संविधानसभाको निर्माण र गणतन्त्रको पहिलो चुनावमा भएको आफ्नो विजयलाई अन्तिम सत्य भन्ने ठाने । तर, ती दुइटै निष्कर्ष गलत थिए । किनभने माओवादीहरू राज्यको आमूल परिवर्तन गर्न हिँडेका थिए । तर, उनीहरू पशुपतिको भट्ट फेर्ने कुरामा अलमलिए । त्यति बेला परिवर्तित नेपाली राजनीतिका अभिभावकका रूपमा गिरिजाप्रसाद कोइरालाको उपस्थिति थियो । उनको दृष्टिगोचरमा माओवादीहरू नै थिए । माओवादीलाई सरकार र शासनको केन्द्रमा स्थापित गर्न कोइरालाले कडा मिहिनेत गरेका थिए । तर माओवादीहरू विजयको जोसमा यति मस्त भए कि कुनै पनि संग्राममा परिवर्तनकारी शक्तिको विजय एक्लाएक्लै हुँदैन भन्ने तथ्य नै बिर्सिए ।

यो सत्य हो, लगभग तीन हजार वर्षदेखि संस्कृति, सभ्यता र समृद्धिमाथि कब्जा जमाउँदै आएको कुलीन वर्गको स्वामित्वमा रहेको देश नेपालमा आमूल परिवर्तनका संवाहक माओवादीहरू नै थिए । यो कुरा सबैले स्विकारेका छन् । माओवादीको आँटमा गिरिजाप्रसाद कोइरालाको आँट नथपिएको भए सफलताको छेउमा पुगेको परिवर्तन तत्काल धूलिसात् हुन बेर लाग्ने थिएन । देशमा अहिलेको जस्तो सामन्तवादका विरुद्ध चेतनाको गीत गाइने थिएन ।

२०६२-६३ सालको परिवर्तनको प्रतिफलका रूपमा आएको संविधानसभाको निर्वाचनदेखि नै कांग्रेसको मत खुम्चिन थालेको थियो । त्यसरी खुम्चिँदै आएको कांग्रेस देउवा सरकारको नेतृत्वमा भएको अघिल्लो चुनावमा तेइस स्थानमा खुम्चियो । संसद्मा जितको मामिलामा अहिले कांग्रेसको सिउर निकै फुकेको देखिएको छ । कांग्रेस नेतृत्वको गठबन्धनमा रहेका अन्य दलको अवस्थामा तात्त्विक भिन्नता देखिएको छैन ।

तर, कांग्रेस नेतृत्वको गठबन्धनको सफलतालाई कांग्रेसको एक्लो सफलता भन्न मिल्दैन । मुख्य रूपले यो माओवादी, एकीकृत समाजवादी र गठबन्धनमा जोडिएका साना वा ठूला सबै पार्टीको विजय हो । यो कुरालाई कसैले पनि बिर्सिन मिल्दैन ।

चुनाव-शृंखलामा स्पष्ट देखिएको र बिर्सिन नहुने तथ्य के हो भने, माओवादी पार्टी राजधानी काठमाडौं र देशका अन्य प्रमुख सहरी क्षेत्रका मतदाताको छनोटमा परेन । यो अस्वाभाविक होइन । लोकतन्त्रमा सहरिया मत अवसरवादी हुन्छ । यो स्थायी हुँदैन । छिटछिटो बदलिन्छ । यो चुनावको मूलधारमा सहर-बजारका जनता, खास गरी युवा मतदाताले पुराना नेताहरूका नाम सुन्न चाहेको देखिएन । उनीहरूका दृष्टिमा देशमा विकृतिहरूको जन्मको कारक यही नेतृत्व हो । त्यसो भए के नयाँ पुस्ताका प्रतिनिधि पात्रले सरकार बनाए भने देशले आज भोग्नुपरेको समस्या र पीडा 'छुमन्तर की वाचा' होला त ? यसको जवाफ कसैसँग पनि छैन ।

नयाँ नेता र नयाँ दलको नारा लगाउने र आफूलाई स्वतन्त्र बताउने कतिपय युवा यो चुनावमा देशमा स्थापित संघीय प्रणालीको विरोधमा उभिएका छन् । यो देशको विकासका लागि संघीय प्रणालीको विकल्प छैन भन्ने तथ्यको उनीहरूले जानीजानी अवज्ञा गरेका छन् । देशका परिवर्तनकारी भनिने शक्तिहरू संघीय लोकतान्त्रिक गणतन्त्रविरोधीको चक्रव्यूहमा परेका छन् ।

> हामी जहाँ उभिएका छौं, त्यहीं ठाउँमा पत्थरको सालिकजस्तो कति वर्षसम्म गाडिएर बसिरहने ? यो प्रश्नको गतिशील जवाफ जसले दिन सक्छ, नेतृत्व उसैको हातमा सुहाउँछ ।

यो सत्य हो, अहिले देशमा बेइमान राजनीतिको बिगबिगी छ । परिवर्तनकारी शक्ति कमजोर हुँदै गएको छ । कांग्रेस देशभक्तिको बाटामा छ कि राजनीतिक चलखेलमा लागेको छ ? केही ठोस प्रश्नहरूको जवाफ खोज्नु जरुरी मात्रै होइन, अत्यन्त आवश्यक भैसकेको छ । अपदस्थ राजा ज्ञानेन्द्र तथा उनका परिवारका सदस्य मंसिरको पारिलो घाममा कपालको जुम्रा मारेर बसेका छैनन् । राजा ज्ञानेन्द्र आफ्ना अंशियार, भारदार, मतियार र साझेदारहरूको सहयोगमा देशमा स्थापित संघीय राजनीतिक प्रणालीलाई असफल बनाउने चेष्टामा अनवरत लागिरहेका छन् । उनी अहिले आफ्ना पिता राजा महेन्द्रको पदचापमा रमाएका छन् । उनी त्यही अनुरूपको राजनीतिक व्याख्यान तयार पार्दै छन् ।

२००७ सालको क्रान्तिपछि सक्रिय भएको राजतन्त्र र संवैधानिक राजतन्त्रको झन्डै छ दशक लामो मिश्रित शासनकालमा चलेको एकात्मक शासनले कुन जनताको भलाइ गऱ्यो ? भौतिक विकासको मामिलामा देश खुम्चियो कि फैलियो ? यी अहिलेका विचारणीय प्रश्न हुन् । प्रदेश सरकारहरू भ्रष्टाचारमा चुर्लुम्म डुबेको अनुभव सबैले गरेका हुन् । तर, यो परिवेश कसले तयार पारेको हो ? तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको पहिलो कार्यकाल घटनापूर्ण रह्यो । तर, त्यो आफैंमा निरर्थक थियो । ओलीले जानीजानी माओवादीसँगको एकतालाई अलपत्र पारे । जानीजानी संसदीय व्यवस्थाको विघटन गरे । जानीजानी राजनीतिमा विचलन भित्र्याए । र, जानीजानी स्थायी रूपमा देशलाई दक्षिणपन्थी धारतिर धकेले ।

चुनाव सकिएको छैन । विभिन्न पार्टीका समानुपातिक उम्मेदवारहरूको चयन बाँकी नै छ । कुनै पनि पार्टीले संसदीय बोर्ड गठनको तत्परता देखाएको छैन । तर, प्रधानमन्त्री देउवाको नेतृत्वमा सरकार बन्नेबारे समाजमा खासै धरमर छैन । कांग्रेस नेतृत्वको गठबन्धनको सरकारको नेता को हुने ? यसको पहिलो चयन गठबन्धनमा रहेका दलका प्रमुख नेताहरूले गर्ने हो । कांग्रेस संसदीय दलले चाहँदैमा कोही प्रधानमन्त्री बन्ने अवस्था अहिले छैन । त्यसो त कांग्रेसका बयोवृद्ध नेता रामचन्द्र पौडेल, शेखर कोइराला, निर्वाचित महामन्त्री गगन थापा, प्रकाशमान सिंह र शशांक कोइराला कांग्रेस संसदीय दलको नेता बन्न प्रचारबाजीमा जुटेका छन् । तर, अहिलेको परिस्थिति भने यी कसैको पक्षमा अनुकूल देखिँदैन ।

यो सत्य हो, प्रधानमन्त्री देउवाको अनुहार र प्रस्तुति अहिलेको राजनीतिक समयअनुकूल छैन । मानिसहरू आ-आफ्ना एजेन्डासहित मैदानमा उत्रिएका छन् । सत्र वर्षपछि उनीहरू माओवादीले सत्र हजार मानिस मारेको आरोपमा चिच्याउँदै छन् । देशमा हिन्दुत्वको नारा निकै चम्किएको छ । तर, उनीहरूले यो कुरा बुझेका छैनन् कि बाह्र वर्षको जनयुद्धकालमा सत्र हजारको तेब्बर मानिस कालकवलित भएका छन् । माओवादीहरू काठमाडौं उपत्यकामा लोकप्रिय छैनन् होला तर नेपाली गाउँको माटामा उनीहरूले परिवर्तनको सिक्का चलाएका छन् । पछिल्लो समय माओवादी नेताहरूले थोरै भए पनि आफ्ना दोषहरू स्वीकार गरेका छन् । उनीहरू संघीयताको जरो बलियो बनाउन लागेनन् । फलस्वरूप देशमा एक पटक फेरि रुग्णतम साबित भइसकेको विकेन्द्रीकरणको बाजा घन्काउने प्रयास हुन थालेको छ ।

जे जसरी भए पनि देशमा लोकतान्त्रिक गणतन्त्रले जरो गाड्दै छ । जनता आफ्नो राजा आफैं भएका छन् । लोकतन्त्रमा लोकतन्त्रकै विरोध पनि अपेक्षित हुन्छ भन्ने विचार स्थापित भएको छ । एकातिर परिवर्तनका लागि संघर्ष गर्न तयार मानिस उभिएका छन्, अर्कातिर परिवर्तन नरुचाउने वर्गको दबदबा बढ्ला भन्ने डर पनि उत्तिकै छ । चुनावले नेपालको सर्वाधिक महत्त्वपूर्ण भूभाग मधेश प्रदेशमा सीके राउतको राजनीतिक उदय गराएको छ । उनले नेपाल आमालाई गाली पनि गरेका हुन् र देश विभाजनमा लैजाने नारा पनि लगाएका हुन् । तर, यो लोकतान्त्रिक गणतन्त्रकै खुबी हो– उनले समयमै आत्मबोध गरे ।

सरकार कसले बनाउँछ वा कुन पार्टीको नेतृत्वमा सरकार बन्छ ? अहिले यो कुरा महत्त्वपूर्ण रहेन । कांग्रेस नेतृत्वको गठबन्धनलाई कसले प्रभावकारी बनाउन सक्छ ? त्यो नै सरकारप्रमुख हुन्छ । मूलधारको राजनीति चारैतिर छरिएको र अलमलिएको अहिलेको अवस्थामा लोकतान्त्रिक र वामपन्थी विचारको सन्तुलन र समायोजनले मात्रै देश अग्रगामी बाटामा लाग्न सक्छ । नेताहरूले यो कुरालाई आत्मसात् गर्नु अहिलेको आवश्यकता हो । हामी जहाँ उभिएका छौं, त्यहीं ठाउँमा पत्थरको सालिकजस्तो कति वर्षसम्म गाडिएर बसिरहने ? यो प्रश्नको गतिशील जवाफ जसले दिन सक्छ, नेतृत्व उसैको हातमा सुहाउँछ ।

## सम्पादकलाई चिठी

### अभियुक्त जिताउने तन्त्र

हत्या अभियोगमा पक्राउ पर्ने डरले वारिसबाटै उम्मेदवारी दिएर विजयपछि प्रमाणपत्र पनि बुझेका व्यक्ति अब कानुन बनाउने भएका छन् । हत्या र भष्टाचारको मुद्दा खेपिरहेका व्यक्तिहरूलाई देशका ठूला दलहरूले पत्याएर टिकट दिँदा जनप्रतिनिधि बन्न पुगेका छन् । कानुनले दोषी देखेका व्यक्तिहरूलाई राजनीतिक पार्टीहरूले दोषी नदेखेका हुन् वा उनीहरूलाई आफैंले दोषमुक्त गरेका हुन् ? कुनै बेला दलहरूले जवाफ देलान् नै । तर, यस्तै कारण कुनै समय दलहरू नेपालको लोकतन्त्रको संवाहक थिए भन्ने कुरा इतिहासको पानामा सीमित नरहला भन्न सकिन्न । अभियुक्तलाई उम्मेदवार बनाउने दलहरूको निर्णयले अब आम नागरिकले अदालतलाई मान्ने कि राजनीतिक दललाई, पेचिलो प्रश्न खडा भएको छ । साथै दलहरूको नैतिक पतनलाई पनि यसले देखाउँछ । कस्ता मानिसलाई राजनीतिक दलले टिकट दिन्छन् र मतदाताले कसरी मतदान गर्छन्, जिताउँछन् भन्ने हेरेर आम नागरिक छक्क परेका छन् । अतः लोकतन्त्रको योभन्दा ठूलो उपहास अरू के हुन सक्छ ? के हिजो लोकतन्त्र प्राप्तिका लागि आम नागरिकले जीवन उत्सर्ग यसैका लागि गरेका थिए ?

**–रामकृष्ण बराल**, *जोरपाटी-५, काठमाडौं*

### हारेका मन्त्रीहरू अझै पदमा

यसपालिको निर्वाचनमा मतदाताले शक्तिशाली उम्मेदवारहरूभन्दा पनि राम्रो छवि भएकाहरूलाई रुचाए । फलतः धेरै मन्त्री पराजित भए । प्रधानमन्त्रीपछि दोस्रो शक्तिशाली मानिएका गृहमन्त्रीसमेत हार्न पुगे । बालकृष्ण खाँड, पम्फा भुसाल, उमाकान्त चौधरी, जीवनराम श्रेष्ठ लगायत आधा दर्जन मन्त्रीहरू निर्वाचनरूपी परीक्षामा सफल हुन सकेनन् । हारजित आफ्नो ठाउँमा छ, तर राजनीतिमा हुनुपर्ने नैतिकताको प्रश्न अहिले जोडतोलले उठिरहेको छ । विशेषतः हारेका मन्त्रीहरूले राजीनामा नदिएका कारण आलोचना भइरहेको छ । चुनावमा प्रधानमन्त्री नै पनि हार्न सक्थे । तर, नयाँ सरकार गठन नभएसम्म प्रधानमन्त्री कामचलाउ हुने प्रचलन छ । मन्त्रीहरूको हकमा भने तत्काल राजीनामा दिने र मन्त्रालयको जिम्मा कामचलाउ प्रधानमन्त्रीले नै गर्ने चलन छ । निर्वाचनमा हारेका मन्त्रीहरूले राजीनामा नदिनु एक गम्भीर नैतिक प्रश्न हो । आम मतदाताले मन्त्रीहरूबाट नैतिकताको अपेक्षा गर्ने कि नगर्ने भन्ने प्रश्नको जवाफ स्वयम् उनीहरूले नै दिने बेला आएको छ । नेताहरूले नैतिकताको प्रदर्शन गरी आफ्नो राजनीतिक साख जोगाउनुपर्छ । जसरी विगतमा कृष्णप्रसाद भटराई, मनमोहन अधिकारी तथा माधव नेपालले देखाएका थिए । २०६४ सालको निर्वाचनमा एमाले नराम्ररी हारेपछि, नैतिक जिम्मेवारी लिँदै नेपालले महासचिवबाट राजीनामा दिएका थिए । यो एउटा उदाहरण हो राजीनामा दिँदैमा राजनीति सकिँदैन भन्ने । यसर्थ आफूहरूको बाँकी सार्वजनिक जीवन र छवि पछिसम्म उच्च रहोस् भन्ने हो भने हारेका मन्त्रीहरूले अविलम्ब राजीनामा दिई आफ्नो गुम्न थालेको प्रतिष्ठा बचाउनुपर्छ ।

**–गोपाल देवकोटा**, *गोकर्णेश्वर-७, काठमाडौं*

### सुकुम्बासी समस्या संवादबाट समाधान गर

सुकुम्बासी समस्या अहिलेको होइन । यसअघि पनि पटक-पटक देखिएकै हो । सरकारमा पुग्नेहरूले पटकपटक सुकुम्बासीको मत लिए तर उनीहरूको समस्या समाधान गरेनन् । एकातिर वास्तविक सुकुम्बासी कति छन् भन्नेमा सरकार नै अनविज्ञ देखिन्छ अर्कातिर व्यवस्थापनमा पनि चासो छैन । उनीहरूले सुकुम्बासीलाई भोट बैंकका रूपमा लिएको देखिन्छ । सुकुम्बासी भनिएकाहरू पनि आफूहरूलाई सरकारले जग्गा दिएर व्यवस्थापन गर्नुपर्ने माग राख्दै आइरहेका छन् । जो सुकुम्बासी हुन् उनीहरूलाई जग्गा उपलब्ध गराउनु समस्याको समाधान पटक्कै होइन । अहिले जग्गा उपलब्ध गराइयो भने सुकुम्बासी समस्या भविष्यमा देखिरहनेछ र सरकारले सुकुम्बासीलाई जग्गा उपलब्ध गराएको नजिर स्थापित हुन्छ । राजनीतिक आडमा



सरकार जग्गा हड्प्न नक्कली सुकुम्बासी बन्ने, बनाउने खेल नहोला भन्न सकिन्न । बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा सुकुम्बासी समस्या समाधान गर्ने उद्देश्यले नागार्जुनमा सुकुम्बासीका लागि अपार्टमेन्ट बन्यो । तर बाबुराम सरकार ढलेसँगै यो योजनाले पनि गति लिएन । भव्य अपार्टमेन्ट बन्यो तर अहिले रित्तै छ । सुकुम्बासी व्यवस्थापनमा काठमाडौं महानगर अहिले अघि सऱ्यो तर संघीय सरकार मुकदर्शक बनिरहेको छ । एकले अर्कालाई खुच्चिङ गरेर बस्ने र समस्यालाई राजनीतीकरण गर्ने मनसायमा छन् केही व्यक्ति । यो समस्यालाई हल्का ठानेर राजनीतीकरण गर्ने र समय गुजार्ने खेलमा जिम्मेवार राजनीतिकर्मी लाग्नुभन्दा सबैसँग सहकार्य गरेर समाधान गर्नतर्फ लाग्नु बुद्धिमानी हुन्छ ।

**–निश्चल नेपाल**, *मण्डनदेउपुर-१०, काभ्रेपलाञ्चोक*

### नयाँको उत्साह

आवधिक निर्वाचनले पश्चगमन, प्रतिगमन वा अग्रगमनको शंकालाई नामेट गर्दै यथास्थितिमा समयसापेक्ष सुधार, संशोधन, परिमार्जनसहित लोकतन्त्र र संविधानलाई संस्थागत र सशक्त बनाउन मद्दत गर्छ । राम्रो काम गर्नेलाई हौसला र गलतप्रति असन्तुष्टि जाहेर गर्न पनि निर्वाचन जरुरी हुन्छ । पछिल्लो समय विद्यमान राजनीतिक दलसम्बद्ध नेतृत्वप्रति वितृष्ण झल्कन्थ्यो । असन्तुष्टिका स्वर र विकल्प चाहेको देखिन्थ्यो । खास गरेर युवापंक्ति अत्यन्त निराश देखिन्थे । निम्नस्तरको बोली, असहिष्णुता, शक्ति भोगका लागि गरे, गराएका कुकर्म र जनताको भविष्यमाथिको खेलबाडका बावजुद कर्तव्यबोध भएरै होला आम मतदाताशान्तिपूर्ण मतदानका लागि लामबद्ध भए । निर्वाचनमार्फत अहिले राजनीतिमा युवाहरूको प्रवेश आशालाग्दो छ । अब कोही पनि संविधानको बर्खिलाप जान पाइँदैन । अनियमितता तथा भ्रष्टाचार हुनु हुँदैन । गणतन्त्र बहालीपछि आन्दोलनको उद्देश्यविपरीत सधैं कांग्रेस, एमाले, माओवादीजस्ता दलको राजनीतिमा एकाधिकार रहिरह्यो । जनअपेक्षा पूरा भएन । व्यक्तिवादी प्रवृत्ति, कुशासन तथा भ्रष्टाचार झन्झन् बढ्दै गयो । यसले देश, समाज र व्यक्ति कसैको पनि भलो नगर्ने ठहर गर्दै युवापंक्ति जागरुक बन्यो, जनताले पत्याए । जसले निर्वाचन परिणामलाई तरंगित बनायो ।

**–मधुसूदन ओझा**, *विराटनगर-४*

***'एकतिहाइ नयाँ अनुहार : २७ देखि ७३ वर्षसम्मका' समाचारमा facebook.com/eKantipur बाट लिइएका टिप्पणी :***

बधाई छ, पूर्वसभामुख सुवासचन्द्र नेम्बाङ अर्थात् कानुनका ज्ञाताज्यूले सित्तैमा नयाँ सांसदहरूलाई प्रशिक्षण दिनुभयो । नत्र विदेशीसँग ऋण लिएर प्रशिक्षण दिनुपर्थ्यो ।

**–युवराज खड्का**

नयाँ आएर मात्रै के गर्नु ! झापा, रौतहट, गोरखा र डडेलधुराका मतदाताले यो निर्वाचनलाई गम्भीरतापूर्वक लिएका भए नयाँहरू अब सुरु हुने संसदीय फोहोरी खेलको साक्षी भएर किनारामा बस्नुपर्ने थिएन । जनप्रतिनिधिले हाम्रै प्रतिनिधित्व गर्छन्, अब चुकचुकाउनुको अर्थ छैन । जे रोप्यो त्यही फल्यो !

**–समिनसानु घिमिरे**

अब केपी शर्मा ओली, शेरबहादुर देउवा तथा पुष्पकमल दाहाललाई पनि अरूजत्तिकै संसद्मा बोल्ने समयावधि तोकियोस् ।

**–डिल्ली राई भण्डारी**

आफ्ना गुरुले असंवैधानिक तवरले दुईदुई पटक संसद्को हत्याको प्रयास गर्दा त्यो असंवैधानिक कदमलाई समर्थन गर्ने मान्छेले नयाँ सांसदहरूलाई संविधान र कानुनको ज्ञान दिन सुहाउँदैन ।

**–उद्धव दुलाल**

# कांग्रेसमा नवोदित नेतात्रयको परीक्षा



राजाराम गौतम



नेपाली कांग्रेसको प्रधानमन्त्री म्याराथनमा एउटा लोभलाग्दो र विरल दृश्य देखिएको छ। एक महामन्त्री विश्वप्रकाश शर्माको अर्का महामन्त्री गगन थापालाई प्रधानमन्त्री बनाउने अभियान ! नेपाली समाजले दलहरूका समकक्षी नेताहरूको इगो, ईर्ष्या अनि अस्वस्थ गुटबन्दी देखेको छ। त्यसकारण पनि नेतृत्वपंक्तिमा यो स्तरको सहकार्य र मिलाप दुर्लभ लाग्छन्। यस्तो सुन्दर परम्परा थालेर विश्वप्रकाशले नवीन राजनीतिक संस्कारको बीजारोपण गरेका छन्। यो एउटा उदाहणीय कर्म हो। जुन दिन गगनले कान्तिपुर टेलिभिजनको एउटा कार्यक्रममा प्रधानमन्त्रीमा आफूले 'क्लेम' गर्ने बताए, त्यसको केही दिनमै विश्वप्रकाशले भने, 'प्रधानमन्त्रीमा गगनको दाबीले राजनीतिमा प्रकाश दिएको छ।' (कान्तिपुर दैनिक, २०७९ साउन ५)

शालीन मिजासका विश्वप्रकाशले जे बोले, त्यो तत्कालको राजनीतिक खपतका लागि बोलिएको 'सामान्य' अभिव्यक्ति थिएन, विशिष्ट राजनीतिक महत्त्व बोकेको 'स्टेटमेन्ट' थियो। त्यो स्टेटमेन्टले कांग्रेसको अधबैंसे पुस्तामा हुर्किरहेको नवीन राजनीतिक संस्कार प्रतिविम्बित गर्छ। चरम गुटबन्दी र अस्वस्थ प्रतिस्पर्धा, घात-प्रतिघातको इतिहास बोकेको पुरानो लोकतान्त्रिक पार्टी कांग्रेसभित्र यस्तो संस्कार पल्लवित हुनु सकारात्मक पक्ष हो। विश्वप्रकाशसँग पनि प्रधानमन्त्री अथवा पार्टी सभापति हुने महत्त्वाकांक्षा होला तर उनले गगनलाई प्रोत्साहित गरेर प्रशंसनीय संस्कार देखाएका छन्।

नेपाली राजनीतिले 'डेलिभरी' दिन नसक्नुका थुप्रै पक्ष छन्। तीमध्ये एउटा हो– समकक्षी नेताहरूबीचको अस्वस्थ होडबाजी र व्यक्तित्वको 'टसल'। कांग्रेसमा विश्वप्रकाश र गगन महामन्त्री भएपछि धेरैले अडकल काटेका थिए– यी दुवै सभापति र प्रधानमन्त्रीको दौडमा आ-आफ्नै गुट बनाएर अघि बढ्नेछन्। तर, दुवैले एकै ठाउँमा उभिएर त्यस्तो अडकलबाजीलाई गलत साबित गरिदिएका छन्।

चौधौं महाधिवेशनअघि मिडिया विश्लेषणहरूमा एउटा भाष्य निर्माण भयो, 'कांग्रेसको नेतृत्व गगन र विश्वप्रकाशको काँधमा आउनुपर्छ।' कांग्रेसमा हावी वृद्धतन्त्रबाट निराश कार्यकर्ता पंक्ति त्यो भाष्यप्रति आकर्षित भयो र अन्ततः महाधिवेशनले नवोदित नेतृत्वलाई अनुमोदन गर्‍यो। मूल नेतृत्वमा शेरबहादुर देउवा दोहोरिए पनि लोकप्रिय मतसहित गगन र विश्वप्रकाश महामन्त्रीका रूपमा उदाए।

कांग्रेसमा आशा जगाउने पात्रका रूपमा उदाएका महामन्त्रीद्वय पार्टी शिविरबाहिर पनि अधिक रुचाइएका नेतामा पर्छन्। त्यसको पुष्टि कांग्रेसको चौधौं महाधिवेशन र हालैको आम निर्वाचन-२०७९ ले गरिसक्यो। निर्वाचनले दुवै महामन्त्रीलाई बलियो मतसहित अनुमोदन गरेको छ। गगन लगातार तेस्रो पटक मतदाताबाट अनुमोदित भएका छन् भने विश्वप्रकाश पहिलो पटक भारी मतान्तरले संसद् छिरेका छन्।

निर्वाचनले चौधौं महाधिवेशनमा महामन्त्रीका अर्का प्रत्याशी प्रदीप पौडेललाई पनि गगन र विश्वप्रकाशजस्तै आशा गरिएका पात्रको पंक्तिमा खडा गरेको छ। महामन्त्रीको दौडमा पछि परे पनि आम निर्वाचनमा मतदाताबाट अनुमोदित भएपछि कांग्रेसको नेतृत्व पंक्तिमा उनको 'कमब्याक' भएको छ।

समग्रमा निर्वाचन परिणाम कांग्रेसका लागि सुखद रहेन। पाँचदलीय गठबन्धन बनाएर निर्वाचन लडेको कांग्रेस संसद्को सबैभन्दा ठूलो दल त भयो तर अपेक्षा गरिएजस्तो जित हात पार्न सकेन। उसले समानुपातिकतर्फ यसअघि पाएको लोकप्रिय मत मात्रै गुमाएन, प्रत्यक्षतर्फ पनि सोचेजति जितेन। यसका बावजुद कांग्रेसमा केही आशालाग्दा पात्रहरू निर्वाचित भए। तिनमा पनि गगन, विश्वप्रकाश र प्रदीपको जितले कांग्रेस युवा पंक्ति उत्साहित छ।

त्यो उत्साहको एउटै कारण हो– नेतृत्वमा पुस्तान्तरणको अपेक्षा। जसरी पार्टीको नेतृत्व यो पुस्ताको काँधमा आयो, सरकारको नेतृत्व पनि यही पुस्ताले गरोस् भन्ने कांग्रेसको युवा पंक्ति चाहन्छ। सम्भवतः त्यो चाहना बुझेरै गगनले कांग्रेसमा पुस्तैनी टकरावको जोखिम उठाएका छन्। उनले प्रधानमन्त्री एवं पार्टी सभापति देउवालाई चुनौती दिँदै संसदीय दलको नेताको उम्मेदवारी घोषणा गरेका छन्।

अंकगणितको अनुकूलता-प्रतिकूलता नहेरी गगनले संसदीय दलको नेतृत्वमा पुगेर सरकार हाँक्ने जुन अठोट लिए, काठमाडौं क्षेत्र नम्बर ४ का मतदाताले उनलाई तेस्रो पटक मत हाल्ने कारण पाए। पटक-पटक एउटै व्यक्तिलाई किन जिताउने भनेर गम खाइरहेका मतदातालाई गगनले भने, 'म सांसद हुन मात्रै होइन, यस पटक संसदीय दलको नेता हुन चुनिन चाहन्छु।' मतदाताले यसलाई 'पोलिटिकल स्टन्ट' भन्ठानेनन् र गगनलाई फेरि एक पटक विश्वासको मत दिए। उनी अहिले त्यही विश्वासमा खरो उत्रने अभ्यासमा जुटेका छन्।

निर्वाचन परिणामले मिलीजुली सरकार बनाउने म्यान्डेट दिएको छ। कुन-कुन दल मिलेर सरकार बन्छ भन्ने प्रस्ट तस्बिर बनिनसक्दै कांग्रेसमा सुरु भएको प्रधानमन्त्री म्याराथनका दुई पाटा छन्। यो म्याराथनमा शारीरिक अनि राजनीतिक हिसाबले थकित वृद्ध पुस्ताको बाहुल्य हुनु यसको अँध्यारो पक्ष हो भने, कांग्रेसको वृद्धतन्त्रलाई चुनौती दिँदै प्रतिस्पर्धामा एक ऊर्जावान् अधबैंसे सामेल हुनु उज्यालो पाटो हो।

गगनसँग संसदीय दलमा अंकगणितको अनुकूलता छैन, जति देउवासँग छ। अथवा, देउवाले चाहेको अर्को कुनै उम्मेदवारसँग हुन सक्ला। तर गगनसँग प्रधानमन्त्री दाबी गर्ने प्रशस्त राजनीतिक जमिन छ। पहिलो आधार हो– उनमा देखिएको ऊर्जा र आत्मविश्वास। संसदीय दलमा अंकगणितको सुविधा भएका देउवाले निर्धक्क 'यसकारण फेरि प्रधानमन्त्री हुन्छु' भन्न सकिरहेका छैनन्। जनमानसमा उनी प्रधानमन्त्री दोहोरिने कुराले रत्तीभर उत्साह छैन। न उनमा आफ्नो उम्मेदवारीप्रति आम आशा जगाउने खुबी छ न त उनी छैटौं पटक प्रधानमन्त्री बन्नुको औचित्य पुष्टि गर्न सक्छन्। तर, गगन पूर्ण आत्मविश्वाससहित सरकारको ड्राइभिङ सिटमा बस्ने दृढता व्यक्त गरिरहेका छन्। सरकारमा गएर के गर्ने भनेर विज्ञहरूसँगको सहकार्यमा कार्ययोजना (प्रोजेक्ट गभर्नमेन्ट) नै तयार गरिसकेको उनले बताउँदै आएका छन्।

दोस्रो, उनले केही शासकीय अनुभव पनि बटुलिसकेका छन्। डेढ दशकदेखि संसद्मा क्रियाशील उनले छोटै भए पनि आशालाग्दा स्वास्थ्यमन्त्रीको जिम्मेवारी निर्वाह गरेका छन्। तेस्रो, राजनीतिक परिवर्तनपछिको नेतृत्वका उनी एक हकदार पनि हुन्। त्यो किनभने, कांग्रेसलाई अहिलेको राजनीतिक परिवर्तनसँग एकाकार गराउने एउटा श्रेय उनलाई पनि जान्छ। कांग्रेसभित्र गणतन्त्र, संघीयताजस्ता अग्रगामी राजनीतिक मुद्दाका हिमायती हुन् उनी। सबैजसो राजनीतिक आन्दोलनको नेतृत्वदायी भूमिका निर्वाह गरेको कांग्रेसले जन्मसँगै राजासहितको जनउत्तरदायी शासन व्यवस्थाको पक्षपोषण गर्‍यो, गर्दै आयो। तर, राजा स्वेच्छाचारी हुँदै जाँदा कांग्रेसलाई संविधानसभा र गणतन्त्रका पक्षमा उभ्याउन नरहरि आचार्य, गगन थापाहरूले महत्त्वपूर्ण भूमिका खेले। त्यस अर्थमा उनी संघीय गणतन्त्रको नेतृत्वका एक हकदार हुन्।

चार, गगनप्रति व्यापक जनआकर्षण छ। विद्यार्थी राजनीतिदेखि नै आफूलाई प्रखर सम्भावना भएका नेताका रूपमा उभ्याउँदै आएका उनी आशा र भरोसाका पात्र हुन्। जनता उनलाई सुन्न र कार्यकारी शासकीय भूमिकामा परीक्षण भएको हेर्न चाहन्छन्। संसदीय दलको नेतामा प्रतिस्पर्धाको घोषणासँगै सामाजिक सञ्जालमा ओइरिरहेका सद्भाव र समर्थनले उनको आकर्षण पुष्टि गर्छन्। पाँच, उनमा अद्भुत नेतृत्व क्षमता छ। जनतासँग सरल ढंगले साक्षात्कार गर्न सक्ने गुण छ।

> विश्वप्रकाशको इमान र गगनको आत्मविश्वासको सारथि प्रदीप बन्न सके मात्रै कांग्रेस नेतृत्वमा हावी वृद्धतन्त्र किनारा लाग्नेछ। नवोदित नेतात्रयको असली परीक्षा अब सुरु हुन्छ।

राजनीतिशास्त्रका पण्डितहरू भन्छन्– मूलतः नेता तीन किसिमले स्थापित हुन्छ। एक, जो निरन्तर राजनीतिक रूपमा क्रियाशील हुन्छ। दुई, मिथबाट जन्मिन्छ। तेस्रो, चामत्कारिक गुणसहित सृजनशील हुन्छ। गगन मिथबाट बनेका नेता होइनन्। उनीसँग तीन दशक लामो निरन्तर राजनीतिक क्रियाशीलतासँगै सृजनशीलता पनि छ।

संसदीय दलको नेतामा गगनको 'एटम्ट' ले कांग्रेसमा मात्रै होइन, अरू राजनीतिक दलमा पनि पुस्तान्तरणको ढोका खोल्छ। जित्दा त उनी प्रधानमन्त्री उम्मेदवार नै हुनेछन्, संसद्मा बहुमत जुटाउन सके प्रधानमन्त्री पनि होलान्; अंकगणितले साथ नदिएर पराजित नै भएछन् भने पनि उनी नेता बन्नेछन्। तेह्रौं महाधिवेशनमा पहिलोपल्ट महामन्त्रीको उम्मेदवार हुँदा धेरैले उनलाई खिसिट्युरी गरेका थिए। कालान्तरमा चौधौं महाधिवेशनले उनी मात्रै होइन, विश्वप्रकाशसहितको नवोदित नेतृत्वलाई नै स्थापित गर्‍यो।

यो बेला गगन-विश्वप्रकाशहरूको नेतृत्व लोकप्रियताको उचाइमा छ। यो नेतृत्वले आकर्षण र लोकप्रियताको चमकधमकमा रम्दै गर्दा आत्मसमीक्षा गर्नचाहिँ भुल्नु हुन्न। किनभने, गगन र विश्वप्रकाशले पार्टी नेतृत्वमा पुगेर के गर्न सके वा सकेनन्, समाजले त्यसको पनि लेखाजोखा राख्छ। महामन्त्रीद्वयको नेतृत्वमा निर्वाचन घोषणापत्र बन्यो। गगनले स्थानीय तह निर्वाचनको घोषणापत्र बनाउने जिम्मेवारी लिए र विश्वप्रकाशले आम निर्वाचनकै घोषणापत्र निर्माणको नेतृत्व गरे। यद्यपि घोषणापत्रमाथि जुन स्तरको विमर्श हुनुपर्थ्यो, भएन। र, ती कर्मकाण्डमा सीमित भए। राजनीतिलाई मुद्दाप्रधान बनाउन नसक्नु नवोदित नेतृत्वको कमजोरी रहृयो।

महामन्त्रीद्वयले पार्टीको मूल नेतृत्वको कार्यशैलीमा प्रश्न उठाएका छन् तर निर्णय प्रक्रियामा चाहिँदो हस्तक्षेप गर्न सकेनन्, चुके। जस्तो कि, कांग्रेसको तल्लो तहसम्म निर्वाचन गठबन्धन गरेर होइन, एक्लै लड्नुपर्छ भन्ने मत बलियो थियो। त्यो बलियो मत महामन्त्रीद्वयले बलियो गरी बोक्न सकेनन्।

अर्को कमजोरी, कांग्रेसको नीतिगत पुनर्जागरणमा महामन्त्रीद्वयले अपेक्षित भूमिका खेल्न सकेका छैनन्। चौधौं महाधिवेशनको तीन महिनामै नीति महाधिवेशन गर्ने भनियो तर महामन्त्री थापाले पेस गरेको दस्तावेज अझै बेवारिसे छ। सबैलाई ज्ञात छ, कांग्रेसको मूल समस्या नेता र नीतिमै छ। लामो समययता प्रतिक्रियाको राजनीतिमा रुमलिएको कांग्रेसमा नेतृत्वको पुस्तान्तरणसँगै राजनीतिक पुनर्जागरणको खाँचो छ। महामन्त्रीद्वयले आफ्नो प्रबल भूमिका यहाँनेर देखाउन सक्थे, सक्छन्। पार्टीलाई सही ढंगले पुनर्जागरण गर्न तलैदेखि राजनीतिक, सैद्धान्तिक विमर्श गर्ने कि भीडले घेरिनुमै रमाइरहने ? ढिलोचाँडो नेताद्वयलाई यी प्रश्नले लखेट्नेछन्।

नेपालका राजनीतिक नेतृत्वहरूको नकारात्मक पक्ष के हो भने, यी लोकरिझ्याइँमा रमाउँछन्, रचनात्मक आलोचना सुन्दैनन् र प्रचारमुखी चरित्रका हुन्छन्। अवसरवाद र चरम उपयोगितावादले तिनलाई राजनीतिक रूपमा भुत्ते बनाइदिन्छ। प्रचण्ड यसको ज्वलन्त उदाहरण हुन्। कुनै बखत मिथबाट नेता बनेका प्रचण्डप्रति नेपाली समाजमा कम्ती आकर्षण थिएन। रक्तरञ्जित इतिहासको राजनीतिबाट उदाएका प्रचण्डको नेतृत्वमा समाज तरंगित नै भयो। अनेक सामाजिक-राजनीतिक मुद्दा अगाडि आए। राजनीतिको कोर्स पनि फेरियो तर आज प्रचण्ड कहाँ छन् ? उनको छवि सत्ताको दाउपेच र अवसरवादको प्रतीकजस्तो बनेको छ। आशा गरिएका गगन, विश्वप्रकाश र प्रदीपहरूको पुस्ताको सजगता यहाँनेर आवश्यक छ।

कांग्रेसको निर्णायक तहमा अहिले पनि पाकाहरूकै वर्चस्व छ। अहिले उदाएको पुस्ताले त्यो निर्णायक वर्चस्व आफूमा कसरी रूपान्तरित गर्छ ? अहिलेको मुख्य प्रश्न यही हो। कांग्रेसको निर्णय प्रक्रियामा नेतात्रयको निर्णायक भूमिका हुने गरेको इतिहास छ। बीपीको अवसानपछि कांग्रेसमा गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला नेतात्रयको स्थानमा विराजमान थिए। एउटा समयसम्म नेतात्रय निर्णायक तहमा हुन्थे। पार्टीको अन्तर्कलह र गुटबन्दीका कारण पछि सिंह र भट्टराईले कांग्रेस नै छोडे।

गिरिजाप्रसाद कोइरालाको निधनपछि पनि शेरबहादुर देउवा, सुशील कोइराला र रामचन्द्र पौडेल नेतात्रयको स्थानमा थिए। सुशील कोइरालाको निधनपछि कांग्रेसमा नेतात्रयको अवधारणा ओझेलमा परेको छ। के गगन, विश्वप्रकाश र प्रदीपले आफूलाई कांग्रेसमा नवोदित नेतात्रयको स्थानमा पुर्‍याउन सक्लान् ?

धेरै कांग्रेसीजनको नजर नेतृत्वमा उदाएका यी पात्रहरूतिर परेको छ। कांग्रेसमा सुरु भएको नेतृत्व पुस्तान्तरणको मुद्दालाई यो नेतृत्वले कसरी बोक्छ ? कति निर्णायक हुन्छ ? यी नेताबीचको 'ट्युनिङ' उपयोगितावाद र अवसरवादमै गएर टुंगिन्छ कि त्यसले सार्थक परिणाम दिन्छ ? विश्वप्रकाशको इमान र गगनको आत्मविश्वासको सारथि प्रदीप बन्न सके मात्रै कांग्रेस नेतृत्वमा हावी वृद्धतन्त्र किनारा लाग्नेछ। नवोदित नेतात्रयको असली परीक्षा अब सुरु हुन्छ।

ट्वीटर : @Rajaramgautam

# विपद्मा अपांगतामैत्री संरचना



रिना चौधरी

विज्ञान प्रविधिको विकासले विश्व एउटा सानो गाउँजस्तै बन्न पुगेको छ। नवप्रवर्तन प्रविधिले विशेष गरी अपांगता भएका व्यक्तिहरूको जीवनको स्तरोन्नतिमा झनै ठूलो प्रभाव पारेको छ। गुगल मिट, जुम जस्ता सफ्टवेयरले ह्वीलचेयर प्रयोगकर्ताहरूको दैनिकीलाई निकै सघाएका छन्। एन्ड्रोयड फोनमा गुगल एसिस्टेन्ट र आईफोनमा 'सिरी' ले टाइप गर्न नसक्ने वा हात सम्बन्धी समस्या भएका व्यक्तिहरूका लागि धेरै हदसम्म सहज बनाएका छन्। दृष्टिविहीन व्यक्तिहरूले भ्वाइस मेल र दृष्टिविहीनमैत्री सफ्टवेयरको सहयोगले सेयर बजारमै कारोबार गरेको देख्दा अपत्यारिलो लाग्छ। खुट्टा नभएका व्यक्तिले अटोमेटिक गाडी चलाएको देख्दा निकट भविष्यमा विज्ञान प्रविधिले अपांगतामैत्री वातावरण सृजना गर्न ठूलो भूमिका खेल्न सक्छ भन्नेमा दुईमत छैन।

अपांगता भएका व्यक्तिहरूको ३१ औं अन्तर्राष्ट्रिय दिवस ३ डिसेम्बरमा विश्वभरि मनाइँदै छ। अपांगता भएका व्यक्तिहरूको मर्यादित जीवन, अधिकार र कल्याणका लागि सहयोग जुटाउने र अपांगता सम्बन्धी मुद्दाहरूको बुझाइ प्रवर्द्धन गर्ने उद्देश्यले यो दिवस मनाइन्छ। नेपालमा पनि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय अपांग महासंघको सहकार्यमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले 'समावेशी विकासका लागि रूपान्तरित समाधान : पहुँचयुक्त र समतामूलक विश्वका लागि ऊर्जावान् सृजनशीलताको प्रावधान' नाराका साथ अपांगता भएका व्यक्तिहरूलाई लक्षित गरी पहुँच र समावेशी विकास सम्बन्धी साताव्यापी कार्यक्रम हुन लागेको छ।

दिगो विकास हासिल गर्न र शान्ति-सुरक्षा कायम गर्न अपांगता समावेशी मानव अधिकारको सुनिश्चितता आवश्यक हुन्छ। दिगो विकास लक्ष्यमा अपांगता भएका व्यक्तिहरूको पहुँच वृद्धिका लागि नवीन समाधानहरूको खोजीमा जोड दिइएको छ। अपांगता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता न्यायको विषय मात्र नभई साझा भविष्यको पनि सवाल हो। यो सत्य स्विकार्दै हामीले कोही पनि नछुटून् भन्ने यकिन गर्न विपद्मा अपांगता समावेशीकरणका लागि कस्ता रूपान्तरित नवप्रवर्तन समाधान र साझेदारी मौजुद छन् अनि भावी पुस्ताका लागि केकस्तो सम्भावना छ भनी बुझ्न आवश्यक छ।

नेपालको संविधानले 'शारीरिक अवस्था, अपांगता अथवा अन्य कुनै आधारमा भेदभाव गरिनेछैन' भनेको छ। नेपाल सरकारले अपांगता भएका व्यक्तिको अधिकार र विकासका लागि अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि-२००६ मा हस्ताक्षर गरेको छ, जसमा भौतिक वातावरण, सुविधा र सूचना तथा सञ्चारलाई पहुँचयुक्त बनाउने उल्लेख छ। यस सन्धिको अनुमोदनपछि सरकारले अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन-२०७४ र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली-२०७७ जारी गरेको छ। यसले उपयुक्त वातावरण र सामाजिक सहभागिताजस्ता पक्षलाई व्याख्या गरेको छ।

विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई फ्रेमवर्क-२०१५-२०३० अनुसार, महिला र अपांगता भएका व्यक्तिहरूलाई विपद्ले निकै प्रभाव पार्छ। पेरिस जलवायु सम्झौताले पनि जलवायु परिवर्तनजन्य विपद् मानवजातिको साझा चासो हो भनी स्विकारेको छ। पक्षराष्ट्रहरूले जलवायु परिवर्तनलाई सम्बोधन गर्न कदम चाल्दा, मानव अधिकार, स्वास्थ्य सम्बन्धी अधिकार, अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी आ-आफ्नो दायित्वलाई सम्मान, प्रवर्द्धन र विचार गर्नुपर्छ भन्ने पक्ष उजागर गरेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७४ अन्तर्गत परिषद्को गठन तथा काम, कर्तव्य र अधिकारमा विपद्को जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपांगता भएका व्यक्तिहरूलाई राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्थामा समावेश गर्नुपर्ने, प्राथमिकता दिनुपर्ने उल्लेख छ।

विपद् जोखिम न्यूनीकरणमा तुलनात्मक रूपमा प्रगति भए पनि अपांगता भएका व्यक्तिहरूले विभिन्न स्तरमा समस्या र चुनौतीको सामना गर्नुपर्ने अवस्था अझै छ। जस्तो, विपद् पूर्वसूचना प्रणाली र पूर्वतयारीका उपायहरू अपांगतामैत्री बन्न सकेका छैनन्। विशेष गरी दृष्टिविहीन र श्रवणशक्तिविहीन व्यक्तिहरू विपद् पूर्वसूचनाको जानकारीबाट वञ्चित भइरहेका हुन्छन्। नेपालमा अटिजम भएका बालबालिकाको संख्या पनि उल्लेख्य छ। उनीहरूलाई विपद्को सूचना कसरी दिने अझ चुनौतीपूर्ण छ। विपद्पूर्व, विपद्को समयमा र विपद्पश्चात् अपांगता भएका व्यक्तिहरूलाई जोखिम न्यूनीकरणका प्रयासमा सक्रिय सहभागी गराउन अपांगता सहायक प्रणालीको पनि अभाव छ। आपत्कालीन अवस्था अथवा विपद्पछिको उद्धारको समयका र विपद्पछिका आश्रयस्थल लगायतका अधिकांश संरचना अपांगतामैत्री छैनन्। यसबाहेक अपांगता भएका व्यक्तिहरूमा बाह्य वातावरणीय परिस्थितिमा हुने परिवर्तनहरूलाई सामना गर्ने र आफूलाई अनुकूलित बनाउने क्षमताको कमी हुन्छ। सूचनामा पहुँचको अभाव, सीमित गतिशीलता, पहुँचयोग्य पूर्वाधार र सहायक उपकरणहरू नहुनु एवं विपद् सम्बन्धी कार्यक्रमहरूमा सीमित सहभागिता, क्षमता अभिवृद्धि तालिम र अभिमुखीकरण अभावले उनीहरू जोखिममा परिरहेका हुन्छन्।

यस्तो परिस्थितिमाझ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अपांगता भएका व्यक्तिहरूलाई लक्षित गरी विभिन्न कार्यक्रम गरिरहेको छ। प्राधिकरणले भूकम्प प्रभावित जिल्लाहरूमा अपांगता भएका व्यक्तिहरूका घरहरूलाई पुनर्निर्माण गर्दा अपांगतामैत्री बनाउने प्रयास गरिरहेको छ। 'सबैका लागि पहुँचयुक्त घर निर्माण : अपांगता भएका व्यक्तिहरूका आवश्यक सम्बोधन' को तालिम पुस्तिका बनाएको छ। डकर्मीहरूलाई अपांगतामैत्री घर बनाउन यो पुस्तिका सहयोगी हुन सक्छ।

सरकारले अपांगतालाई १० प्रकारमा वर्गीकरण गरेको छ। फरक-फरक अपांगता भएका व्यक्तिहरूका भिन्नभिन्न आवश्यकता हुन्छन्। अपांगताका आयाम पनि फराकिलो हुने गर्छन् र सबै विषयलाई समेट्नु चुनौतीपूर्ण छ। तसर्थ, एउटै प्रविधिले सबै प्रकारका अपांगता भएका व्यक्तिहरूलाई विपद्को पूर्वतयारी तथा प्रतिकार्यमा समाहित गर्न सकिँदैन। अपांगता भएका व्यक्तिहरूको आवश्यकतालाई पहिचान गरी विपद्को पूर्वतयारीका लागि पहुँचयोग्य पूर्वाधार, सहायक उपकरण लगायतका क्षेत्रमा काम गर्नु अपरिहार्य छ। यसका लागि संघ, प्रदेश र स्थानीय तहमा बजेटको व्यवस्था गर्नु पहिलो आवश्यकता हो।

*(चौधरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरणसम्बन्धी सम्पर्कव्यक्ति हुन्।)*

# स्वतन्त्र पार्टी यसकारण सरकारमा जानुपर्छ



जैनेन्द्र जीवन

पाँच-छ महिनाअगाडि मात्र दर्ता भएको, पहिले नामै नसुनिएको दल भएर पनि अनपेक्षित चुनाव परिणामले प्रतिनिधिसभामा चौथो ठूलो दल बनेको छ राष्ट्रिय स्वतन्त्र पार्टी। र अब उसको परीक्षणका दिन सुरु भएका छन्, जुन क्रममा अनगिन्ती समस्या र चुनौती उसले झेल्नुपर्नेछ। जस्तो कि, चुनावी लहरलाई दलीय संगठनमा रूपान्तरण गर्ने चुनौती। स्थापित दलहरूप्रतिको मतदाताको आक्रोशको जगमा प्राप्त चुनावी उपलब्धिलाई अब काम गरेर जोगाउने र विस्तार गर्ने चुनौती। समान राजनीतिक 'विचारधारा' बिना नै एउटै पार्टीमा आबद्ध हुन आइपुगेका सांसदहरूको कसिलो पार्टी बनाउने चुनौती। राज्य सञ्चालन, संसदीय अभ्यासदेखि मुलुकी प्रशासन र राजनीतिको खेलसँग परिचित, अनुभवी र ठूला दलहरूसँगसँगै काम वा प्रतिस्पर्धा गर्नुपर्ने चुनौती। आफूले जनतालाई कबुलेका सुशासन, डेलिभरी र तीव्र विकासका वाचा पूरा गर्न चाहिने राज्यको साधन र संस्थागत क्षमताको कमीको चुनौती, जसको उसलाई राम्ररी भेउ पनि छैन होला। यावत् चुनौतीको प्रकाशमा अब उसको भविष्यको मार्गचित्र के त ? यो प्रश्नमा घोरिँदा सर्वप्रथम, अहिले बन्न लागेको सरकारमा सामेल हुनु उसका र देशका लागि पनि सर्वोत्तम विकल्प हुने यो पंक्तिकारको विचार छ। त्यसका केही कारण छन्, जस्तो–

१. बाहिरै बस्दा सरकारका कामकारबाहीमा आफूले चाहेजस्तो परिवर्तन र नीतिगत-कार्यगत हस्तक्षेप गर्न सकिन्न। संसद्कै फोरमबाट गरिएको नीतिगत हस्तक्षेपको प्रभावकारिता र परिणाम पनि कार्यकारी आधिकार र साधनले युक्त पदाधिकारीको जति हुँदैन, हाम्रोजस्तो तेस्रो विश्वको मुलुकमा।

२. अब कसरी जाने, कुन मन्त्रालय लिने त ? जसको सरकार भए पनि गृह, अर्थ मन्त्रालयजस्ता 'सुपर' मन्त्रालय सानो साझेदार रास्वपाले पाउनेछैन। अहिलेलाई उद्योग वाणिज्य तथा आपूर्ति अनि पर्यटनजस्ता आर्थिक विकाससँग सम्बन्धित मन्त्रालय पनि नलिए हुन्छ। उसले सकेसम्म विकास-निर्माणका काम गर्ने, डेलिभर गर्न सकिने र जनताको प्रत्यक्ष काम परिरहने मन्त्रालय रोज्नुपर्छ; जस्तो– भूमि प्रशासन, यातायात, सहरी विकास, स्वास्थ्य, शिक्षा, कृषि इत्यादि। त्यहाँ हुने भ्रष्टाचार, ढिलासुस्ती, लालफिताशाही, बिचौलियातन्त्र, अकर्मण्यताजस्ता कुरा नियन्त्रण गर्दै कामकारबाही र सेवाप्रवाहलाई जनताले अनुभूति गर्ने गरी चुस्त, जनमैत्री, सहज र सुलभ बनाउँदै लान सके उसले अर्को चुनावमा अहिलेको भन्दा धेरै सिट ल्याउन सक्नेछ।

३. शिक्षा मन्त्रालय लिएर देशभरिका सरकारी विद्यालय र तिनको पठनपाठनको स्तर उकास्न सके, त्यसबाट लाभान्वित नहुने परिवार सायदै हुनेछन् देशमा। र, यो पाँच वर्षभित्र गर्न नसकिने कुरा पनि होइन।

४. स्वास्थ्य मन्त्रालय लिएर सरकारी अस्पतालको सेवालाई सहज, सुलभ, झन्झटरहित र गुणस्तरीय बनाउन सके यसबाट लाभान्वित नहुने मान्छे पनि भेटिनेछैनन् देशमा। र, यो पनि पाँच वर्षभित्र धेरै हदसम्म गर्न सकिन्छ।

५. नापी र मालपोत, यातायात कार्यालयहरूका ताल्लुक मन्त्रालय लिएर त्यहाँ अनलाइन आवेदन र कर भुक्तानीका आधारमा सबै काम घरै बसीबसी सम्पन्न हुने; बिचौलिया, भ्रष्टाचार र ढिलासुस्तीरहित पद्धति बसाल्ने गरे लाखौंलाख सेवाग्राहीले




सो मन्त्रीलाई धन्यवाद दिनेछन्। अहिले गाली खानेले गाली सुन्ने र गालीबाट सिक्ने नगरेकै कारण नयाँ दलहरू उदाएको वास्तविकता उसलाई सम्झाइरहनै परेन।

६. कृषि मन्त्रालय लिएर खेतमा जेटीएदेखि डिपोमा मलसम्म समयमै उपलब्ध गराउन सके लाखौंलाख किसानको मत अर्को चुनावका लागि सुरक्षित हुनेछ। र यो पनि पाँच वर्षभित्र गर्न नसकिने होइन।

यसरी, थोरै मन्त्रालय लिएर पनि राष्ट्रिय स्वतन्त्र पार्टीका मन्त्रीहरूले राम्रो काम गरे भने र त्यो कुरा मिडिया लगायतका अन्य सार्वजनिक वृत्तमा पनि आयो भने त्यसको 'डेमन्स्ट्रेसन' असर जबर्जस्त हुनेछ। ठूला दलहरूसहित गठबन्धन सरकारका अरू घटकका मन्त्रीहरूलाई पनि सुध्रिन कर लाग्छ; अब हामीले पनि राम्रो काम नगरे भोलि चुनाव जितिन्न भन्ने दबाब उनीहरूमा पर्नेछ, जसले जनतामा व्याप्त निराशा र सरकारप्रतिको वितृष्णा कम हुँदै जानेछ र नागरिकको सुशासनको चाहनाको पूर्ति हुने वातावरण बन्नेछ।

हो, राष्ट्रिय स्वतन्त्र पार्टी सरकारमा जानु हुन्न र संसद्मै रहेर आफ्नो क्रियाशीलता देखाउनुपर्छ भन्नेहरू धेरै निस्केका छन्। तर, यहाँ उक्त पार्टीका सबै सांसद सरकारमा जानुपर्छ भनेको होइन। उसै पनि समानुपातिकतर्फको सबै मत परिणाम आइसक्दा २० हाराहारीमा प्रतिनिधिसभा सदस्य हुने दललाई दुई-तीनभन्दा बढी मन्त्री पद दिन्छ नै कसले र ? कांग्रेस, एमाले जोसुकैको नेतृत्वको गठबन्धन सरकार बने पनि उसले पाउने बढीमा दुई-तीन मन्त्रालय नै हो। अनि, कुनै पनि वैचारिक जडता (डग्मा) को सिकार नभएको दल हुँदा जुनसुकै गठबन्धनमा सामेल हुन पनि उसलाई बाधा छैन। यद्यपि हाम्रो राजनीतिक परिवेशमा एउटा निश्चित वैचारिक 'ब्रान्ड' नभएको दललाई न खिसिट्युरी गर्नेहरूको कमी छ न खेदो खन्नेको। यस्तो परिवेश र संस्कृतिलाई तोड्ने दायित्व पनि राष्ट्रिय स्वतन्त्र पार्टीजस्तो दलकै हो। आडम्बरी, विभाजनकारी र म्याद गुज्रेका अनि प्रयोगसिद्ध रूपमा संसारैभर विफल भैसकेका कथित वाद र विचार नै हाम्रो समयको, देशको सबभन्दा ठूला राजनीतिक अभिशाप हुन्। वाद र विचारले दलहरूलाई सत्तास्वार्थका लागि आपसमा मिल्ने छुट दिन्छ, तर राष्ट्रनिर्माणका लागि एक हुन दिँदैन।

एक थरी टिप्पणीकारले राष्ट्रिय स्वतन्त्र पार्टी कुनै हालतमा सरकारमा जानु हुन्न, बाहिरै बसेर संसद् र अन्य फोरमबाट 'जनताको पक्षमा आवाज बुलन्द गर्नुपर्छ' भनिरहेका छन्। तर सरकारमा ऊ जाने भनेको दल, गुट, नेता-कार्यकर्ता र उनीहरूका परिवारजनदेखि समर्थकहरूसम्मको स्वार्थ सिद्ध गर्न जाने होइन, जस्तो कि अरू दल र तिनका पंक्तिले गरे। ऊ सरकारमा जनताका पक्षमा काम गर्न जाने हो। सरकारमा गए पनि संसद्मा उसको भूमिका सशक्त रहने गरी नै जानुपर्छ। उदाहरणार्थ, जनताका पक्षमा आफूले ल्याउन चाहेको विधेयक गठबन्धनका अरूले ल्याउन दिएनन् भने राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरू गैरसरकारी विधेयकका रूपमा टेबल गर्नसमेत पछि पर्नु हुन्न। आफ्ना जनमुखी नीति र कार्यक्रमलाई वार्षिक कार्यक्रममा पारिएन भने वा त्यसमा बजेट दिइएन भने उसका सांसदहरू त्यसमा संशोधन प्रस्ताव ल्याउन पनि पछि पर्नु हुन्न। उनीहरूले संसद्मा खेल्ने भूमिका सरकारमा जाँदैमा खुम्चिनुपर्ने होइन। तर त्यो भूमिका विरोधका लागि विरोध शैलीमा, सदन अवरुद्ध गर्ने शैलीको र निरुद्देश्य होइन, माथि भनिएजस्तो समन्वित र उद्देश्यपूर्ण हुनुपर्छ।

अब प्रश्न, उसलाई अहिलेका गठबन्धनहरूले सरकारमा लिन्छन् त ? बिलकुल लिन्छन्। जसले सरकार बनाए पनि अनेक तानतुन र लेनदेन गरेर, लोभ देखाएर मुस्किलले बहुमत पुर्‍याउने चुनावपछिको गठबन्धनमा २० सांसद भएको दल दुई-तीन मन्त्रालयमै चित्त बुझाएर, अरूले झैं धेरै भागबन्डा नखोजेर सरकारमा आउँछ र त्यसबाट सरकारले स्थायित्व पाउँछ भने उसलाई नलिने त कुरै हुन्न। हो, अरू पुराना दलले झैं व्यक्तिगत र संस्थागत भ्रष्टाचार गर्न; नेता-कार्यकर्ता, शुभेच्छुक र परिवार एवं आफन्तजनको हितमा राज्यको दोहन गर्न; पदको दुरुपयोग गरेर आफ्नो र आफ्नो दल वा गुटको शक्ति सञ्चय गर्न सरकारमा जाने हो भनेचाहिँ बरु नगएकै राम्रो। त्यसो नगरी डेलिभरी, सुशासन, स्वच्छता, द्रुत आर्थिक विकास र राष्ट्रनिर्माणको ध्येय र एजेन्डालाई दृढतापूर्वक लागू गर्ने नै हो भने सरकारमा नजानुभन्दा जानु उचित र उत्तम विकल्प हो। हाल दुवै गठबन्धन सरकार बनाउन बहुमत जुटाउने कसरतमा लागिसकेका हुँदा राष्ट्रिय स्वतन्त्र पार्टीले पनि यस विषयमा निर्णय गर्न ढिलो गर्नु हुन्न।

## Division Forest Office Morang
Biratnagar, Nepal.

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

Date of publication: 2079/08/16

यस कार्यालयवाट प्रकाशित सूचना अनुसार निर्माण तथा स्तरोन्नती कार्य गर्नको लागी आव्हान भएको बोलपत्रको सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रदाताहरुवाट देहाय बमोजिमको बोलपत्रहरु स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७को उपदफा (२) बमोजिम बोलपत्र स्विकृत गर्ने आशयको ७ (सात) दिने सूचना सम्वन्धित सबैको जानकारीका लागी प्रकाशन गरिएको छ।

| S. N. | विवरण | ठेक्का नं | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम भ्याट सहित |
|---|---|---|---|---|
| 1 | CONSTRUCTION OF BUILDING A T SDFO BELBARI, MORANG. | DFO/MOR/NCB/W-1/079/080 | SHANVI ENGINEERING & CONSTRUCTION PVT. LTD., KAGESHWORI MANOHARA-08, KATHMANDU, NEPAL | RS. 79,08,659.26/- |
| 2 | RENNOVATION OF OFFICE BUILDING IN SDFO JANTE, MORANG. | DFO/MOR/NCB/W-2/079/080 | MADI R.K.D. CONSTRUCTION PVT.LTD, ITAHARI-4, SUNSARI. | RS. 18,80,320.96/- |



## PROCUREMENT NOTICE

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

The UNDP Nepal is soliciting bids from interested firms/companies to provide the following goods:

**Reference No.:** Request for Quotation – **UNDP/RFQ/34/2022**
**Project/Agency:** UNDP Nepal Country Office
**Purpose:** Supply and Delivery of 2 units Electric Vehicles for UNDP Nepal
**Deadline for bid submission: 5:00 PM, 12 December 2022, Nepal Time**

**Weblink:** *https://www.undp.org/nepal/procurement*
**Who can apply:** National/International firms/organizations/companies
**How to apply:** As per the instructions in the detailed bidding document.

U N D P



THE LUTHERAN WORLD FEDERATION

## Vacancy Announcement

The Lutheran World Federation (LWF) Nepal is an international, non-governmental humanitarian and development organization that has been working in Nepal since 1984 focusing on Sustainable Livelihood, Quality Services and Protection and Social Cohesion. The LWF Nepal requires that everybody associated with it abide by its Child Protection Policy and the Code of Conduct.

**The Lutheran World Federation Nepal invites applications from all potential Nepali candidates for the following positions.**

1. **Resource Mobilization & Communication Officer, Grade 8 based at Country Office, Kathmandu – 1 position (for female only)**
2. **Project Officer – Economic Recovery Officer, Grade 7 based at Provincial Office East, Damak – 1 position (for female only)**
3. **Information Technology (IT) Associate, Grade 5 based at Country Office – 1 position**

Please refer to **https://nepal.lutheranworld.org/content/announcements-nepal** for the Job Description

**Result oriented Nepalese individual candidates are requested to submit the CV along with the interest letter to Human Resource Department at recruitment.nepal@lutheranworld.org by 9 December 2022**

***Qualified female candidates and candidates from Dalit, Persons with Disabilities, disadvantaged and socially excluded group are strongly encouraged to apply. Only shortlisted candidates will be notified for selection process. Canvassing shall lead to automatic disqualification. Telephone enquiries will not be entertained.***



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
विकास सहायता कार्यान्वयन महाशाखा
## काठमाण्डौ चक्रपथ सुधार योजना
एकान्तकुना, ललितपुर

**कलंकीदेखि महाराजगञ्जसम्मको चक्रपथ सडक खाली गर्ने बारेको अत्यन्त जरुरी सूचना**

सूचना प्रकाशित मिति : २०७९/०८/१६

चीन सरकारको अनुदान सहयोगमा काठमाण्डौ उपत्यकास्थित काठमाण्डौ चक्रपथ सडकको कलंकी-महाराजगञ्ज (Ring Road) सडक खण्डको निर्माण-सुधार-विस्तार कार्य हुने भएकोले यस सडकको केन्द्रविन्दुबाट दायाँ-बायाँ दुवैतर्फ ३१-३१ (एकतिस/एकतिस) मिटरसम्मको सडकको सीमा भित्र स्थायी वा अस्थायी संरचना (मन्दिर/घर/टहरा/घुम्ती बिग्रिएका सवारीसाधन/हार्डवेयरका पसल सामान तथा अन्य प्रकृतिका पसल) राख्न निषेध गरिएको व्यहोरा अवगत गराउदै त्यस्ता संरचनाहरु हटाउन सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिबाट १५ दिनभित्र उक्त क्षेत्रको संरचनाहरु हटाई/उठाई सडक सीमा खाली गर्न अनुरोध गरिन्छ । साथै यस सूचनालाई अटेर गरी उक्त संरचनाहरु नहटाएमा सार्वजनिक सडक ऐन २०३१ को दफा १८ बमोजिम Right of Way खाली गर्न नियमानुसार भत्काई हटाईनेछ। त्यसरी भत्काई हटाउँदा लाग्ने खर्च सम्बन्धित संरचना धनीसँग सरकारी बाँकीसरह असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**योजना प्रमुख**


# चीनमा विरोधपछि लकडाउन खुकुलो

**एजेन्सीहरू** (बेइजिङ)

चीनले विरोध प्रदर्शनहरू देशव्यापी बन्दै गएपछि कोरोना भाइरस नियन्त्रणका लागि जारी गरिएका लकडाउन खुकुलो पारेको छ ।

सांघाई र गोङजाउ सहरका एक दर्जन जिल्लामा लकडाउन हटाइएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । लकडाउन हटाइएका जिल्लामा पछिल्ला केही दिनमा भने भाइरसको संक्रमण बढेको जनाइएको छ । त्यसैगरी चोङकिङगमा पनि लडाउन खुकुलो बनाइएको छ ।

चीनका उपप्रधानमन्त्रीले देशले 'नयाँ परिस्थिति' को सामना गरेको जनाएका छन् । उपप्रधानमन्त्री सन चुनलानले 'भाइरसका कारण हुने मृत्युदर निकै कममा झरेको' भन्दै कोभिड नीति खुकुलो पारिएको बताएका बीबीसीले उल्लेख गरेको छ । पश्चिमी चीनको उरुम्चीमा कडा प्रतिबन्ध जारी रहेका बेला गत साता एक अपार्टमेन्टमा फैलिएको आगलागीमा १० जनाको ज्यान गएको थियो । भाइरससम्बन्धी कडा प्रतिबन्धका कारण उनीहरूको ज्यान गएको भन्दै स्थानीयले चीनको शून्य कोभिड नीतिको विरोधमा प्रदर्शन सुरु गरेका थिए । पछि उक्त प्रदर्शन देशका अन्य सहरहरूमा पनि फैलिएको थियो ।

चिनियाँ अधिकारीहरूले भने भाइरससम्बन्धी प्रतिबन्धका कारण उरुम्चीमा दस जनाको ज्यान गएको अस्वीकार गर्दै आएका छन् । तर

> भाइरसको संक्रमण बढे पनि केही सहरमा लकडाउन हट्यो

आवासीय क्षेत्रमा जारी कडा लकडाउन मृत्युको कारक भएको भन्दै इन्टरनेट प्रयोगकर्ताहरूले चिनियाँ अधिकारीको भनाइको प्रतिरोध गर्दै आएका छन् ।

सांघाई सहरमा सयौं स्थानीयले चिनियाँ राष्ट्रपति सी चिनफिङको राजीनामा माग्दै प्रदर्शन गरेका थिए । त्यस्तै, राजधानी बेइजिङ, नान्जिङ, गोङजाउ, चोङकिङ् गलगायतका स्थानमा प्रदर्शहरू चर्केका थिए । चीनमा भएका पछिल्ला प्रदर्शनहरू चिनियाँ कम्युनिस्ट पार्टी र नेतृत्वविरुद्ध भएका निकै दुर्लभमध्येका भएका जनाइएको छ । चिनियाँहरूले खुला रूपमै राष्ट्रपति सीको राजीनामा माग्दै प्रदर्शन गर्नुलाई उनीविरुद्ध बाहिर देखिएको हालसम्मकै कडा आलोचना हो । प्रदर्शनकारीले 'सी चिनफिङ राजीनामा देऊ, पीसीआर परीक्षण चाहिँदैन, हामीलाई स्वतन्त्रता देऊ' भन्दै नाराबाजीसमेत गरेका थिए । लकडाउनले दैनिक जनजीवन निकै कष्टकर बनेको प्रदर्शनकारीको भनाइ छ ।

चीनले कोरोना भाइरसविरुद्ध सुरु देखि नै 'शून्य सहनशीलता' नीति अख्तियार गर्दै आएको छ । विश्वका अधिकांश देशले कोभिडसँगै जीउने नीति लिइरहेका बेला पनि चीनका दर्जनौं सहरमा दसौं लाख मानिसहरू लकडाउनमा छन् । जसका कारण सरकारको 'शून्य कोभिड' नीति र यसका सूत्रधार राष्ट्रपति सीविरुद्ध आन्दोलन चर्केको हो ।


## VACANCY ANNOUNCEMENT

Himalayan Reinsurance Limited, the first Private Sector Reinsurance Company in Nepal, announces requirement of suitable candidates for the following positions;

**Database Administrator** 1

- **Experience** of 6 – 8 years working with RDBMS-ERP systems such as ORACLE, SAP, MS-SQL etc, in an enterprise environment
- **Capabilities:**
  - To Support the inhouse IT team in addressing data requirements for business reporting and analysis, data migration activities or any other IT system related activities
  - To Maintain databases for all enterprise applications including role/rights, new database/table creation activities, testing, scheduled back up activities, data cleaning and formatting as required
  - To Ensure database availability and performance as per business requirements and ensure trouble shooting as per service levels required by the IT team
  - To Interact with inhouse IT Managers, Application Developers and Vendors with regard to database technology stack, to ensure efficient operations and compatibility with existing applications
  - Full Familiarity with database environment on cloud environment and automation tools for database admin activities

हिमालयन रि
HIMALAYAN RE

Cadre, Designation, Salary and Other Benefits shall be determined by the Management of the Company based on the Qualifications and Experience of the selected Candidates

**TO APPLY: Email your CV at contactus@himalayanre.com within 7 days of the publication of this notice**



NIC ASIA
एन आई सी एशिया बैंक लि.

**NIC ASIA Bank Ltd.**
Registered Office: Trade Tower, Thapathali, Kathmandu
Contact No.: +977-01-5111177/78/79,
Fax No.: +977-01-51-5111180
Toll Free No.: 1660-01-77771
Feedback: Type FB and send SMS to 34488

## INVITATION FOR SEALED QUOTATION

NIC ASIA Bank solicits sealed quotation from interested Company/Firm for **Supply/Delivery of Visa Contact Debit Card.**

Interested Company/Firm can obtain RFQ Document from Bank's General Administration & Projects Management Department at Registered Office, Thapathali upon deposit of non-refundable RFQ Document fee of NPR 1,000/- (NPR One Thousand Only)

**Eligibility Criteria:**
- The applicant should have at least 2 years of company registration.
- The applicant should have minimum experience of at least 2 years in related field.
- The applicant should have annual turnover at least of NPR 5 Million during the FY 2077/078 or 2078/79 (Latest).

**Documentation Requirement:**
- Company/Firm Registration Certificate – Duly Notarized
- Valid copy of PAN/VAT certificate – Duly Notarized.
- Valid copies of Tax clearance of FY 2077/078 or 2078/79 (Latest) – Duly Notarized.
- MOA and AOA – Duly Notarized.
- Latest Share Register (Share Lagat) – Duly Notarized.
- Latest Director Register (Sanchalak Lagat) – Duly Notarized.
- Latest Company Update (Company Adhyawodhik), in case of firms Renewal form – Duly Notarized (Department of Commerce/Industry)
- Appreciation letter/ Reference letter issued by Commercial Bank(s)/ renowned corporate houses to back the claim of experience.
- Authorization certificate for distributorship/dealership for the proposed brand.
- Other documents as mentioned in RFQ Document.

**Note: If the Vendor is already listed at NIC ASIA Bank for FY 2079/80 with all set of documents as mentioned above then it is not mandatory to submit above mentioned notarized documents.**

Sealed RFQ for all the requirements mentioned above are to be submitted within close of business on 8th December 2022 in the prescribed format. Sealed RFQ should be addressed to General Administration & Projects Management Department and must be submitted in person. Sealed RFQ received after the deadline will not be accepted.

NIC ASIA Bank reserves the right to cancel/modify this invitation for RFQ and/or reject offer (technical or financial or both) without assigning any reasons.

CARE-NP A-(Is)
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि


# सैन्य अभ्यासबारे भारत र चीनबीच वाक्युद्ध

नयाँदिल्ली (कास)- भारत र अमेरिकाले गरिरहेको संयुक्त सैन्य अभ्यासलाई लिएर चीन र भारतको वाक्युद्ध सुरु भएको छ ।

भारत र अमेरिकाका सैनिकहरूले उत्तराखण्डको औलीमा संयुक्त सैन्य अभ्यास गरिरहेका छन् । चिनियाँ सीमाबाट करिब एक सय किलोमिटरभित्र भइरहेको उक्त अभ्यासप्रति बुधबार चीनले आपत्ति जनाएको थियो । भारतले भने बिहीबार चीनको उक्त विरोधलाई अनावश्यक भनेको छ । भारत र अमेरिकाबीच भइरहेको पछिल्लो सैन्य अभ्यास १८ औं संस्करण हो । अभ्यास आगामी दुई सातासम्म चल्ने छ । त्यस अभ्यासप्रति चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता झाओ लिजियानले सीमा क्षेत्रमा गरिएको उक्त अभ्यासलाई भारत र चीनबीच १९९३ र १९९६ मा भएको सम्झौता विपरीत भनेका छन् ।

त्यसको जवाफ दिँदै भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले भारत र अमेरिका दुई देशले गरिरहेको कुनै पनि सहकार्यको विरोध गर्ने 'विटो' चीनसँग नरहेको बताएका छन् । बिहीबारको नियमित पत्रकार सम्मेलनमा बागचीले अहिलेको युद्ध अभ्यासको चीनसँग भएको १९९३ र १९९६ को सम्झौतासँग कुनै तारतम्य नरहेको भन्दै चीनको तर्फबाटै पटक-पटक सम्झौताको उल्लंघन हुँदै आएको भनेका छन् । चीन या कुनै पनि अर्को देशलाई भारतले गर्दै गरेको सैन्य अभ्यासका बारेमा केही भन्ने अधिकार नरहेको उनले टिप्पणी गरे ।

सन् २०२० मा भारत-चीन सीमा क्षेत्र पूर्वी लद्दाखमा दुई देशका सैनिकहरूबीच भिडन्त भएयता दुवै देशको सम्बन्ध सुमधुर भई नसकेको स्थितिमा सैन्य अभ्यासलाई लिएर वाक युद्ध भएको छ ।

उत्तराखण्डको औलीमा ९ हजार ५ सय ४४ फिट उचाइमा मंगलबार रातिबाट अमेरिका र भारतका सैनिकहरूले संयुक्त अभ्यास थालेका छन् । प्राकृति विपत्तिमा गरिने सर्च अपरेसन, उग्रवादीले कसैलाई कब्जामा लिएको खण्डमा त्यसलाई कसरी मुक्त गराउने, साथै उच्च क्षेत्रमा उग्रवादी गतिविधिमाथि कसरी नियन्त्रण गर्ने, शान्ति स्थापनामा कसरी भूमिका खेल्नेलगायतका विषय संयुक्त अभ्यासमा समेटिएका छन् । दुवै देशका सैनिकले आफ्नो तर्फ गरिरहेको उत्तम अभ्यासलाई साझा गर्दै सैन्य अभ्यास गरेका छन् । पहिलोचोटि हाई अल्टिच्युडमा संयुक्त सैन्य अभ्यास गरिएकाले यसलाई महत्त्वपूर्ण मानिएको छ ।

# पूर्वगोर्खाका मागबारे दोस्रो वार्ता


तस्बिर सौजन्य : शिव भण्डारी

**पूर्वगोर्खाका मागबारे बेलायतको लन्डनमा बुधबार भएको वार्ताका सहभागी ।**

**नवीन पोखरेल** (लन्डन)

पूर्वब्रिटिस गोर्खाका माग सम्बोधनका लागि लन्डनस्थित नेपाली दूतावासमा दोस्रो चरणको वार्ता भएको छ । भूतपूर्व गोर्खा प्रतिनिधिसमेतको सहभागितामा नेपाल र बेलायत सरकारका प्रतिनिधिहरूबीच बुधबार प्राविधिक तहमा वार्ता भएको हो ।

पूर्वगोर्खाका लागि ब्रिटिस सैनिकसरह समान पेन्सन, पूरक पेन्सन, अंगभंग भएका मृतकको परिवारका लागि एकमुष्ट भुक्तानी, कल्याणकारी कार्यलगायत एजेन्डामा छलफल भएको हो । यसअघि गत नोभेम्बर ३ मा मन्त्रीस्तरीय वार्ता भएको थियो । तर बुधबार दुवै देशका सरकारी कर्मचारी र गोर्खा प्रतिनिधिबीच विस्तृत छलफल भएको हो ।

'प्राविधिक तहमा लामो छलफल भयो । पेन्सनअन्तर्गत गट्स र जीपीएसमा छलफल केन्द्रित थियो,' वार्तामा सहभागी दूतावासकी उपनियोग प्रमुख रोशन खनालले कान्तिपुरसँग भनिन्, 'उहाँहरू सकारात्मक हुनुहुन्छ । हामी सबै समेटेर प्रतिवेदन माथि दिन्छौं भन्नुभएको छ ।' डिसेम्बर दोस्रो सातासम्ममा अर्को चरणको वार्ता हुने बताइएको छ ।

दिउँसो साढे २ बजेदेखि झन्डै दुई घण्टा चलेको वार्तामा नेपाल सरकारका तर्फबाट दूतावासकी उपनियोग प्रमुख रोशन खनाल, द्वितीय सचिव रामबाबु नेपाल, ब्रिटिस रक्षा मन्त्रालयबाट आर्मर्ड फोर्सेस पिपुल सपोर्ट डिभिजनका जेम्स ग्रिनरड, जेनेभिभ होर्सटेड, जेन्ना क्लेयर, म्याथ्यु लियोन, ब्रिगेड अफ गोर्खाज हेडक्वार्टरका कर्णेल डेभिड रविन्सन, इन्टरनेसनल पोलिसी एन्ड स्ट्राटेजीका स्क्वाड्रोन लिडर गेभिन रिचार्डसन र आर्मर्ड फोर्सेस पारिश्रमिक विभागकी नाजिया लोधी, गोर्खा प्रतिनिधित्व गर्दै अवकाश प्राप्त मेजरहरू जुदबहादुर गुरुङ, उदयबहादुर गुरुङ र टिकेन्द्र दल देवान सहभागी थिए ।

यसअघि गत ३ नोभेम्बरमा बेलायती रक्षा मन्त्रालयमा रक्षा राज्यमन्त्री एन्ड्रियु मरिसन तथा बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्य र भूतपूर्व गोर्खाहरूका तर्फबाट मेजर (अवकाश प्राप्त) जुदबहादुर गुरुङसमेतको सहभागितामा पहिलो वार्ता भएको थियो । उक्त वार्तामा नेपाल सरकारका तर्फबाट राजदूत आचार्यले भूतपूर्व गोर्खाका लागि ब्रिटिस सैनिकसरह समान पेन्सन, पूरक पेन्सन, अंगभंग भएका मृतकको परिवारका लागि एकमुष्ट भुक्तानी, कल्याणकारी कार्यहरूलगायत समाधान गर्न बाँकी रहेका मागबारे आफ्ना अवधारणा राखेका थिए ।

ब्रिटिस सरकारका तर्फबाट रक्षा राज्यमन्त्रीले आफूले यी विषयमा विस्तृत अध्ययन तथा परामर्श गरी पुनः अर्को वार्तामा छलफल गर्ने आश्वासन दिएका थिए । गोर्खा समस्यामा 'जी टु जी' वार्ता आउँदो मार्च २०२३ सम्म टुंग्याउनुपर्ने पूर्वगोर्खाहरूको माग छ ।

बेलायतमा सरकार परिवर्तन, ब्रिटिस महारानीको निधन, युक्रेन रुस युद्ध आदि कारण वार्तामा ढिलाइ हुँदै आएको थियो । गोर्खा आन्दोलनको प्रमुख घटक गोर्खा सत्याग्रह संयुक्त संघर्ष समितिका प्रमुख संयोजक कृष्णबहादुर राईले यसअघि पेन्सन मुद्दामा बोल्नै नचाहेको बेलायत अहिले सकारात्मक हुनु खुसीको कुरा भएको प्रतिक्रिया दिए ।

उता, गोर्खा भूतपूर्व सैनिक संघ (गेसो) सभापति कृष्णकुमार राईले दोस्रो चरण वार्तामा विस्तृत छलफल हुनु सकारात्मक भएको जनाउँदै भूतपूर्व गोर्खाहरूले अप्रिय निर्णय लिनु अगावै नेपाल सरकारलाई पनि वार्तातर्फ विशेष ध्यान दिन जोड दिए ।


## कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि.को ३५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०७९/०८/१६**

यस बैंकवाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नवुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको सांवा, ब्याज लगायतका रकम समेत नबुझाएको हुंदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण बक्यौता रकम बुझाउन यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि कर्जा फरफारक नभएमा बैंक तथा वित्तिय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी तथा बैंकबाट कर्जा लिन धितो मन्जुरीनामा/व्यक्तिगत जमानत दिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारवाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

**सम्बन्धित कार्यालयः शाखा कार्यालय, दोधारा चाँदनी**

| क्र.सं. | ग्राहकको नाम | ठेगाना | ग्राहकको नागरिकता नं. | ग्राहकको जारी मिति | ग्राहकको जारी गर्ने जिल्ला | बुवा पतिको नाम | बाजे ससूराको नाम | कर्जाको उद्देश्य | सांवा | ब्याज (२०७९ कार्तिक मसान्तसम्मको) | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | मिनु गिरी | दोधाराचांदनी न.पा. १ | १८०६५२०९४ | २०४४ ०३ २८ | कंचनपुर | वीरु गिरी | फुटके गिरी | सरल कृषि कर्जा | ११,७७,५६१ | ६,१६,९४६ | १७,९४,५०७ |
| २. | श्री ईश्वरा देवी सुनार | दोधारा चांदनी न.पा. २ | १३०३ १८४४ | २०४६ ०३ २० | कंचनपुर | मोती | भैरे | तरकारी भैंसी | ३,७२,४६८ | ४,०४,९०७ | ७,७७,३७५ |

**कृषि विकास बैंक लि.**
**कानून तथा कर्जा असुली विभाग**
**मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं ।**

| विदेशी मुद्रा | |
|---|---|
| अमेरिकी डलर | १३०.५८ |
| युरो | १३५.४४ |
| पाउन्ड स्टर्लिङ | १५६.८९ |
| अस्ट्रेलियन डलर | ८७.८१ |
| कतारी रियाल | ३५.७४ |

नेपाल राष्ट्र बैंकका आधारमा

सुन रु ९८,१००

चाँदी रु १,३३०

# औद्योगिक उत्पादन र कारोबारमा उच्च गिरावट

'राजस्वले साधारण खर्चसमेत धान्न नसक्ने अवस्थामा सरकार पुगेको छ, मूल्यवृद्धि ६ वर्षयताकै उच्च छ, निजी क्षेत्र संकुचित हुँदै गएको छ'



अदृश्य रूपमा साँठगाँठ गर्न पछि नपर्ने तर खुला रूपमा निजी क्षेत्रसँग सँगै बसेर सहकार्य गर्न नसक्ने प्रवृत्ति छ

**– गगन थापा**
महामन्त्री, कांग्रेस



सरकारले निजी क्षेत्रको विश्वास टुट्न नदिनेतर्फ काम गर्नुपर्छ, प्रचलित अभ्यासले असाधारण अवस्था सुधार्न सकिन्न

**– विष्णु पौडेल**
उपाध्यक्ष, एमाले



अर्थतन्त्रले संकटभन्दा पनि विभिन्न चुनौतीको सामना गरिरहेको छ, अब समाधानका उपायतर्फ सबैले सोचौं

**– जनार्दन शर्मा**
अर्थमन्त्री



सरोकारवाला निकायको सुझावका आधारमा चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन संशोधन गर्न राष्ट्र बैंक तयार छ

**– महाप्रसाद अधिकारी**
गभर्नर, नेपाल राष्ट्र बैंक



राज्यद्वारा निर्देशित नीति नियमभित्र बसेर निजी क्षेत्रले आर्जन गर्दा त्यसमा राज्यले किन उत्सव मनाउन सक्दैन ?

**– शेखर गोल्छा**
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



मन्त्रालय-मन्त्रालयबीच हुने असमझदारी र प्रभावकारी सहकार्यको अभाव हुँदा लगानीकर्ताले समस्या खेपे

**– विष्णुकुमार अग्रवाल**
अध्यक्ष, नेपाल उद्योग परिसंघ



राजनीतिक मुद्दा फरक भए पनि आर्थिक मुद्दामा सरकारको एउटै धारणा र एकरूपता आउनु अपरिहार्य छ

**– राजेन्द्र मल्ल**
अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स



लगानीयोग्य रकम अभावको समस्या हल गर्न सरकारले प्राथमिकतासाथ काम गर्नुपर्छ

**– अनिलकुमार उपाध्याय**
अध्यक्ष, नेपाल बैंकर्स संघ

**यज्ञ बञ्जाडे** (काठमाडौं)

बजारमा समग्र मागमा घटेपछि आन्तरिक उत्पादन तथा व्यापारिक कारोबार घटेको निजी क्षेत्रद्वारा गरिएका विभिन्न सर्वेक्षणले देखाएका छन् । केही महिनायता सरकारले अवलम्बन गरेका नीति र राज्यको नियामकीय अपरिपक्वताले अर्थतन्त्रमा बहुआयामिक असर परेको सर्वेक्षणको निष्कर्ष छ । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघलगायत निजी क्षेत्रका छाता संगठनले गरेका उद्योग व्यवसायको विद्यमान अवस्थाबारे गरेको सर्वेक्षणले अहिले सरकार, सर्वसाधारण र निजी क्षेत्र सबै नकारात्मक रूपमा प्रभावित भएको देखाएको हो ।

'अर्थतन्त्रमा अहिले बहुआयामिक असर परेको छ । राजस्वले साधारण खर्चसमेत धान्न नसक्ने अवस्थामा सरकार पुगेको छ । मूल्यवृद्धि ६ वर्षयताकै उच्च छ । निजी क्षेत्र संकुचित हुँदै गएको छ,' महासंघले भनेको छ, 'मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षाले पनि विद्यमान समस्या सम्बोधन गर्न सकेन ।' सबैतिर निराशाको अवस्था रहेकाले अझै पनि सचेत नभए अर्थतन्त्र दुर्घटनामा पर्ने महासंघको धारणा छ ।

'यो अवस्थामा मुलुक आइपुग्नुमा मूलतः अन्तर्राष्ट्रियस्तरमा इन्धनलगायत कच्चा पदार्थमा भएको मूल्यवृद्धि र नियामकीय अपरिपक्वता मुख्य कारक हुन् ।

बाँकी पृष्ठ १० ▶▶

## 'राजनीतिक नेतृत्वसँग क्षमता भएन'

काठमाडौं (कास)- अहिलेका राजनीतिक दलका नेतृत्वमा निजी क्षेत्रसँग सहकार्य गरेर हिँड्ने आँट नभएको नेपाली कांग्रेसका महामन्त्री गगन थापाले बताएका छन् । अदृश्य रुपमा साँठगाँठ गर्न पछि नपर्ने तर निजी क्षेत्रसँग सँगै बसेर उनीहरूका समस्या सुन्ने/समाधान गर्ने आँट नभएकाले निजी क्षेत्र निरुत्साहित भएको उनको भनाइ छ । बाँकी पृष्ठ १० ▶▶

## १४ वर्षपछि विराटनगर-ताप्लेजुङ परीक्षण उडान

ताप्लेजुङ (कास)- नियमित उडान छाडेको १४ वर्षपछि नेपाल वायु सेवा निगमले विराटनगर-ताप्लेजुङ परीक्षण उडान गरेको छ । बिहीबार बिहान यात्रु लिएर काठमाडौंबाट आएको जहाजले ताप्लेजुङ-विराटनगर-ताप्लेजुङ उडान गरेको स्टेसन इन्चार्ज लोकेन्द्र लिम्बूले जनाए । सिनियर पाइलट पेम्बा शेर्पा र मनीष विष्टले उडान गरेको निगमले बताएको छ । प्रदेश राजधानी विराटनगर उडान गर्न जिल्लाका नागरिकले माग गर्दै छन् ।

०३२ मा निर्मित विमानस्थलमा ०६५ सालसम्म विराटनगर-ताप्लेजुङ मात्रै उडान हुँदै आएको थियो । काठमाडौं-ताप्लेजुङ उडान गर्न थालेपछि निगमले विराटनगरको उडान स्थगन गरेको थियो । बिहीबार र शनिबार गरी सातामा दुई दिन काठमाडौं-ताप्लेजुङ उडान गर्दै आएको निगमले विराटनगरको नियमित तालिका भने बनाएको छैन । काठमाडौं-ताप्लेजुङ, ताप्लेजुङ-भद्रपुर-ताप्लेजुङ उडान गरेको तारा एयरले गत वर्षदेखि नियमित नगरेका कारण यात्रुहरूले गाडीबाटै यात्रा गर्नुपर्छ । निगमले विराटनगरबाट १३ र ताप्लेजुङबाट १५ सम्म यात्रु बोक्छ ।


## बधाई तथा शुभकामना



यस काठमाण्डौ मेडिकल कलेज पब्लिक लिमिटेडका पूर्व कार्यकारी अध्यक्ष एवं नोवेल मेडिकल कलेजका पूर्व संचालक र पिपल्स डेण्टल कलेजका पूर्व संरक्षक रहनु भएका, समाज सेवी, युवा व्यक्तित्व यहि २०७९ साल मंसीर ४ गतेको प्रतिनिधि सभाको निर्वाचनमा मोरङ क्षेत्र नं ३ बाट नेपाली कांग्रेस पार्टीका प्रतिनिधि सभाका उमेदवारहरु मध्ये सर्वाधिक मत (४८६३१) प्राप्त गरी आफ्ना निकटतम प्रतिद्वन्दी भन्दा २२७३६ मतले अग्रता कायम गरी गौरवमय इतिहास निर्माण गर्न सफल भई सम्मानित प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुनु भएकोमा **माननीय डा. सुनिल कुमार शर्माज्यू**लाई हार्दिक बधाई तथा सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौ ।

**काठमाण्डौ मेडिकल कलेज पब्लिक लिमिटेड, काठमाण्डौ**
**नोवेल मेडिकल कलेज परिवार, विराटनगर**
**पिपल्स डेण्टल कलेज परिवार, काठमाण्डौ**

## JOB OPENING AT AMERICAN EMBASSY

American Embassy in Kathmandu is seeking an individual for the position of **Procurement Agent (Procurement and Contracting Assistant).** Applications must be completed and submitted through **Electronic Recruitment Application (ERA).** To view the vacancy announcement and apply directly, please visit:

https://erajobs.state.gov/dos-era/npl/vacancysearch/searchVacancies.hms

For information on ERA and instructions on how to apply, please visit American Embassy's internet site:

https://np.usembassy.gov/jobs/

**Paper or e-mailed applications are not accepted.**


# वाग्मतीको सवारी ट्रायलमा ७० अंक ल्याए पास

**कान्तिपुर संवाददाता** (काठमाडौं)

वाग्मती प्रदेश मुख्यमन्त्री कार्यालयको असहमतिका कारण अढाई महिनादेखि रोकिएको सवारी लाइसेन्सको प्रयोगात्मक परीक्षामा ७० अंक प्राप्त गरे पनि उत्तीर्ण हुने प्रणाली आगामी आइतबारदेखि लागू हुने भएको छ । प्रयोगात्मक परीक्षामा सामान्य गल्ती भए अनुत्तीर्ण हुने प्रणालीमा सुधार ल्याउन कार्यविधि लागू गर्ने जानकारीसहितको परिपत्र बिहीबार वाग्मतीका सबै यातायात कार्यालयलाई गरिएको छ ।

वाग्मती प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयको परिपत्रअनुसार सवारी अनुमतिपत्रसम्बन्धी नयाँ कार्यविधि लागू गरिएको हो । गत असोज २ मा भक्तपुरको राधेराधेमा उद्घाटन गर्ने कार्यक्रम राखेका बेला मुख्यमन्त्री कार्यालयले रोकेपछि कार्यविधि लागू हुन सकेको थिएन । मन्त्रालयले यो कार्यविधिअनुसार अब ट्रायल सञ्चालक वा कुनै कर्मचारीले कुनै न कुनै बहानामा सेवाग्राहीलाई दुःख दिने नियत राख्न नसक्ने दाबी गरेको छ । उत्तीर्ण भएकालाई पनि अनुत्तीर्ण भन्ने र आर्थिक चलखेल गर्ने प्रवृत्ति रोकिने मन्त्रालयको अपेक्षा छ ।

पाँच महिनाअघि प्रदेशका सबै यातायातमन्त्री स्तरीय बैठकले अंक प्रणाली लागू गर्ने निर्णय गरिएको थियो । निर्देशिका जारी भएको करिब दुई वर्षपछि लाइसेन्समा अंक प्रणाली लागू गर्न लागिएको हो । काठमाडौंको चाबहिल यातायात कार्यालयमा आइतबार प्रदेश यातायातमन्त्री घनश्याम दाहालले उक्त प्रणालीको उद्घाटन गर्ने कार्यक्रम छ । गत असोज २ बाट लागू गर्ने तयारी गरेकामा प्रदेश यातायात मन्त्रालय र मुख्यमन्त्री कार्यालयबीचको असमझदारीले रोकिएको थियो । अन्य धेरैजसो प्रदेशमा यो प्रणाली लागू भइसकेको छ । मुख्यमन्त्री कार्यालयको असहमति हुँदाहुँदै मन्त्री दाहालले उक्त प्रणाली लागू गरेरै छाड्ने अडान लिएका थिए । त्यति बेला केही ट्रायल सेन्टर सञ्चालकको कुरा सुनेर लागू गर्न दिइएन, 'मन्त्रालय स्रोतले भन्यो, 'अब त्यस्तो हुँदैन ।' लिखित परीक्षामा भने ६० अंक ल्याउनुपर्ने भएको छ ।

यातायात व्यवस्था विभागले ०७८ सालमै उक्त कार्यविधि तयार परेर प्रदेशलाई पठाए पनि लागू गरिएको थिएन । अब प्रयोगात्मक परीक्षमा सहभागी हुनेले सामान्य गल्ती गरे अनुत्तीर्ण हुने समस्या समाधान हुनेछ ।


## सिद्धार्थ बैंक लिमिटेड, हात्तीसार, काठमाडौंको अत्यन्त जरुरी सूचना

यस बैंकबाट क्रेडिट कार्ड कर्जा लिएका तपसिल बमोजिमका ऋणीहरुले क्रेडिट कार्ड कर्जा लिंदा गरेको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतका रकमहरु नबुझाई क्रेडिट कार्ड कर्जा लिंदा गरेको शर्त कबुलियतको उल्लघंन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी कर्जा फछ्र्यौट गर्ने तर्फ तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य रकम एकमुष्ट बुझाउन ल्याउन सूचित गरिएको छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम बैंकलाई चुक्ता नगरी बसेमा ऋणीले बैंकलाई लेखि दिएको शर्त बमोजिम बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित नेपाल कानून बमोजिम बैंकको लेना रकम ऋणी तथा ऋणीको हक लाग्ने अन्य चल अचल सम्पत्तिबाट असुल उपर गर्ने र ऋणीलाई कर्जा सूचनाकेन्द्रको कालो सुचिमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ ।

तपसिल

| क्र.स. | ऋणीको विवरण | फोटो |
|---|---|---|
| १. | जगन्नाथ उप्रेतीको नाति, दिनेश प्रसाद उप्रेतीको छोरा, दोलखा जिल्ला, पवटी-०४ बस्ने वर्ष ३१ को **राजन उप्रेती** (ना.प्र.नं. २२१००५/३९ जारी मिति २०६४/०४/२१, जारी स्थान जि.प्र.का. दोलखा) । | |
| २. | जगत लाल तुलाधरको नाति, नरेन्द्र तुलाधरको छोरा, काठमाडौं जिल्ला, काठमाडौं-०२, काठमाडौं बस्ने वर्ष ४१ को **नोएस तुलाधर** (ना.प्र.नं. ७९९६ जारी मिति २०५९/११/१५, जारी स्थान जि.प्र.का. काठमाडौं) । | |
| ३. | जुद्ध प्रसाद खनालको नाति, भिमलाल खनालको छोरा, नवलपरासी जिल्ला, गैडाकोट-०१, बस्ने वर्ष २९ को **राजेश खनाल** (ना.प्र.नं. ३६२००५-१३७६ जारी मिति २०६७/०५/०१, जारी स्थान जि.प्र.का. नवलपरासी) । | |
| ४. | मोहन प्रसाद सुनवारको नाति, तुल प्रसाद सुनवारको छोरा, रुपन्देही जिल्ला, रामेडी-०३, बस्ने वर्ष ३३ को **प्रेम सुनवार** (ना.प्र.नं. ३७३१३ जारी मिति २०६३/०३/१३, जारी स्थान जि.प्र.का. रुपन्देही) । | |
| ५. | रत्न प्रसाद कर्माचार्यकी नातिनी, माधव कुमार कर्माचार्यकी छोरी, सर्लाही जिल्ला, मलंगवा-०८ बस्ने वर्ष ३० की **अलिसा कर्माचार्य** (ना.प्र.नं. १९१०३१/६२२ जारी मिति २०६६/०२/२४, जारी स्थान जि.प्र.का. सर्लाही) । | |
| ६. | त्रिवेनी कुर्मीको नाति, तौलन प्रसाद चौधरीको छोरा, कपिलवस्तु जिल्ला, कजरहवा-०८, बस्ने वर्ष २९ को **विमल चौधरी** (ना.प्र.नं. ३८१०३९/८५६ जारी मिति २०६६/०६/२२, जारी स्थान जि.प्र.का. कपिलवस्तु) । | |
| ७. | धनबहादुर सुनुवारको नाति, अमृत बहादुर सुनुवारको छोरा, काठमाडौं जिल्ला, का.म.पा.-०४, बस्ने वर्ष २९ को **वीसाल सुनुवार** (ना.प्र.नं. २७ १०६०/७७४३८ जारी मिति २०६८-०१-२०, जारी स्थान जि.प्र.का. काठमाडौं) । | |
| ८. | लक्ष्मन न्यौपानेको नाति, देवि प्रसाद न्यौपानेको छोरा, सुनसरी जिल्ला, भरौल-०५, बस्ने वर्ष ३५ को **ओमनाथ न्यौपाने** (ना.प्र.नं. ९५५२०/९६५२० जारी मिति २०६१/११/२७, जारी स्थान जि.प्र.का. सुनसरी) । | |
| ९. | गण लाल श्रेष्ठको नाति, बलराम श्रेष्ठको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, पुरानोगाउँ दाप्चा-०१, बस्ने वर्ष ३० को **सुजित श्रेष्ठ** (ना.प्र.नं. ३००१-०६७-५२६६ जारी मिति २०६७/०२/२८, जारी स्थान जि.प्र.का. काभ्रेपलाञ्चोक) । | |
| १०. | मेहदी हुसेनको नाति, मो जाहिद हुसेनको छोरा, सिराहा जिल्ला, आ बल्कवा-०२, बस्ने वर्ष २८ को **मो रेजा हुसेन** (ना.प्र.नं. १५१०७२/२१६६१ जारी मिति २०६९/०३/०४, जारी स्थान जि.प्र.का. सिराहा) । | |
| ११. | नभि मियाको नाति, मेहदी हुसेन मियाको छोरा, सिराहा जिल्ला, आ बल्कवा-०२, बस्ने वर्ष ५१ को **मो जाहिद हुसेन** (ना.प्र.नं. ०२६१/३१७७ जारी मिति २०५८/१०/२०, जारी स्थान जि.प्र.का. सिराहा) । | |
| १२. | नेगर झाको नाति, रामाकान्त झाको छोरा, मोरङ्ग जिल्ला, विराटनगर-२२, बस्ने वर्ष ४४ को **कुमार सुमन झा** (ना.प्र.नं. २२८९ जारी मिति २०६५/०७/२७, जारी स्थान जि.प्र.का. मोरङ्ग) । | |
| १३. | मान बहादुर शाक्यकी नातिनी, हर्ष बहादुर शाक्यकी छोरी, काठमाडौं जिल्ला, काठमाडौं -२९, बस्ने वर्ष ३३ को **सोनु शाक्य** (ना.प्र.नं. २७१०६०/१२३०६ जारी मिति २०६४/०८/१७, जारी स्थान जि.प्र.का. काठमाडौं) । | |
| १४. | फनिन्द्र कुमार शर्माको नाति, श्री अमर राज आचार्यको छोरा, दाङ जिल्ला, त्रिभुवननगर-०३, बस्ने वर्ष ३४ को **अमृत आचार्य** (ना.प्र.नं. ९२२०/३५५२ जारी मिति २०६२/०९/०६, जारी स्थान जि.प्र.का. दाङ) । | |
| १५. | तीर्थ राज वज्राचार्यकोनाति, विरेन्द्र राज वज्राचार्यको छोरा, मकवापुर जिल्ला, हेटौंडा-०२, बस्ने वर्ष ३५ को **सुरज वज्राचार्य** (ना.प्र.नं. २०/१५३४७ जारी मिति २०६१/०३/१४, जारी स्थान जि.प्र.का. मकवापुर) । | |
| १६. | नारायण प्रसाद जोशीको नाति, गोविन्द प्रसाद जोशीको छोरा, चितवन जिल्ला, भरतपुर-१०, बस्ने वर्ष ४० को **सुदिप जोशी** (ना.प्र.नं. १४५१७/०५७ जारी मिति २०५७/०२/११, जारी स्थान जि.प्र.का. चितवन) । | |
| १७. | कमलीकान्त अंगाईको नाति, खिम प्रसाद अंगाईको छोरा, गोरखा जिल्ला, मुल्चोक-०३, बस्ने वर्ष ५० को **खड्ग प्रसाद अंगाई** (ना.प्र.नं. २९६२२ जारी मिति २०४७/०७/०५, जारी स्थान जि.प्र.का. गोरखा) । | |
| १८. | श्याम लाल जी शर्माको नाति, राजेन्द्र शर्माको छोरा, काठमाडौं जिल्ला, काठमाडौं -२६, बस्ने वर्ष ३३ को **मनिष शर्मा** (ना.प्र.नं. १०६०/७०७१६ जारी मिति २०६७/१०/०४, जारी स्थान जि.प्र.का. काठमाडौं) । | |
| १९. | बद्री प्रसाद तिवारीको नाति, नोद प्रसाद तिवारीको छोरा, सिन्धुपाल्चोक जिल्ला, बाँसबारी-०५, बस्ने वर्ष २६ को **अभिनाश तिवारी** (ना.प्र.नं. २४-०-७०-०३०३८ जारी मिति २०७०/०६/१६, जारी स्थान जि.प्र.का. सिन्धुपाल्चोक) । | |
| २०. | मक्कर बहादुर कार्कीको नाति, भिम बहादुर कार्कीको छोरा, उदयपुर जिल्ला, त्रिवेणी-६, बस्ने वर्ष ३१ को **सुर्य बहादुर कार्की** (ना.प्र.नं. १४१०३७/८९३३९ जारी मिति २०६५/०१/२६, जारी स्थान जि.प्र.का. उदयपुर) । | |
| २१. | निमा शेर्पाको नाति, पासाङ शेर्पाको छोरा, ओखलढुंगा जिल्ला, रगनी-०८, बस्ने वर्ष ४५ को **गेल्जे शेर्पा** (ना.प्र.नं. १५४१६/१५१ जारी मिति २०५४/०३/११, जारी स्थान जि.प्र.का. ओखलढुंगा) । | |
| २२. | राम बहादुर श्रेष्ठकी नातिनी, श्याम श्रेष्ठकी छोरी, काठमाडौं जिल्ला, काठमाडौं -३० बस्ने वर्ष ३८ को **लक्ष्मी श्रेष्ठ** (ना.प्र.नं. ५६६१ जारी मिति २०६०-०८-०८, जारी स्थान जि.प्र.का. काठमाडौं) । | |
| २३. | दल बहादुर के. सी. को नाति, शिवशरण के. सी.को छोरा, काठमाडौं जिल्ला, कीर्तिपुर -१८ बस्ने वर्ष ३३ को **सुजित के. सी.** (ना.प्र.नं. २७३०५८/६९८/११५२४/३९१५४ जारी मिति २०६३-११-१०, जारी स्थान जि.प्र.का. काठमाडौं) । | |
| २४. | जेनलाल भगतको नाति, बिसेश्वर प्रसाद गुप्ताको छोरा, सप्तरी जिल्ला, मोहनपुर-०५ बस्ने वर्ष २६ को **जितेन्द्र कुमार भगत** (ना.प्र.नं. १६३०८१/१९ जारी मिति २०७०/०२/२२, जारी स्थान जि.प्र.का. सप्तरी) । | |
| २५. | सुरज मल अग्रवालको नाति, प्रहलाद राय अग्रवालको छोरा, पर्सा जिल्ला, बिरगन्ज-१६ बस्ने वर्ष ४५ को **सुधिर कुमार अग्रवाल** (ना.प्र.नं. १६०३२५५६७ जारी मिति २०५५/१२/२२, जारी स्थान जि.प्र.का. पर्सा) । | |
| २६. | श्याम लाल नकर्मीको नाति, जगदिश्वर प्रसाद नकर्मीको छोरा, पर्सा जिल्ला, बिरगन्ज-१६ बस्ने वर्ष ४० को **शिव हरिमान नकर्मी** (ना.प्र.नं. ३४१६०३२६९७७ जारी मिति २०५७/०१/२८, जारी स्थान जि.प्र.का. पर्सा) । | |
| २७. | गौरी शंकर रेग्मीकी नातिनी, कृष्ण प्रसाद उपाध्यायकी छोरी, पर्सा जिल्ला, बिरगन्ज-१६ बस्ने वर्ष ५४ को **सुश्री राखि रेग्मी** (ना.प्र.नं. १६०३३९३९५ जारी मिति २०४६/०३/२८, जारी स्थान जि.प्र.का. पर्सा) । | |
| २८. | बाबु लाल महर्जनको नाति, दीपक महर्जनको छोरा, नवलपरासी जिल्ला, रामग्राम-०१ बस्ने वर्ष २९ को **प्रलेस महर्जन** (ना.प्र.नं. ३६१०६९/२१७१ जारी मिति २०६७/१०/०४, जारी स्थान जि.प्र.का. नवलपरासी) । | |
| २९. | दामोदर खनालको नाति, नेत्र प्रसाद खनालको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध-०७ बस्ने वर्ष ४६ को **यादव प्रसाद खनाल** (ना.प्र.नं. ६६७३२ जारी मिति २०५३/०५/३०, जारी स्थान जि.प्र.का. काभ्रेपलाञ्चोक) । | |
| ३०. | पदम बहादुर भण्डारीको नाति, चोम बहादुर भण्डारीको छोरा, सिन्धुपाल्चोक जिल्ला, थुम्पाखर-५ बस्ने वर्ष ३२ को **सुदिप भण्डारी** (ना.प्र.नं. २४३०२५/४६९ जारी मिति २०६३-११-०७, जारी स्थान जि.प्र.का. सिन्धुपाल्चोक) । | |
| ३१. | चन्द्र मान मिश्रको नाति, गोपी कान्त मिश्रको छोरा, सर्लाही जिल्ला, इश्वरपुर-०९ बस्ने वर्ष ३३ को **सोमनाथ मिश्र** (ना.प्र.नं.३८४९१७३७ जारी मिति २०६२-१२-२७, जारी स्थान जि.प्र.का. सर्लाही) । | |
| ३२. | भोला श्रेष्ठको नाति, शंकर प्रसाद श्रेष्ठको छोरा, पर्सा जिल्ला, बिरगन्ज-०६ बस्ने वर्ष ३३ को **सुचीत प्रसाद श्रेष्ठ** (ना.प्र.नं. १६०३३३९०६ जारी मिति २०६२/०४/२५, जारी स्थान जि.प्र.का. पर्सा) । | |
| ३३. | कृष्णमान राजभण्डारीको नाति, चन्दुलाल राजभण्डारीको छोरा, चितवन जिल्ला, भरतपुर-१२ बस्ने वर्ष ३५ को **सन्तोष राजभण्डारी** (ना.प्र.नं. १४८७९/०६० जारी मिति २०६०/११/२०, जारी स्थान जि.प्र.का. चितवन) । | |
| ३४. | गंगा राम प्रसाईको नाति, श्री प्रसाद प्रसाइको छोरा, झापा जिल्ला, गौरादह-०६ बस्ने वर्ष ३५ को **ओम प्रसाद प्रसाई** (ना.प्र.नं. १८४१९ जारी मिति २०६०-०८-०४, जारी स्थान जि.प्र.का. झापा) । | |
| ३५. | जीत बहादुर थापा मगरकी नातिनी, कृष्ण बहादुर थापा मगरकी छोरी, बारा जिल्ला, जीतपुरसिमरा-०२ बस्ने वर्ष २७ को **पुजा थापा** (ना.प्र.नं. ३३२०८१/३४६२६ जारी मिति २०६८-१२-२८, जारी स्थान जि.प्र.का. बारा) । | |
| ३६. | इन्द्रेश्वर प्रसाद शर्माको नाति, टिकाराज शर्माको छोरा, मोरङ्ग जिल्ला, विराटनगर-१७ बस्ने वर्ष ३८ को **निरज शर्मा** (ना.प्र.नं. ५६६६१ जारी मिति २०५७-१२-१६, जारी स्थान जि.प्र.का. मोरङ्ग) । | |
| ३७. | श्री जगदेश सिंह राजपुतको नाति, हरिशंकर सिंहको छोरा, बारा जिल्ला, बहुअरी-०४ बस्ने वर्ष २५ को **जय सिंह** (ना.प्र.नं. ३३-०१-७२-०३९४४ जारी मिति २०७२-०७-२२, जारी स्थान जि.प्र.का. बारा) । | |
| ३८. | धनपति रेग्मीको नाति, ओम प्रकाश रेग्मीको छोरा, झापा जिल्ला, चकचकी-०७ बस्ने वर्ष २६ को **अर्पण रेग्मी** (ना.प्र.नं. ०४-०१-६९-०३७६७ जारी मिति २०६९-१२-२०, जारी स्थान जि.प्र.का. झापा) । | |
| ३९. | टिका गिरीको नाति, नारायण गिरीको छोरा, तनहुँ जिल्ला, पोखरी भज्याङ-०४ बस्ने वर्ष ३६ को **कमल गिरी** (ना.प्र.नं. ६६१९४ जारी मिति २०६०/०६/११, जारी स्थान जि.प्र.का. तनहुँ) । | |
| ४०. | भक्त बहादुर खत्रीको नाति, भीम बहादुर खत्रीको छोरा, रामेछाप जिल्ला, फुलासी-२ बस्ने वर्ष २५ को **सुरेश खत्री** (ना.प्र.नं. २१-०१-७०-४१७८६ जारी मिति २०७०-१०-२२, जारी स्थान जि.प्र.का. रामेछाप) । | |

Siddhartha Bank

**Head Office:** Hattisar, Kathmandu
**P.O.Box:** 13806, **Ph:** 01-4442919/4442920/5970020
**Fax:** 01-4442921, **SWIFT:** SIDDNPKA
**Email:** customercare@sbl.com.np
**Web:** www.siddharthabank.com

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**NIC ASIA Bank Ltd.**
Registered Office: Trade Tower, Thapathali, Kathmandu
Contact No.: +977-01-5111177/78/79,
Fax No.: +977-01-51-5111180
Toll Free No.: 1660-01-77771
Feedback: Type FB and send SMS to 34488

## INVITATION FOR SEALED BIDS
**(First Date of Publication 2nd December, 2022)**

NIC ASIA Bank solicits sealed Bids from registered contractor for the Construction Works as specified in below table for **Construction of Office Building at Kamaladi,** Kathmandu, Nepal.

| Title of the Contract | Scope of Works | Cost of Bid Document | Bid Security Amount |
|---|---|---|---|
| Civil, Interior, Mechanical, Electrical, Plumbing and Related Works of Bank's Proposed Building at Kamaladi, Kathmandu | Civil, Interior, Mechanical, Electrical, Plumbing (MEP) and Related Works | NPR 25,000.00 | NPR 19,000,000.00 (In words: Nineteen Million Only) |

Interested and eligible bidder can obtain bid documents from Bank's General Administration & Projects Management Department at Registered Office, Thapathali upon submission of a written application, copy of company/firm registration certificate and payment of non-refundable document fee of NPR 25,000.00 (In words: NPR Twenty Five Thousand Only) within 21st December 2022 during office hours.

**Information to deposit bid document fees in the Bank:**
Name of the Bank: NIC ASIA Bank Ltd.
Name of Account Number: Miscellaneous Income
Account no.: 00983655241001

**Eligibility Criteria**
Only eligible bidders with all of the following key qualifications can participate in this bidding:

- Interested Bidder must have below mentioned minimum Average Annual Construction Turnover in the best 3 years within the last 5 years:

| SN | Particulars | For –Civil/MEP and Interior Joint Venture | | For –Civil/MEP and Interior Applied by Single Bidder |
|---|---|---|---|---|
| | | Civil/MEP (NPR) | Interior (NPR) | |
| 1 | Annual Construction Turnover | 300 Million | 75 Million | 375 Million |

As evidence, bidder must submit duly notarized tax clearance certificate of their best 3 years within last 5 years.

- Interested Bidder must have completed at least two office/commercial RCC building projects with below mentioned amount and built up area for each project within the last 5 years:

| SN | Particulars | For- Civil/MEP and Interior Joint Venture | | For- Civil/MEP and Interior Applied by Single Bidder | | |
|---|---|---|---|---|---|---|
| | | Civil/MEP | Interior | Civil/MEP | Interior | Total |
| 1 | Per Project Amount (NPR) | 100 Million | 30 Million | 100 Million | 30 Million | 130 Million |
| 2 | Per Project Built Up Area (Sq. Ft.) | 30,000 | 10,000 | 30,000 | 10,000 | 40,000 |

**Note: 60% weight for Civil and 40% weight for interior on project amount and built up area shall be considered during evaluation of the bidders which has undergone turnkey projects. Bidder must submit their experience letter or valid agreement (duly notarized) as an evidence of project amount and project built up area.**

- Interested Bidder must have at least 7 (Seven) years of experience in the construction field.
- Interested Bidder must have completed construction of at least two office/ commercial RCC building projects having one basement or more.
- The Joint Venture firms shall be considered only between civil and interior works. Joint Venture firms between civil and civil or interior and interior works shall not be considered. Maximum number of Joint Venture parties allowed for bid consideration shall be two.

**Other Details:**

- Two sets, one for Technical Proposal (Envelope 1), duly completed and sealed in a separate envelope clearly marked **"Technical Proposal for Civil, Interior, Mechanical, Electrical, Plumbing and Related Works of Bank's Proposed Building at Kamaladi"** and another with the Financial Proposal/Price Bid (Envelope 2), also sealed in a separate envelope clearly marked **"Financial Proposal/Price Bid for Civil, Interior, Mechanical, Electrical, Plumbing and Related Works of Bank's Proposed Building at Kamaladi"** must be submitted on or within 1st January, 2023. Documents received after this deadline will not be accepted.
- The technical bids shall be opened in the presence of Bidders' representatives (who choose to attend) at 11:00 am on 2nd January 2023 at the Registered office of Bank, Thapathali, Kathmandu.
- The Bidders will be qualified as per the Technical Proposal (Envelope 1) of the Bid document. Financial Proposal/Price Bid (Envelope 2) of Disqualified bidders shall be returned without opening financial bid.
- Financial/price bids of the Technically Qualified Bidder shall be opened in the presence of Bidders' representatives (who choose to attend) at 11:00 am on 13th January, 2023 at the Registered office of Bank, Thapathali, Kathmandu. Bids must be valid for a period of ***120 days from the deadline of notice.***
- Bids must be accompanied by bid security (bid bond), amounting to a minimum of NPR 19,000,000.00 (In words: Nineteen Million Only) in favor of NIC ASIA Bank Ltd., with validity of 120 days and additional 30 days beyond validity period of bid from the deadline of bid notice. The bid security amount shall be deposited in account no.00949335240033 of NIC ASIA Bank Ltd. or bid bond Bank Guarantee from any "A" class commercial bank recognized by Government of Nepal. **It should be submitted along with Technical Proposal (Envelope 1).**
- Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
- A pre bid meeting shall take place at the General Administration and Project Management Department, Trade Tower Thapathali at 11:00 AM on 16th December 2022. Interested bidder may attend the pre bid meeting if any clarification is required.
- Any amendment to this notice shall be forwarded to concerned Bidder via email.
- NIC ASIA Bank Ltd. reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
- If the last date of pre bid meeting or purchasing bid form, its submission and opening falls on a government holiday, it shall be extended to the next working day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

Sealed bids for all the requirements mentioned above are to be submitted within close of business on or within 1st January 2023 in the prescribed format. Sealed bids should be addressed to General Administration & Projects Management Department and must be submitted in person. Sealed bids received after the deadline will not be accepted. Bid documents sent through Mail/Courier will neither be accepted for any consideration nor will they be returned to the sender.

**Contact Details:**
NIC ASIA Bank Ltd.
Registered Office
General Administration & Projects Management Department
Trade Tower, Thapathali, Kathmandu, Nepal
Tel No: 977-01- 5111177/78/79
Email: gap@nicasiabank.com
Website: www.nicasiabank.com

**Contact Person:**

| SN | Name of Contact Person | Contact Number |
|---|---|---|
| 1 | Kamal Paudel | 9847315721 |
| 2 | Thakur Shrestha | 9841095723 |

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

## अर्थ संक्षेप

### लालबन्दीमा एभरेस्टको शाखा

काठमाडौं (कास)- एभरेस्ट बैंकले सर्लाहीको लालबन्दीमा आफ्नो शाखा सञ्चालनमा ल्याएको छ। लालबन्दी नगरपालिकाका मेयर वासुदेव अधिकारी र एभरेस्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले संयुक्त रूपमा शाखा उद्घाटन गरे। स्थानीयलाई अत्याधुनिक तथा गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्ने उनको भनाइ छ। बैंकका हालसम्म देशभर १३ लाख ग्राहक, १२३ शाखा सञ्जाल तथा १५७ एटीएम पुगेको बैंकले जनाएको छ।

### मंसिर २२ देखि फिन इलेक्ट्रो टेक मेला

काठमाडौं (कास)- विद्युतीय सामग्रीको व्यवसाय विकास तथा व्यापार सहजीकरणका लागि काठमाडौंमा 'फिन इलेक्ट्रो टेक २०२२' आयोजना हुने भएको छ। मंसिर २२ देखि २५ सम्म काठमाडौंको भृकुटीमण्डपस्थित प्रदर्शनी हलमा मेला आयोजना हुने भएको छ। नेपाल विद्युतीय व्यवसायी महासंघको आयोजनामा हुने मेलाले स्वदेशमा जलविद्युत् प्रयोग बढाई देशलाई आर्थिक रूपमा सबलीकरण गर्दै लैजान र ऊर्जा तथा विद्युतीय व्यवसायीहरूको समग्र विकास तथा व्यापार प्रवर्द्धनमा सहयोग गर्ने आयोजकको भनाइ छ। फिन इलेक्ट्रो टेकमा हलभित्र ४९ ब्लक र बाहिर २६ सहित ७५ स्टल रहने आयोजकले जनाएको छ।

### विराटनगरका विद्यार्थी दीक्षित

काठमाडौं (कास)- विराटनगर इन्टरनेसनल कलेजका ६२ विद्यार्थी दीक्षित भएका छन्। कलेजले आयोजना गरेको दीक्षान्त समारोहमा बीएससी (अनर्स) इन्टरनेसनल बिजनेस म्यानेजमेन्ट विषयमा ६२ जना विद्यार्थी दीक्षित भएका हुन्। तीनवर्षे तह अध्ययनपछि विद्यार्थीले भविष्यमा नयाँ कामको खोजी गर्न सक्नेछन्। स्नातक तह पार गरेपछि उत्कृष्ट विद्यार्थीलाई पोस्ट ग्र्याजुएट तहका लागि इनोभेट नेपाल ग्रुपले छात्रवृत्तिको व्यवस्था गरेको छ। ती विद्यार्थीले हेराल्ड कलेज काठमाडौंमा एमबीए अध्ययन गर्न पाउने कलेजले बताएको छ।

# औद्योगिक उत्पादन...

नियामकीय सुधार समयमा हुन नसक्दा समस्या जटिल बन्दै गयो,' महासंघले भनेको छ, 'बजारमा नियमित उत्पादन र आपूर्ति भइरह्यो भने यसले राजस्व वृद्धि, रोजगारी सिर्जना र मूल्यवृद्धि वाञ्छित सीमाभित्रै रहने मूल्य कायम राख्ने सुनिश्चितता गर्छ।'

महासंघले गरेको सर्वेक्षणको प्रारम्भिक नतिजाअनुसार निर्माण क्षेत्रअन्तर्गत सिमेन्ट, फलामे छडलगायत उद्योग औसत ३० प्रतिशत क्षमतामा चलिरहेका छन्। दैनिक उपभोग्य सामानको बिक्री १८ प्रतिशत घटेको छ। विद्युतीय उपकरणको कारोबार ५५ प्रतिशत संकुचन भएको छ। सरकारद्वारा अटोमोबाइल आयातमा प्रतिबन्ध लगाउँदा त्यस क्षेत्रको कारोबार करिब ७५ प्रतिशतले घटेको महासंघले जनाएको छ। 'सेवा क्षेत्रमध्ये बिमा सबैभन्दा बढी प्रभावित भएको छ। अन्य उद्यम व्यवसायमा परेको नकारात्मक असर यहाँ पनि परेको हो। यस अवधिमा बिमा व्यवसायमा करिब २० देखि ३० प्रतिशतले संकुचन आएको छ,' महासंघले भनेको छ, 'पर्यटन सिजनमा ठूला होटलहरूको कारोबारमा सुधार देखिए पनि देशभरिकै औसत हेर्दा अकुपेन्सी ३० देखि ४० प्रतिशत मात्रै छ। रेस्टुरेन्टमा ग्राहक संख्या करिब २० प्रतिशत हाराहारी घटेको छ।'

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको चार महिनामा घरजग्गा कारोबारमा करिब ४८ प्रतिशत र पुँजी बजारमा ४० प्रतिशतको गिरावट आएको महासंघले बताएको छ। राष्ट्र बैंकको तथ्यांकअनुसार मूल्य वृद्धिदर ८.५ प्रतिशत पुगेको छ। यद्यपि केन्द्रीय बैंकको तथ्यांकभन्दा वास्तविक मूल्यवृद्धि बढी हुने गरेकाले वास्तविक मूल्यवृद्धि दोहोरो अंकमा रहेको र यसले सर्वसाधारणको क्रयशक्ति घटाउँदै लगेको महासंघको दाबी छ।

अहिले अर्थतन्त्रको प्रमुख समस्या बढ्दो ब्याजदर, तरलता व्यवस्थापन तथा समग्र मागमा आएको कमी नै रहेको नेपाल उद्योग परिसंघले जनाएको छ। परिसंघले हालै गरेको सर्वेक्षणले नयाँ लगानी थपिनुको साटो ७० प्रतिशत लगानीकर्ताले बढ्दो ब्याजदर, नगद प्रवाहमा परेको असर, मागमा आएको उच्च कमीका कारण व्यवसायमा आकर्षण नदेख्दा नयाँ लगानीको योजना स्थगन गरेको देखाएको छ। 'यसले उद्योगी व्यवसायीको मनोबलमा आएको निराशा दर्शाउँछ। तसर्थ उद्योगी व्यवसायीको मनोबल एवं लगानी बढाउनुपर्ने आजको आवश्यकता छ। नभए अर्थतन्त्र मन्दीको दलदलमा फस्ने देखिन्छ,' परिसंघको सर्वेक्षणले देखाएको छ, 'अर्थतन्त्रमा आएको संकुचनका कारण सिमेन्टको माग करिब ४० प्रतिशतले घटेको, जुत्ता चप्पल करिब ४५ प्रतिशतले, प्लास्टिक करिब ३८ प्रतिशतले, घर जग्गा करिब ५२ प्रतिशतले र स्टिलजन्य वस्तुको मागमा ६१ प्रतिशत कमी आएको छ।'

उल्लिखित क्षेत्रको उत्पादनमा आएको कमीका कारण गत आर्थिक वर्षको पहिलो त्रैमासको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा मूल्य अभिवृद्धि कर ११.६, अन्तःशुल्क १३.५ र भन्सार राजस्वमा ३१.५ प्रतिशतले कही आएको परिसंघले जनाएको छ। यी समस्याले अर्थतन्त्रमा २२ प्रतिशत योगदान रहेको, १७ लाख जनालाई रोजगारी दिइरहेको घरेलु तथा साना उद्योग सबैभन्दा बढी प्रभावित भएको परिसंघले बताएको छ। उनीहरू कर्जाको ब्याज तथा किस्ता भुक्तानी गर्न नसक्ने अवस्थामा पुगेका छन्। यस समस्याले त्यस क्षेत्रमा गएको ऋण नउठ्ने र बैंकको खराब कर्जासमेत बढ्ने देखिएको छ। यी समस्या समाधान गर्न त्यस क्षेत्रमा गएको कर्जाको बैंकको तजबिजीमा एक पटकका लागि पुनर्संरचना, पुनर्तालिकीकरण गर्नुका साथै पुनर्कर्जा सुविधालाई पनि निरन्तरता दिनुपर्ने परिसंघको सुझाव छ।

'अन्तर्राष्ट्रिय बजारमा भएको मुद्रास्फीति तथा मुलुकको विदेशी विनिमय सञ्चितिमा आएको तीव्र ह्रासका कारण केन्द्रीय बैंकले ब्याजदर बढाउने, समग्र मागमा संकुचन ल्याउने तथा आयात नियन्त्रण गर्ने कसिलो मौद्रिक नीति अवलम्बन गरेको थियो,' परिसंघले भनेको छ, 'उक्त कसिलो मौद्रिक नीतिको असर लामो समयसम्म पर्ने तथा आयातमा गरिएको प्रतिबन्धका कारण नेपाल सरकारको राजस्वसमेत प्रभावित हुने हुँदा वित्तीय स्थायित्वमा समेत असर पर्ने देखिन्छ।' पुँजी बजार र घरजग्गा कारोबारबाट अर्थतन्त्रको उत्पादकत्व तथा उत्पादनमा प्रत्यक्ष योगदान कम भए पनि यसले अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण भूमिका खेलेको परिसंघले जनाएको छ। हाल मुलुकको अर्थतन्त्रमा आर्थिक गतिविधि सुस्त हुनुमा पुँजी बजार तथा घरजग्गा कारोबारमा आएको मन्दी पनि एक कारण रहेको परिसंघको दाबी छ।

### कुन क्षेत्रमा कतिको गिरावट ?

- उपभोग्य सामान बिक्रीमा १८ प्रतिशत
- विद्युतीय उपकरण कारोबारमा ५५ प्रतिशत
- अटोमोबाइल कारोबारमा ७५ प्रतिशत
- बिमा व्यवसायमा ३० प्रतिशत
- होटेल अकुपेन्सीमा ४० प्रतिशत
- रेस्टुराँका ग्राहकमा २० प्रतिशत
- घरजग्गा कारोबारमा ४८ प्रतिशत
- पुँजी बजारको कारोबारमा ४० प्रतिशत
- सिमेन्टको मागमा ४० प्रतिशत
- जुत्ताचप्पल मागमा ४५ प्रतिशत
- प्लास्टिक मागमा ३८ प्रतिशत

*स्रोत : उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघ*

# 'राजनीतिक नेतृत्वसँग...

'अँध्यारो कोठामा जे पनि गर्न हुने तर खुला रुपमा निजी क्षेत्रसँग सहकार्य गर्दा आफ्नो नियतमै दाग लाग्छ कि भन्ने डर नेतृत्वपंक्तिमा छ,' उनले भने, 'यही प्रवृत्तिका कारण सरकारले समग्र निजी क्षेत्रका जायज माग पनि पूरा गर्न सकिएको छैन।'

निर्वाचन भइसकेकाले अब मुलुकको ध्यान आर्थिक मुद्दामा केन्द्रित हुनुपर्ने भए पनि त्यो हुन नसकेको उनले बताए। 'अब बन्ने प्रधानमन्त्रीले खुला रुपमा निजी क्षेत्रसँग सहकार्य गरेर उनीहरूको आत्मविश्वास बढाउँदै लगानी गर्ने वातावरण बनाउने ग्यारेन्टी गर्नुपर्छ,' आर्थिक पत्रकार समाज (सेजन)को २६ औं वार्षिकोत्सवका उपलक्ष्यमा बिहीबार काठमाडौंमा आयोजित कार्यक्रममा थापाले भने, 'त्यसपछि मात्र निजी क्षेत्रको उत्पादकत्वमा प्रश्न उठाउन सकिन्छ।'

सरकारको सहभागिता स्वास्थ्य र सार्वजनिक शिक्षामा बढाउन आवश्यक भएको र विकास निर्माण तथा उद्योगमा पहुँच बढाउनुपर्नेमा उनको जोड छ। राजनीतिक दलहरूबीच वृद्धभत्तालगायत वितरण प्रणालीमा प्रतिस्पर्धा बढ्दै गएकाले त्यसलाई तत्काल रोक्नुपर्ने उनले बताए। दलहरू वितरणमा भन्दा पनि एक वर्षमा कति रोजगारी सिर्जना गर्ने, कति उत्पादन बढाउने भन्ने विषयमा केन्द्रित हुन जरूरी रहेको उनको धारणा छ। 'अब बन्ने प्रधानमन्त्रीले अहिलेको गम्भीरतालाई बुझ्न जरुरी छ,' उनले भने, 'निजी क्षेत्रका संस्थासँग छुट्टाछुट्टै होइन, सामूहिक रूपमा सरकारकै पहलमा खुला र पारदर्शी रूपमा छलफल हुनुपर्छ।'

यसपटकको जनादेशबाट पनि स्थिर सरकार नबन्ने स्पष्ट भएको र राजनीतिक स्थिरताको आशा पनि नभएको पूर्वअर्थमन्त्री एवं नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले बताए। सरकार-निजी क्षेत्र-सहकारी जस्ता आर्थिक क्षेत्रबीच सहकार्य गरेर छलफलबाट ठोस समाधान ननिकाले दोषारोपणमै समय बित्ने उनको भनाइ छ। 'अहिलेको आर्थिक अवस्था साधारण छैन,' उनले भने, 'असाधारण अवस्थालाई प्रचलित अभ्यासले मात्रै समाधान दिन सकिँदैन।' सरकारले निजीक्षेत्रको विश्वास टुट्न नदिन काम गर्नुपर्नेमा उनको जोड छ। आर्थिक रूपमा सबल हुँदासम्म वितरण सन्तुलन नहुने उनको दाबी छ। निजीकरणको मोडालिटी फेर्नुपर्ने र सरकारले उद्योग खोल्नेभन्दा पनि नीतिगत सहयोग गर्नुपर्ने उनले बताए।

मुलुकको अर्थतन्त्र संकटमा नरहेको अर्थमन्त्री जनार्दन शर्माको भनाइ छ। अर्थतन्त्रका सूचक सुधारोन्मुख अवस्थामा रहेको र अब निर्माणले पनि गति लिने हुँदा पाँजीगत खर्च पनि बढ्ने उनको दाबी छ। तसर्थ अहिलेको अवस्थालाई संकट नभन्न विज्ञ तथा सरोकारवालालाई उनले आग्रहसमेत गरे। 'अर्थतन्त्रले संकटभन्दा पनि विभिन्न चाप र चुनौतीको सामना गरिहेकाले अहिले समाधानका उपायतर्फ सोचौं र छलफल गरौं, अहिलेको अवस्था जे हो, त्यही भनौं, गलत प्रचारप्रसार नगरौं,' उनले भने। अहिले राजस्व संकलन घटेको र उपभोगमा पनि कमी आएको भन्दै उनले अब विकास निर्माणलाई तीव्रता दिएसँगै माग बढ्ने दाबी गरे। 'परम्परागत शैलीमा मुलुकको अर्थतन्त्र अघि बढेको छ,' शर्माले भने, 'अब नयाँ आयाम खोजौं, जस्तो पानी, विद्युत्, सूचनाप्रविधि र भएका आर्थिक क्षेत्रमा नवीनतम प्रविधिको प्रयाग गरौं।' नेपालको आफ्नै क्षमता, वितरण प्रणाली र संरचनामा संकट आएको पनि उनले जनाए।

विश्व अर्थतन्त्र र विकसित अर्थतन्त्र पनि अहिले दबाब (स्ट्रेस) मा भएको नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बताए। 'नेपालको अवस्था त्यति नराम्रो छैन,' उनले भने, 'दक्षिण एसिया (भारतबाहेक) का अन्य देशको तुलनामा नेपालको अर्थतन्त्र स्थिर नै छ। केही अप्ठ्यारा नभएका भने होइनन्।' बाह्य कारणले गएको एक वर्षमै मुलुकले २.३४ अर्बको विदेशी मुद्रा गुमाएको उनको भनाइ छ।

अहिले निजी क्षेत्रबाट चालु चुक्ता पूँजी मार्गदर्शनमा विरोध भए पनि नेपाल राष्ट्र बैंकले यसमा पर्याप्त छलफल र सुझाव मागेर नीति ल्याएको उनले प्रस्ट्याए। '०७८ पुस १५ मा मार्गदर्शन सुझाव तथा रायका लागि सार्वजनिक गरिएको थियो,' उनले भने, 'बैंकहरूबाट लिएको ऋण सही स्थानमै उपयोग होस् भन्ने मात्रै उद्देश्य हो, सही उद्देश्यको उपकरण गलत हुनु भएन।'

निजीक्षेत्रसँग सहकार्य गर्न आट राख्ने नेता नभएको नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाको दाबी छ। 'निजी क्षेत्रसँग सहकार्यबिना आर्थिक विकास सम्भव नहुने जानकारी हुँदाहुँदै पनि यस क्षेत्रसँग सहकार्य गर्न डराउने र हिचकिचाउने प्रचलन किन छ ?' उनले भने, 'राज्यद्वारा निर्देशित नीति नियमभित्र बसेर निजी क्षेत्रले आर्जन गर्दा त्यसमा उत्सव मनाउन किन नसकिएको ?'

राजनीतिक मुद्दा फरक भए पनि आर्थिक मुद्दामा सरकारको एउटै धारणा र एकरूपता हुनुपर्नेमा नेपाल चम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले जोड दिए। 'अब बन्ने सरकारले निजी क्षेत्रको कस्तो साथ र सहकार्य चाहन्छ, स्पष्ट हुनुपर्‍यो,' उनले भने, 'अहिले आर्थिक ऐनको पनि आवश्यकता छ। आयात प्रतिस्थापनमा पनि काम गर्न आवश्यक छ।' नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले पनि सरकारले आर्थिक मुद्दालाई प्राथमिकतामा राख्न आग्रह गरे। अहिले पनि मन्त्रालय-मन्त्रालयबीच हुने असमझदारी र सहकार्य नहुँदा लगानीकर्ताले समस्या खेपेको उनले बताए।

अहिले वित्तीय नीतिभन्दा मौद्रिक नीति बढी प्रभावशाली देखिएको नेपाल बैंकर्स संघका अध्यक्ष अनिलकुमार उपाध्यायको भनाइ छ। 'मौद्रिक नीतिले वित्तीय नीतिलाई सघाउने हो,' उनले थपे, 'अहिले अर्थतन्त्रको सबै क्षेत्रले मौद्रिक नीतिबाट धेरै अपेक्षा गरिरहेको देखिन्छ।' वित्तीय प्रणालीले भोग्दै आएको लगानीयोग्य रकम अभावको समस्या दीर्घकालिन समाधान गर्न सरकारले प्राथमिकतासाथ काम गर्नुपर्ने उनले जनाए।


## युरोपियन मुलुक Romania र Qatar मा रोजगार

Company: **MASTER GLOBAL RECRUITMENTS SRL,** Bucharest, Romania
पूर्व स्वीकृती मिति: २०७९/८/१४ LT. No.: 276643 चलानी नं.:६०१९२४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने.रु | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOK | 10 | 0 | सम्बन्धित काममा दक्ष | 650 | ८४,८४५ | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | COOK HELPER | 20 | 0 | | 550 | ७१,७९२ | | ८ घण्टा | ६ दिन | | | | |
| 3 | WAITER | 10 | 0 | | 550 | ७१,७९२ | | ८ घण्टा | ६ दिन | | | | |
| 4 | HOUSEKEEPING | 0 | 10 | | 600 | ७८,३१९ | | ८ घण्टा | ६ दिन | | | | |
| 5 | CONSTRUCTION WORKERS | 20 | 0 | | 600 | ७८,३१९ | | ८ घण्टा | ६ दिन | | | | |
| 6 | GENERAL WORKER | 40 | 10 | | 550 | ७१,७९२ | | ८ घण्टा | ६ दिन | | | | |

Company: **Panda Delivery,** Qatar, Doha
पूर्व स्वीकृती मिति: २०७९/८/११ LT. No.: 274355 चलानी नं.:६०१९०२६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER(Bike) | 30 | 0 | [illegible] | 1500 | ५३,७७६ | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छ | छ | २ वर्ष |

**अन्तरवार्ता: २०७९ मसिर २२ गते (8 December, 2022) यस प्रा. लि. को कार्यालयमा हुनेछ।**

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | निःशुल्क |

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुद्धनगर नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला। कुल लागत खर्च: निःशुल्क

**KSA International Group Pvt. Ltd.**
Leading Manpower Experts
(Manpower Services Nepal P. Ltd.)
Govt. License No. 175/056/057
P.O.Box: 1202, Kathmandu, Nepal
Tel: 01-4593104, 9851336556
WhatsApp No. 9841247790
Email: ksaconcern@gmail.com
www.ksagroup.com.np
Mobile: 9801022674

आवश्यकता ▸▸
कन्सल्टेन्सि अफिसको लागि
DOCUMENTATION STAFF, COUNSELLOR
IELTS/PTE/JAPANESE/KOREAN Teacher
अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।
Email: studyconsulnp@gmail.com


नेपाल खुला विश्वविद्यालय
केन्द्रीय कार्यालय
मानभवन, ललितपुर

सम्पर्क नं.:
सामाजिक शास्त्र तथा शिक्षा संकाय
०१- ५५२४१०८, ५००८०४७
विज्ञान, स्वास्थ्य तथा प्रविधि संकाय
०१- ५५२४३०९, ५००८०४७

## भर्ना आवेदनसम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७९।०८।१६ गते)

नेपाल खुला **विश्वविद्यालय, सामाजिक शास्त्र तथा शिक्षा संकाय र विज्ञान, स्वास्थ्य तथा प्रविधि संकाय**अन्तर्गत विश्वविद्यालयको शैक्षिक पात्रो (Academic Calender), अनुसार वि.स.२०७९ हिउँदे सत्रको सेमेष्टर प्रणालीअन्तर्गत वि.सं. २०७९ फाल्गुण १ गतेदेखि कक्षा सञ्चालन हुने तपसिलका तह र विषयका कार्यक्रमहरूको भर्ना आवेदन आव्हानसम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ। अन्य विस्तृत जानकारीका लागि विश्वविद्यालयको वेवसाइट **www.nou.edu.np** मा हेर्नका लागि अनुरोध गरिन्छ।

**भर्ना कार्यक्रम आवेदन आव्हान गरिएका संकायका तह र विषयहरु**

**सामाजिक शास्त्र तथा शिक्षा संकाय**

1. **Master in Media and Communication Studies (MMCS) (2 Year, 4 Semester)**
2. **Master in Educational Sciences (MES) (2 Year, 4 Semester) (Equivalent to MEd) (Education Studies, Nepali Education and English Education)**
3. **Master in Pedagogical Science (MPS) (1 year, 2 Semester)**
4. **Bachelor of Arts (BA) (4 Years, 8 Semester)**
   Sociology (Common Major), English (Major), Nepali (Major), Economics (Major), Journalism and Mass Communication (Major), Library and Information Science (Major), Islamic Studies (Major, Philosophy and Religion)

**विज्ञान स्वास्थ्य तथा प्रविधि संकाय**

1. MPhil in ICT : (1.5 Years, 3 Semester)
2. Masters Degree in e-Governance: (2 Years, 4 Semester)
3. Masters Degree in Geoinformatics: (2 Years, 4 Semester)
4. Masters Degree in Natural Resources and Development (NRD): (2 Years, 4 Semester)
5. Masters of Science in Environmental and Occupational Health (EOH): (2 Years, 4 Semester)




# मोरक्कोको सनसनी, बेल्जियम बाहिरियो

राजु घिसिङ (दोहा)

युरोपेली लिगका स्टार खेलाडीले भरिएको बेल्जियमलाई विश्वकप २०२२ मा उपाधिको दाबेदार मानिएको थियो । तर, फिफा वरीयताको दोस्रो स्थानको टिम बेल्जियम बिहीबार क्रोएसियासँग गोलरहित खेलेपछि कतार संस्करणमा समूह चरणबाटै बाहिरिएको छ ।

प्रशिक्षक रोबर्टो मार्टिनेजले ८ वर्षयता सम्हालेको बेल्जियम यो विश्वकपमा अनपेक्षित रूपमा सबैभन्दा चाँडै घर फर्किने पहिलो ठूलो टिम पनि बन्यो । पहिलो चरणबाट बाहिरिएसँगै मार्टिनेजले आफ्नो पदबाट राजिनामा दिएको छ ।

फितलो प्रदर्शन गरे पनि क्यानडाविरुद्ध १-० को जित हात पारेको बेल्जियम दोस्रो खेलमा अफ्रिकी टिम मोरक्कोसँग २-० को हार बेहोरेपछि संकटमा परेको थियो ।

चार वर्षअघि रुसमा भएको विश्वकपमा तेस्रो भएको बेल्जयमलाई यसपालि नकआउटमा स्थान बनाउन क्रोएसियाविरुद्ध जित्नैपर्ने बाध्यता थियो । तर, केभिन डी ब्रुयन नेतृत्वको टिमले लुका मोड्रिचको क्रोएसियाविरुद्ध राम्रो खेल प्रदर्शन गर्न सकेन । त्यसैले पहिलोपल्ट विश्वकप जित्ने लक्ष्यसहित कतार आइपुगेको बेल्जियमको चुनौती समूह चरणमै समाप्त भएको छ । पछिल्लो दशक बलियो टिम बन्दै उत्कृष्ट प्रदर्शन गरेको बेल्जियमको स्वर्णिम पुस्ताको युग उपाधिविहीन रूपमै अन्त्य भएको छ । बेल्जियन खेलाडीहरू समूह चरणबाटै बाहिरिएको जानकारीपछि मैदानमै ढलेका थिए । बेल्जियम पछिल्लो आठ संस्करणमा दोस्रोपल्ट समूह चरणबाटै बाहिरिएको हो ।

रुसी संस्करणको फाइनलमा फ्रान्ससँग ४-२ ले हारेको क्रोएसिया एक जित र दुई बराबरी खेल्दै समूह 'एफ'मा उपविजेता भएको हो । मोड्रिचको टिमले पनि कतारमा उत्कृष्ट प्रदर्शन गर्न सकेको छैन । त्यसैले मोरक्को २-१ ले क्यानडालाई हराएर समूह विजेताको हैसियतमा अन्तिम १६ मा प्रवेश गऱ्यो । हकिम जिएचले चौथो मिनेटमै मोरक्कोलाई अग्रता दिलाएका थिए । युसेफ इन नासेरीले २३ औं मिनेटमा मोरक्कोको अग्रता दोब्बर बनाए । नाएफ अगुएर्डले ४० औं मिनेटमा आफ्नै पोस्टमा गोल गरेपछि मोरक्कोको अग्रता २-१ मा झर्‍यो । तर, त्यसलाई कायम राख्दै मोरक्को सनसनीपूर्ण ढंगले समूह विजेता नै बन्यो । सन् १९८६ पछि मोरक्को पहिलोपल्ट विश्वकपको अन्तिम १६ मा पुगेको हो । चार वर्षपछिको सहअयोजक क्यानडाले भने समूहका तीनै खेल हारेको हो ।

अहमद बिन अली रंगशालामा भएको खेलको दोस्रो हाफ निकै आक्रामक रह्यो । ठीक उही समयमा भएको खेलमा मोरक्कोले क्यानडाविरुद्ध अल थुमामा रंगशालामा पहिलो हाफमा २-१ को अग्रता लिएपछि क्रोएसिया र बेल्जियम नकआउट प्रवेशका लागि जित्नैपर्ने दबाबमा परेको थियो । क्रोएसियाका फरवार्ड इभान पेरिसिचले प्रहार गरेको बलमा बेल्जियन गोलकिपर थिबाउट कोर्टियसले उत्कृष्ट बचाउ गरेका थिए ।

सब्स्टिच्युटको रूपमा मैदानमा प्रवेश गरेका रोमेलु लुकाकुले प्रहार गरेको बल पोलमा लागेर फर्कियो । उनको फ्री हेडरमा बल पोस्टमाथिबाट बाहिरियो । त्यसपछि पनि उनले सिक्स यार्ड बक्समा दुईपल्ट पाएका थिए । पहिलो प्रहार पोस्टबाहिर गयो । अर्कोपल्ट छातीले रोकेर पनि बल प्रहार गर्न सकेनन् र गोलकिपर डोमिनिक लिभाकोभिचले बल नियन्त्रणमा लिए ।





आफ्ना मुख्य प्रशिक्षक वाहिद रेग्रागुलाई उफारेर खुसी साट्दै मोरक्कोका खेलाडी । दायाँतर्फ निराश बेल्जियमका खेलाडी
*तस्बिर : एपी*

4G

## हिजोको नतिजा

**मोरक्को २-१ क्यानडा**
(हकिम जिएच ४, युसेप एन नासेरी २३)
(नाएफ अगुएर्ड ४० आत्मघाती)

**बेल्जियम ०-० क्रोएसिया**

**पोल्यान्ड ०-२ अर्जेन्टिना**
(एलेक्सिस म्याकालिस्टर ४६, जुलियन अल्भारेज ६७)

**साउदी अरेबिया १-२ मेक्सिको**
(सलेम अल दावसारी ९०+५)
(हेनरी मार्टिन ४७, लुइस चाभेज ५२)



नेपाल टेलिकम
राष्ट्रको सञ्चार

## आजका खेल

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**समूह 'एच'**

द. कोरिया विरुद्ध २०:४५ पोर्चुगल

घाना विरुद्ध २०:४५ उरुग्वे

**समूह 'जी'**

सर्बिया विरुद्ध ००:४५ स्विट्जरल्यान्ड

क्यामरुन विरुद्ध ००:४५ ब्राजिल




BYD
PLAYERS TO WATCH

**एलेक्जान्डर मिट्रोभिच (सर्बिया)**

'रेड हट' स्ट्राइकर भए पनि उनको क्षमतालाई लिएर धेरै प्रश्न उठेको थियो, जुन स्वाभाविक थियो । उनले माथिल्लो डिभिजनको लिगमा आफ्नो क्षमताअनुरुप खेल्न सकेका थिएनन् । यस सिजनको प्रिमियर लिगको पहिलो खेलमै उनले लिभरपुलविरुद्ध २ गोल गरेका थिए । फुलहमबाट उनले ७ गोल गरिसकेका छन् । क्यामरुनविरुद्ध उनले गोल गर्दै कतार विश्वकपमा खाता खोलिसकेका छन् । २८ वर्षे मिट्रोभिचले सर्बियाको राष्ट्रिय टोलीबाट ७८ खेलमा ५१ गोल गरिसकेका छन् । उनी सर्बियाका सर्वाधिक गोलकर्ता हुन् ।






**समूह एफ**

| देश | खेल | जित | बराबर | हार | गोल गरेको | गोल खाएको | गोल अन्तर | अंक |
|---|---|---|---|---|---|---|---|---|
| मोरक्को | ३ | २ | १ | ० | ४ | १ | ३ | ७ |
| क्रोएसिया | ३ | १ | २ | ० | ४ | १ | ३ | ५ |
| बेल्जियम | ३ | १ | १ | १ | १ | ४ | -१ | ४ |
| क्यानडा | ३ | ० | ० | ३ | २ | ७ | -५ | ० |

**समूह सी**

| देश | खेल | जित | बराबर | हार | गोल गरेको | गोल खाएको | गोल अन्तर | अंक |
|---|---|---|---|---|---|---|---|---|
| अर्जेन्टिना | ३ | २ | ० | १ | ५ | २ | ३ | ६ |
| पोल्यान्ड | ३ | १ | १ | १ | २ | २ | ० | ४ |
| मेक्सिको | ३ | १ | १ | १ | २ | ३ | -१ | ४ |
| साउदी अरेबिया | ३ | १ | ० | २ | ३ | ५ | -२ | ३ |

# सर्बियन र स्विसबीच निर्णायक संघर्ष

दोहा (एपी)- जतिबेला सर्बिया र स्विट्जरल्यान्डबीच शुक्रबार विश्वकप २०२२ मा खेल हुनेछ, त्यो नकआउट चरण प्रवेशका लागि 'हेड टु हेड इलिमिनेसन' खेल हुनेछ । युरोपका दुई टिमको खेल स्टेडियम ९७४ मा हुनेछ । यो खेलले समूह 'जी' बाट अर्को चरण पुग्ने दोस्रो टिमको निर्णय गर्नेछ । यस समूहबाट ब्राजिल यसअघि नै अन्तिम १६ मा प्रवेश गरिसकेको पृष्ठभूमिमा । सर्बियाली प्रशिक्षक ड्रागन स्टोकोभिचले बिहीबार मिडियासँग कुराकानी गर्दै माने, आफूहरूको संघर्ष समूहको दोस्रो स्थानमा लागि मात्र ।

यस्तो किनभन्दा ब्राजिल विशेष टिम हो । प्रशिक्षक स्टोकोभिचले भने, 'ब्राजिल भएको समूहमा अरूका लागि दोस्रो स्थान एकमात्र विकल्प हो, अरू बाटो छैन ।' ब्राजिलले सोमबारको खेलमा स्विट्जरल्यान्डलाई १-० ले हराएको थियो । त्यसअघि सर्बियालाई पनि २-० ले हराएको थियो । यी दुई खेल लगातार जितेर पाँचपल्टको विश्वकप विजेता अन्तिम खेलअघि नै अन्तिम १६ मा पुगिसकेको छ । ब्राजिलको अन्तिम खेल क्यामरुनविरुद्ध छ ।

त्यस स्थितिमा स्विट्रजरल्यान्ड ३ अंक लिएर दोस्रो स्थानमा छ । टोलीलाई अगाडि बढ्न सर्बियाविरुद्ध बराबरी नै पर्याप्त छ । तर स्विस टिमको योजना हो, जितभन्दा फरक नतिजा स्वीकार्य हुने छैन । स्विस मिडफिल्डर ग्रिबिल सो भन्छन्, 'मलाई लाग्दैन कुनै पनि टिमले विश्व फुटबलमा गोलरहित बराबरीका लागि खेल्नेछ । यो निकै डरलाग्दो स्थिति हुनसक्छ ।' इतिहासले भन्छ, स्विट्जरल्यान्ड यस्तो तनावपूर्ण स्थिति सम्हाल्न सक्षम छ । त्यसैले त स्विट्जरल्यान्डले पछिल्ला दुई विश्वकप र दुई युरोपेली च्याम्पियनसिपको अन्तिम १६ मा प्रवेश गरेको छ । सर्बियाले भने स्वतन्त्र देशका रूपमा अस्तित्वमा आएयता अहिलेसम्म नकआउट चरण खेलेको छैन । सन् २०१० यता सर्बियाले चारमध्ये तीन विश्वकप खेलेको छ, तर अहिलेसम्म युरोपमा भने छनोट भएको छैन । क्यामरुनविरुद्ध सोमबारको खेलमा पनि सर्बिया एक समय ३-१ ले अगाडि थियो र खेल पूर्णतः उसकै पकडमा थियो ।

तर, सर्बियाले खेलमा यही नियन्त्रण एकाएक गुमायो र कम समयमा दुई गोलको अवसर दियो । नतिजा खेल ३-३ को बराबरीमा टुंगियो । प्रशिक्षक स्टोकोभिच पनि मान्छन्, आफ्ना खेलाडीले त्यस खेलमा मुर्खपूर्ण भुल गरे । उनी भन्छन्, 'तर सर्बियाका लागि केही पनि बिग्रेको छैन, राम्रो कुरा के हो भने हाम्रो भाग्य हाम्रै हातमा छ ।' पछिल्लो विश्वकपमा स्विस टिमले सर्बियालाई हराउँदा त्यो खेल निकै तनावपूर्ण थियो । यसको कारण राजनीतिक थियो ।

अहिले भने दुवै टिम त्यो पुरानो इतिहासमा फर्कन चाहँदैनन् । स्विस प्रशिक्षक मुरत यकिनले अबको खेल खेलमात्र रहने बताएका छन् । उनले भनेका छन्, 'हामी तयार छौं र परिपक्व भइसकेका छौं, अबको खेल विशुद्ध फुटबलमात्र हुनेछ । अरू केही होइन् ।' स्विट्रजरल्यान्ड र सर्बियाबीचको खेल किन पनि दोस्रो स्थानका लागि भइरहेको छ भने कसैले पनि अर्को खेलमा क्यामरुनले ब्राजिललाई हराउने कल्पना गरेका छैनन् ।





**अल अरबी मैदानमा अभ्यासरत सर्बियाका खेलाडी । प्रेसमिटमा स्विस प्रशिक्षक मुरत यकिन आफ्ना खेलाडीसँग (दायाँ)**
*तस्बिर : एपी*



# निर्णायक शृंखलातर्फ नेपाल

## विश्व क्रिकेट लिग २ मा समीकरणको हिसाबले नामिबियासँगको दुई खेल नेपालका लागि अझ महत्त्वपूर्ण




**नामिबियामा अघिल्लो दिन प्रशिक्षणका क्रममा नेपाली क्रिकेट टोलीका खेलाडी ।** *तस्बिर सौजन्य : क्यान*

**विनोद पाण्डे** (काठमाडौं)

नेपालका लागि विश्वकप क्रिकेट लिग २ मा पर्याप्त खेल बाँकी छैनन् । यो तथ्य बुझेर नेपाली क्रिकेट राष्ट्रिय टोली नामिबिया पुगिसकेको छ । अब एक साता नेपालले लिग २ को निर्णायक समीकरणमा नामिबिया र स्कटल्यान्डविरुद्ध २-२ खेल खेल्दै छ ।

सात राष्ट्र सहभागी लिग २ को शीर्ष तीन राष्ट्र विश्वकप छनोटमा पुग्नेछन् भने शीर्ष ५ राष्ट्रले एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता जोगाउने छन् । नेपाल यी दुवै समीकरणबाहिर छ । नेपाल २० खेलबाट १७ अंकमात्र जोडेर छैटौं स्थानमा छ । ओमान ४४, स्कटल्यान्ड ४२, अमेरिका ३५, नामिबिया ३२, यूएई २७ अंकसाथ शीर्ष ५ स्थानमा छन् ।

ओमान र अमेरिकाले सबै ३६ खेल खेलिसकेका छन् । नेपालले १६ खेल खेल्न बाँकी छ । नामिबिया भ्रमणबाहेक नेपालले आउँदो तीन महिनामा दुई घरेलु शृंखलाबाट ८ एकदिवसीय अन्तर्राष्ट्रिय खेल्नेछ । नेपालले नामिबिया, स्कटल्यान्ड, यूएई र पपुवा न्युगिनीसँग ४-४ खेल खेल्न बाँकी छ ।

१६ मध्ये १० खेलमा विजय हात पारेमा नेपालले अमेरिकालाई उछिन्दै कम्तीमा शीर्ष पाँचभित्र परेर एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता सुरक्षित गर्नेछ । यो तथ्यमा नामिबिया भ्रमण नेपाललाई अहिलेसम्मकै कठिन परीक्षा हुनेछ । समीकरणको हिसाबले नामिबियासँगको दुई खेल नेपालका लागि अझ महत्त्वपूर्ण हुनेछ ।

नेपालले शुक्रबार घरेलु टोली नामिबियासँग खेलेर यात्रा सुरु गर्नेछ । त्यसपछि डिसेम्बर ४ मा स्कटल्यान्ड, डिसेम्बर ७ मा नामिबिया र डिसेम्बर ८ मा स्कटल्यान्डसँग खेल्नेछ । लिग २ को विजेता बन्नेक्रममा रहेको स्कटल्यान्डमाथि विजय हात पारेमा नेपाललाई त्यो 'बोनस' हुनेछ ।

जुलाईमा स्कटल्यान्डलाई उसैको भूमिमा नेपालले १ सय ४४ रनमा अलआउट गरी ५ विकेटको विजय हात पारेको थियो । स्कटल्यान्डमाथि कुनै पनि संरचनामा नेपालको त्यो पहिलो जित थियो । त्यसयता नेपाली क्रिकेटमा धेरै परिवर्तन आइसकेको छ । स्कटल्यान्ड भ्रमणपछि नेपालको प्रशिक्षक पदबाट पुबुदु दासानायकेले राजीनामा दिइसकेका छन् । उनको स्थानमा भारतका मनोज प्रभाकर आएका छन् ।

प्रभाकर र कप्तान रोहित पौडेलका लागि यो पहिलो अग्निपरीक्षा हुनेछ । अगस्ट-सेप्टेम्बरमा केन्या भ्रमणमा नेपालले पाँच ट्वान्टी-२० अन्तर्राष्ट्रिय र तीन एकदिवसीय खेलेको थियो । प्रभाकरको नेपाल यात्रा यही भ्रमणबाट सुरु भएको हो । सन्दीप लामिछानेको अनुपस्थितिमा पहिलो पटक कप्तानी गरेका रोहितले केन्याविरुद्ध नेपाललाई एकदिवसीयमा 'क्लिन स्विप' विजय दिलाएका थिए ।

सन्दीप बलात्कारको आरोपमा जेल चलान भएपछि रोहित नेपालको नियमित कप्तान बनेका छन् । अघिल्लो महिना रोहितकै कप्तानीमै नेपालले यूएईलाई घरेलु मैदानमा एकदिवसीय अन्तर्राष्ट्रिय शृंखलामा २-१ ले पराजित गरेको थियो । त्यस अर्थमा नामिबिया भ्रमण प्रशिक्षक प्रभाकर र कप्तान रोहितका लागि पहिलो मुख्य परीक्षा हुनेछ, जसले नेपाली क्रिकेटको आगामी भविष्य निर्धारण गर्नेछ ।

दिल्लीमा अभ्यास खेल खेल्दै नेपाली टोली नामिबिया पुगेको हो । कप्तान र प्रशिक्षकबाहेक नेपाली टोलीमा धेरै परिवर्तन छ । राष्ट्रिय टोलीमा पुनरागमनयता ज्ञानेन्द्र मल्ल मार्चपछि पहिलो पटक लिग २ मा खेल्दै छन् । उनको अनुपस्थितिमा देव खनालले लिग २ मा नेपालको एङ्करिङ गर्दै तेस्रो नम्बरमा ब्याटिङ गरेका थिए । अहिले ज्ञानेन्द्रले नै देवको स्थान लिएका छन् ।

नेपालका सबैभन्दा कान्छा कप्तान रोहितमाथि ब्याटिङको ठूलो आशा हुनेछ । यूएईसँगको तीन एकदिवसीय अन्तर्राष्ट्रिय खेलको शृंखलामा रोहितले कुल १९ रनमात्र बनाउन सकेका थिए । रोहितले कप्तानी भारले आफ्नो प्रदर्शनमा असर परेको भन्दा पनि केही गलत निर्णयले गर्दा ठूलो स्कोर खेल्न नसकेको जनाएका थिए । रोहितले नेपालबाट एकदिवसीयमा सबैभन्दा बढी ८ सय २७ रन बनाएका छन् । यही प्रदर्शनले नै रोहितलाई नेपालको नेतृत्वको जिम्मेवारी दिलाएको छ ।

रोहितजस्तै ओपनर आसिफ शेख पनि राम्रो लयमा छन् र उनले अर्जुन साउदसँग नेपालको ओपनिङ गर्नेछन् । दीपेन्द्रसिंह ऐरीका लागि नामिबिया भ्रमण अझ महत्त्वपूर्ण हुनेछ । उनले लिग २ को १६ खेलमा ११ मुनिको औसतमा १ सय ४५ रनमात्र बनाउन सकेका छन् । योक्रममा नेपालका प्रमुख ब्याटर रहेका दीपेन्द्रले एउटै अर्धशतक बनाउन सकेका छैनन् । जबकि गत वर्ष पपुवा न्युगिनीसँग द्विपक्षीय शृंखलमा शतक बनाएका उनले यूएईसँगको शृंखलाको पहिलो खेलमा अर्धशतक बनाएका थिए ।

सन्दीपको स्थानमा नेपालको स्पिन बलिङको मोर्चा ललित राजवंशी र सागर ढकालले सम्हाल्ने छन् । लिग २ मा ललितले अझै बलिङ नै गरेका छैनन् । सन् २०२० फेब्रुअरीमा ललितले अमेरिकाविरुद्ध लिग २ को खेल कीर्तिपुरमा खेलेका थिए । तर अमेरिकालाई ३५ रनमा अलआउट गरेको उक्त खेलमा उनले बलिङ नै गर्न पाएनन् । दीपेन्द्र, कुशल भुर्तेल, हरिशंकर शाह नेपालको स्पिन विकल्प हुनेछन् । तीव्र बलिङमा नेपालले सोमपाल कामी, करण केसी र गुलशन झालाई उतार्न सक्नेछ ।

नामिबिया बिहीबार स्कटल्यान्डसँग ४ विकेटले पराजित भएको थियो । नामिबियाले जुलाईमा स्कटल्यान्डमा नेपालसँगको दुई महत्त्वपूर्ण खेलमा विजय हात पारेको थियो ।

# एक सज्जन खेलकर्मीको अवसान

**हिमेश** (काठमाडौं)



फाइल तस्बिर

२०५९ साल । भर्खरै जसो राजा ज्ञानेन्द्रको शाही शासन सुरु भएको थियो । राष्ट्रिय खेलकुद परिषद्मा पनि नयाँ नेतृत्व आउने भयो । त्यो पनि शाही परिवारको निकै नजिकका नातेदार । ती अरू कोही होइनन्, किशोरबहादुर सिंह थिए । सदस्यसचिवमा नियुक्त हुन साता दिनअगाडि नै उनीसँग भेट्ने अवसर जुरेको थियो । कालिकास्थानमा भएको त्यस भेटमा उनी आफ्नो काँधमा निकै ठूलो जिम्मेवारी आएको बताउँथे । काम सुरु गरिहाल्न हतार गरिरहेका थिए ।

उनीसँगको त्यो समयको पहिलो भेटकै अनुभव थियो, यिनी निकै सज्जन छन् । उनले त्यतिबेला बोलेको पहिलो भनाइ ठ्याक्कै यस्तो थियो, 'खेलाडी पृष्ठभूमिको व्यक्तित्वले गर्दा मलाई खेलकुदलाई नजिकबाट बुझ्न गाह्रो हुने छैन । मैले यसलाई चुनौतीको रूपमा पनि हेरेको छु र आफ्नो कार्यकाल सफल हुनेमा विश्वस्त छु ।' कुराकानीका क्रममा उनमा कुनै प्रकारको दम्भ देखिएन । नम्र थिए, सरल पनि । केही विस्तारै बोल्थे ।

बीचबीचमा आत्मीयता जनाउने मीठो हाँसो पनि हुन्थ्यो । आफू तत्कालीन राजपरिवारको नजिक भएको परिचय पनि दिन चाहेनन् । यिनै सिंहको बिहीबार निधन भयो । सायद यो एक प्रकारले अप्रत्यासित रहयो, किनभने बुधबारसम्म उनी साथीभाइसँगकै भेटघाटमै थिए । असामान्य केही देखिएको थिएन । राति केही असजिलो महसुस भएपछि अस्पताल लगिएको थियो । स्वास्थ्य स्थिति एकाएक जटिल भयो र सबैलाई स्तब्ध पार्दै मृत्युवरण गरे ।

उनलाई हृदयघात भएको थियो । उनी ७३ वर्षका थिए । नेपाली खेलकुदको नेतृत्वमा उत्कृष्ट खेलाडी पृष्ठभूमिका व्यक्ति विरलै पुगेका छन् । त्यसमध्ये एक सिंह थिए । उनी नेपाली खेलकुदका पक्का 'लेजेन्ड' थिए । खेलाडीको खेलजीवनमा निकै उतारचढाव आउने गर्छ, उनी यस्तै भन्थे । त्यसैले जस्तै स्थितिमा पनि आफूलाई अभ्यस्त राख्नुपर्ने उनको सल्लाह हुन्थ्यो । उनको निधन नेपाली खेलकुदका लागि वास्तवमै ठूलो क्षति रहेको छ ।

**ब्याडमिन्टनका अब्बल खेलाडी**

सिंहको जीवनलाई सम्भवतः दुई भागमा विभाजन गर्न सकिन्छ । पहिलो खेलाडीका रूपमा । दोस्रो खेल प्रशासकमा रूपमा । त्यसमध्ये उनलाई सम्झिनुपर्ने खास कारण भने ब्याडमिन्टन खेलाडीका रूपमा हो । खेलाडी पनि कस्ता भने निकै अब्बल दर्जाको । उनको नाममा रहेको एउटा कीर्तिमान खुबै महान् छ । त्यो हो, उनले २०२९ सालयता लगातार छपल्ट एकल उपाधि जितेर नेपाल च्याम्पियन बनेको । समग्र नेपाली खेलकुदमै यस्तो प्रदर्शन दुर्लभ रहेको छ । उनलाई नै सोध्ने अवसर प्राप्त भएको थियो, त्यो समय तपाईंको खेलमा त्यस्तो के थियो त ? यसको उत्तरमा उनी सबैभन्दा पहिले मुसुक्क हाँसे । अनि आफूमा खासै केही विशेष नरहेको बताए । तर उनले के माने भने आफू विपक्षी खेलाडीको प्रदर्शन हेरेर कस्तो खेल खेल्नुपर्छ भन्ने रणनीति बुन्न भने माहिर छन् । भनिन्छ, उनी आफ्नो जीवनको उत्कृष्ट लयमा हुँदा कोही पनि उनको छेउछाउ पुग्न सकेनन् । सायद उनी ब्याडमिन्टन खेल्नकै लागि जन्मेका थिए ।

नेपाली ब्याडमिन्टनको एउटा ठूलो विशेषता के हो भने यो खेल राजपरिवारसँग निकै नजिकबाट जोडिन्छ । राजा महेन्द्र ब्याडमिन्टन संघकै नेतृत्वमा पनि रहे । सायद यही पृष्ठभूमिमा सिंह पनि ब्याडमिन्टनसँग जोडिए । तर यो खेलसँग जोडिनु र अब्बल खेलाडी हुनु दुई फरक कुरा हो । उनी नेपालको प्रतिनिधित्व गरेर खेल्नु नै आफ्ना लागि सबैभन्दा ठूलो उपलब्धि रहेको मान्थे । उनले भनेका थिए, 'मेरो समय नेपाली ब्याडमिन्टनको स्वर्णिमकाल थियो ।'

त्यसो भनेको उनको समयमा ब्याडमिन्टन नेपालको नम्बर एक खेलजस्तै बनेको थियो । सन् १९७० मा बैंककमा भएको एसियाली खेलकुदमा नेपालले ब्याडमिन्टनतर्फ पहिलोपल्ट भाग लिएको थियो । त्यसकै एक सदस्य थिए यिनै सिंह । ६ खेलाडीले त्यसमा सहभागिता जनाएका थिए, त्यसमा एक त सिंह भए । अन्य खेलाडी थिए मोहनबहादुर शाही, गेहेन्द्रमान सिंह, बलराम केसी, पुरुषोत्तम केसी र ज्ञानबहादुर खड्का । त्यस अर्थमा पनि सिंह नेपाली ब्याडमिन्टनका ऐतिहासिक खेलाडी भए ।

**सदस्य-सचिवका रूपमा 'सफा'**

सिंह परिषदका १४ औं सदस्य-सचिव थिए । उनले ०६३ सम्म त्यस पदमा रहे । उनको कार्यकालको सबैभन्दा ठूलो पक्ष थियो, आर्थिक रूपमा पारदर्शी काम । उनले त्यो समय तदर्थवादमा चलेको संघहरूलाई औपचारिक रूप दिन खोजे, साधारणसभा र चुनावबाट नेतृत्व छनोट गर्ने बाटो बनाए । त्यो आफैंमा ठूलो परिवर्तन थियो । तर पछि तिनै संघलाई विघटन गरेपछि त्यसले ठूलो विवाद पनि लिएको थियो, शाही शासन अन्त्य भएपछि ।

उनले परिषदको नेतृत्व लिएलगत्तै नवौं दक्षिण एसियाली खेलकुदको तयारी सुरु भएको थियो । उनले यसलाई ठूलो प्राथमिकतामा राखेका थिए । एक प्रकारले भन्दा सदस्य-सचिवका रूपमा परिषदमा उनको नेतृत्व ठीकै रह्यो । सदस्य-सचिव नियुक्त हुँदा नै उनी नेपाल ओलम्पिक कमिटीसँग पनि आबद्ध थिए । पछि ओलम्पिक कमिटीसँग व्यक्तिगत मनमुटावसुरु भयो । उनको समयमा परिषद र ओलम्पिक कमिटीबीच निकै बेमेल रह्यो ।

सम्भवतः परिषद र ओलम्पिक कमिटीबीच विवादले चर्को रूप लिएको समय उनको परिषदको कार्यकाल पनि रह्यो । पानी बाराबारकै स्थिति पुगेको थियो र एक समय नवौं दक्षिण एसियाली खेलकुदमा नेपालको सहभागिता नै अन्योल बनेको थियो । ओलम्पिक कमिटीको चुनाव प्रक्रियामा भाग लिएर त्यसलाई मान्न अस्वीकार गर्नु पनि सिंहको कमजोरी रह्यो । विवादबीचमै उनले जिम्न्यास्टिक संघको नेतृत्व पनि सम्हाले । तय छ उनलाई धेरै उच्च सम्मानले सम्झिनुपर्ने मूल कारण खेलाडीका रूपमा नै हो । यो नै उनीप्रति सच्चा श्रद्धान्जली हुनेछ ।

# अर्जेन्टिना लयमा फर्कियो

दोहा (कास)- पहिलो खेलमै साउदी अरेबियासँग अविश्वसनीय हार बेहोरेपछि संकटमा परेको अर्जेन्टिना दोस्रो खेलमा मेक्सिकोलाई २-० ले हराएर कतार विश्वकपमा आफ्नो सम्भावना कायमै राखेको थियो ।

अर्जेन्टिनाले उष्त्कृष्ट प्रदर्शन गर्दै रंगशाला ९७४ मा बुधबार पोल्यान्डलाई पनि २-० ले पराजित गर्दै ६ अंक बनाएर समूह 'सी' विजेताको रूपमा अन्तिम १६ मा स्थान बनाएको छ । हारेर पनि पोल्यान्ड नकआउट पुग्ने भाग्यमानी बन्यो । उसले लुसेल रंगशालामा साउदी अरेबियालाई २-१ ले परीजित गरेर अंक बराबरी गरेको मेक्सिकोलाई राम्रो गोल अन्तरका आधारमा उछिनेर समूहको दोस्रो स्थानमा रहँदै अन्तिम १६ को टिकट काटेको हो ।

फेरि ३६ वर्षपछि विश्व विजेता बन्ने लक्ष्यमा रहेको अर्जेन्टिनाले पेनाल्टीमार्फत पहिलो हाफमै अग्रता लिने अवसर पाएको थियो । तर, कप्तान लियोनल मेसीले प्रहार गरेको पेनाल्टीमा पोल्यान्डका गोलकिपर वज्सिक स्कुजनीले रोक्दै ३९ औं मिनेटमा संकट टारेका थिए । स्कुजनीसँग मेसी जुधेपछि भिडियो असिस्टेन्ट रेफ्री (भार) को सहयोगमा उक्त पेनाल्टी दिइएको थियो । तर, स्कुजनीले कतार संस्करणमा फेरि एकपल्ट पेनाल्टी रोकिदिए ।

मेसी केन्द्रित भए पनि संगठित रूपमा एक ढिक्का भएर अर्जेन्टिनाले आक्रामक प्रदर्शन गरिरह्यो । फलस्वरुप एलेक्सिस म्याक एलिस्टरले नाहुल मोलिनाको क्रसमा गोल गर्दै दोस्रो हाफको पहिलो मिनेटमै अर्जेन्टिनालाई १-० को अग्रता दिलाए । त्यसपछि जुलियन अल्भारेजले ६७ औं मिनेटमा उत्कृष्ट गोल गर्दै अर्जेन्टिनाको अन्तिम १६ को यात्रा निश्चित गरिदिए ।

बायर्न म्युनिकबाट बार्सिलोना पुगेका पोल्यान्डका गोल मेसिन रोबर्ट लेवान्डोस्कीले केही गर्न सकेनन् । पोल्यान्डले अर्जेन्टिनी गोलकिपर एमी मार्टिनेजलाई कुनै पनि बेला दबाबमा राख्न सकेनन् । पोलिस टिम निरीह नै रह्यो । ठीक उही बेला भएको अर्को खेलमा हेनरी मार्टिनले ४७ र लुइस चाभेजले ५२ औं मिनेटमा गोल गर्दै मेक्सिकोलाई नकआउट चरण नजिक पुऱ्याएका थिए । त्यसपछि गोल थप्ने प्रयासमा मेक्सिको शृंखलाबद्ध आक्रामण पनि गऱ्यो । समय घर्किंदै जाँदा हतारिन थाल्यो ।

मेक्सिकोलाई लगातार सातौंपल्ट नकआउटमा पुग्न तीन गोल अन्तर जित चाहिएको थियो । तर, साउदीका सलेम अल दावसारीले इन्ज्युरी समयको अन्तिममा गोल गरेपछि मेक्सिकोको जित २-१ मा साँघुरियो । त्यसैले मेक्सिकोसँग अंक बराबरी भए पनि राम्रो गोल अन्तर आधारमा पोल्याड समूहमा उपविजेता हुँदै अन्तिम १६ मा प्रवेश गऱ्यो । अर्जेन्टिनाविरुद्ध हारेर पनि त्यसको खुसीयाली मनाउने अवसर लेवान्डोस्कीको टिमले पायो ।

पोल्यान्डले अन्तिम १६ मा डिफेन्डिङ च्याम्पियन फ्रान्सविरुद्ध खेल्नेछ । समूह 'डी' को विजेता फ्रान्सलाई चुनौती दिन पनि पोलिस टिममा ठूलो सुधारको खाँचो देखिएको छ । दुईपल्टको विश्वकप विजेता अर्जेन्टिनाले क्वाटरफाइनल प्रवेशका लागि समूह 'डी' को उपविजेता अस्ट्रेलियाविरुद्ध प्रतिस्पर्धा गर्नेछ ।

# लुम्बिनीको फाइनल आस



**प्रदेश १ का खेलाडीको विकेट लिएपछि लुम्बिनी प्रदेशका खेलाडी ।** *तस्बिर : कान्तिपुर*

**कान्तिपुर संवाददाता** (काठमाडौं)

गत वर्षको विजेता लुम्बिनी प्रदेशले वाइवाइ यू-१९ पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनल पुग्ने आस कायमै राखेको छ । लुम्बिनीले बिहीबार त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा प्रदेश १ लाई ७ विकेटले पराजित गऱ्यो ।

साबिक उपविजेता सुदूरपश्चिम प्रदेश पहिलो ५ खेल जितेर शीर्षस्थानमा छ । ५ खेलमा ४ विजय हात पारेको लुम्बिनी र वाग्मतीको समान ८ अंक छ । राम्रो रनरेटका हिसाबमा वाग्मती दोस्रो स्थानमा छ । सबै ७ प्रदेशले एक आपसमा प्रतिस्पर्धा गरेपछि शीर्ष दुई टोलीले फाइनल खेल्नेछन् ।

निर्मल गुरुङले ५ विकेट लिएपछि टस जितेको प्रदेश १ टोलीले २६.२ ओभरमात्र खेलेर ६९ रनमै अलआउट भयो । शुभन गहतराजले २२ र स्टेन रिजालले १९ रन बनाउनुबाहेक प्रदेश १ बाट अन्यले दोहोरो स्कोरमा रन बनाउन सकेनन् । प्लेयर अफ द म्याच निर्मलले ४.२ ओभरमा २ मेडन राख्दै ४ रन खर्चेर उत्कृष्ट बलिङ गरे । दुर्गेश गुप्ताले २ तथा अभिषेक गौतम र तुलबहादुर थापाले १-१ विकेट लिए ।

लुम्बिनीले १६ ओभरमै लक्ष्य पूरा गऱ्यो । देव खनाल १९, आकाश त्रिपाठी १७ र प्रज्ज्वल थापा १५ रन बनाई आउट भए । सुनील भण्डारी ६ र विशाल भुसाल ८ रन बनाई अविजित रहे । प्रदेश १ का कप्तान दीपेश कँडेलले ३ र विपिन महतोले १ विकेट लिए ।

अर्को खेलमा गण्डकी प्रदेशले पहिलो जित हात पारेको छ । पहिलो ४ खेल हारेको गण्डकीले कर्णाली प्रदेशलाई १ सय ९ रनले हरायो । कर्णालीले पनि गण्डकीले जस्तै ५ मध्ये ४ खेल हारेको छ । गोविन्द बिक र अर्जुन कुमालको अर्धशतकमा गण्डकीले मूलपानी क्रिकेट मैदानमा निर्धारित ५० ओभरमा ७ विकेट गुमाई २ सय ३४ रन बनायो । गोविन्दले ५५ र अर्जुनले ५० रन बनाउँदै पहिलो विकेटमा २६ ओभरभित्र ९५ रन जोडे । गोविन्दले ८७ बल खेल्दै ७ चौका र १ छक्का तथा अर्जुनले १ सय ६ बल खेल्दै ३ चौका प्रहार गरे ।

करण पंगेनी १० र सिब्रिन श्रेष्ठ २६ रन बनाई आउट भए । दीपक डुम्रेले २७ बल खेल्दै ४ चौका र २ छक्कासहित ४४ रन बनाए । कप्तान सुवास भण्डारी १७ बलमा २१ रन बनाई अविजित रहे । कर्णालीका आवास शाहले ३ विकेट लिए, तर त्यसका लागि उनले १० ओभरमा ७० रन खर्चन पुगे । मोहन विकले २ र विनित खत्रीले १ विकेट लिए । जवाफमा आएको कर्णाली ३० ओभरमा १ सय २५ रनमा अलआउट भयो । सुवास ऐरले ३२ रन बनाए । उनले ३६ खेल्दै ५ चौका प्रहार गरे । मनीष थापा १८, कप्तान विपिन रावल १८ र युनिश सिंह १२ रनमा आउट भए । गण्डकीका कप्तान सुवासले ६ विकेट लिँदै प्लेयर अफ द म्याच प्रदर्शन गरे । उनले १० ओभरमा ३ मेडन राख्दै २७ रन खर्चेर उत्कृष्ट बलिङ गरे । सिब्रिनले ३ र निर्तेश गिरीले १ विकेट लिए ।






**कान्तिपुर पब्लिकेशन्स् लिमिटेड**द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, सम्पादक : **उमेश चौहान**, प्रधान सम्पादक : **सुधीर शर्मा**

# १२ महिला उम्मेदवारमध्ये ४ निर्वाचित

मोरङ (कास)- प्रदेश १ को १४ जिल्लाको २८ प्रतिनिधिसभा र ५६ प्रदेशसभा निर्वाचन क्षेत्रमा उठेका १२ महिलामध्ये चार मात्रै निर्वाचित भएका छन् । ८ जना पराजित भएका हुन् । प्रतिनिधिसभा सदस्यमा तेह्रथुम १ बाट संविधानसभा सदस्य तथा पूर्वराज्यमन्त्री सीता गुरुङ र सुनसरी ३ बाट एमालेकी भगवती चौधरी, प्रदेशसभा सदस्यमा इलाम १ (१) बाट संस्कृति तथा पर्यटनमन्त्री नेकपा (एकीकृत समाजवादी) की खिनु लङवा लिम्बू र झापा १ (२) बाट राप्रपाकी सविना बजगाईं निर्वाचित भएका छन् ।

सुनसरी-३ मा चौधरीले ४० हजार ७ सय ८८ मत ल्याएर विजयी भएकी छन् । उनको निकटतम प्रतिद्वन्द्वी यसअघि उक्त क्षेत्रबाट सात पटक निर्वाचित भइसकेका कांग्रेसका विजयकुमार गच्छदारले ३५ हजार ६ सय मत प्राप्त गरे । चौधरीले तेस्रो प्रयासमा गच्छदारलाई पराजित गरेकी हुन् । प्रतिनिधिसभातर्फ गठबन्ध दल कांग्रेसकी सुजाता कोइराला मोरङ २, राप्रपाकी अभिनेत्री रोखा थापा मोरङ क्षेत्र ३ र उदयपुर १ मा मञ्जुकुमारी चौधरी पराजित भएकी छन् । कोइराला एमालेका ऋषिकेश पोखरेल, थापा कांग्रेसका सुनिल शर्मा र चौधरी परराष्ट्रमन्त्री कांग्रेसका नारायण खड्कासँग पराजित भएकी हुन् ।

यस्तै, प्रदेशसभातर्फ निवर्तमान उपसभामुख माओवादी केन्द्रकी सरस्वती पोखरेल सुनसरी ३ (१), धनकुटा १(२) मा माओवादी केन्द्रकी निवर्तमान प्रदेश सांसद कुसुमकुमारी श्रेष्ठ, संखुवासभा १ (२) मा निवर्तमान प्रदेश सांसद नेकपा (एकीकृत समाजवादी) की सरिता थापा पराजित भएकी छन् । यस्तै, इलाम १ (१) मा एमालेकी शोभा पराजुली र मोरङ ६ (१) मा एमालेकी रिता न्यौपाने पराजित भएकी छन् ।

पहिलो प्रदेशसभामा चार महिला उम्मेदवारमध्ये दुई जना मात्रै जितेर आएकी थिइन् । इलामबाट खिनु लङवा र उदयपुरबाट कला घले जितेर आएकी थिइन् । यसपटक पनि खिनु लङवा दोस्रो पटक र बजगाईं पहिलो पटक प्रदेशसभामा निर्वाचित भएकी हुन् ।

९३ सदस्यी प्रदेशसभामा न्यूनतम ३१ जना महिला सांसदको प्रतिनिधित्व गराउनै पर्ने संवैधानिक व्यवस्थाअनुसार समानुपातिकबाट ३७ मध्ये न्यूनतम २९ महिला आउने भएका छन् । अघिल्लो पटक समानुपातिबाट ३० महिला प्रदेश सांसद भएका थिए । एमालेबाट दुई र समानुपातिकबाट १७ गरी १९, कांग्रेसबाट ६, माओवादीबाट ४, तत्कालीन संघीय समाजवादी फोरम, राप्रपा र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट १/१ जना समानुपातिकबाट प्रदेश सांसद भएका थिए ।

## हार्दिक श्रद्धाञ्जलि



जन्म
वि.सं. २०२४/०७/०७

स्वर्गारोहण
२०७९/०८/०४

**स्व. राजाराम पुडासैनी**

२०५४ सालमा साविक डाँछी गाउँ विकास समितिका जननिर्वाचित गाविस अध्यक्ष एवम् कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ५ का निवर्तमान अध्यक्ष तथा नगर प्रवक्ता **राजाराम पुडासैनी**को मिति २०७९ मंसिर ४ गतेका दिन असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै दुःखको यस घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी कामना गर्दछौं ।

**कागेश्वरी मनोहरा नगरपालिका**
**थली, काठमाडौं ।**

**उपेन्द्र कार्की**
नगर प्रमुख

**शान्ता थापा**
नगर उपप्रमुख

| | | | |
|---|---|---|---|
| मुकुन्द प्रसाद गजुरेल | अध्यक्ष वडा नं. १ | प्रकाश फुयाल | अध्यक्ष वडा नं. ६ |
| सुरज खड्का | अध्यक्ष वडा नं. २ | भिमसेन थापा | अध्यक्ष वडा नं. ७ |
| राममणि पुडासैनी | अध्यक्ष वडा नं. ३ | हरिभक्त पुडासैनी | अध्यक्ष वडा नं. ८ |
| धन बहादुर श्रेष्ठ | अध्यक्ष वडा नं. ४ | अनिल थापा | अध्यक्ष वडा नं. ९ |
| शंकर पाण्डे | अध्यक्ष वडा नं. ५ | | |

तथा
**समस्त नगरपालिका परिवार**

# संसदीय यात्रामा कांग्रेस सधैं कमजोर

**लक्ष्मी गौतम** (पाँचथर)

वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा पाँचथरका ८ मध्ये ६ पालिकामा नेतृत्व लिन सफल नेपाली कांग्रेसले यसपटक जिल्लाबाट प्रदेश र प्रतिनिधिसभाका कुनै पनि सिट सुरक्षित राख्न सकेन । माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीसँग गठबन्धन गर्दा उसले प्रदेशसभाका २ वटै निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएको थिएन । यहाँका दुवै प्रदेश निर्वाचन क्षेत्रमा कांग्रेससँग गठबन्धन गरेका माओवादी केन्द्र र नेकपा एसले जिते पनि प्रतिनिधिसभा सदस्यमा कांग्रेस एमालेसँग ४६ मतान्तरले पराजित भयो ।

यसअघि २०७४ को स्थानीय तह चुनावमा जिल्लाका ८ मध्ये ४ वटा पालिकाको नेतृत्व जितेको कांग्रेसले त्यो बेला वाम गठबन्धनसँग चुनाव लड्दा सबै क्षेत्रमा पराजय भोग्नुपरेको थियो । २०७४ र २०७९ मा जस्तै कांग्रेसले यस जिल्लामा २०४८ र २०५६ का आमनिर्वाचनमा पनि पराजय भोगेको थियो । २०४८ पछिको निर्वाचन इतिहासलाई नियाल्दा कांग्रेसका उम्मेदवार दीपकप्रकाश बाँस्कोटाले तत्कालीन पाँचथर क्षेत्र नम्बर १ बाट २०५१ को निर्वाचन जितेका थिए । त्यसपछि २०६४ को संविधानसभा निर्वाचनमा पूर्णकुमार शेर्माले पाँचथर क्षेत्र नम्बर-१ र २०७० को संविधानसभा सदस्यको निर्वाचनमा क्षेत्र नम्बर-२ बाट भीष्मराज आङदेम्बेले एमालेका डम्बरसिंह सम्वाहाम्फेलाई हराए पनि बाँकी निर्वाचनमा उठेका सबै उम्मेदवार पराजित हुँदै आएका छन् ।

कांग्रेसको भ्रातृ संगठन परिचालन, आकांक्षी व्यवस्थापन र नेतृत्वमाथिको असन्तुष्टिसँगै अन्तर्घातका कारण चुनाव हार्ने गरेको कांग्रेसकै अनुभवी नेताहरू बताउँछन् । पाँचथरका कांग्रेस सभापति रूपनारायण जबेगु



**प्रतिनिधिसभामा पराजित भए पनि मतदातालाई धन्यवाद दिँदै पाँचथर कांग्रेसका निवर्तमान सभापति नरेन्द्र केरुङ ।** *तस्बिर : कान्तिपुर*

यसअघिका निर्वाचनमा कांग्रेसको पराजयमा आन्तरिक कारण रहे पनि यसपटक अन्तर्घात नभएको दाबी गर्छन् । 'प्रदेश निर्वाचन क्षेत्रका दुवै सिटमा नेकपा एस र माओवादी केन्द्रका उम्मेदवार विजयी गरायौं, दुर्भाग्यवश प्रतिनिधिसभा सदस्यमा कांग्रेसका भीष्मराज आङदेम्बे पराजित हुनुभयो, उहाँ पराजित हुनुमा कांग्रेसभित्रको अन्तर्घात भन्दा धेरै गठबन्धनमा रहेका सहयात्री दल र तिनका कार्यकर्ताको इमान्दारिता मुख्य कारण हो,' उनले भने ।

गत स्थानीय तहको निर्वाचनमा गठबन्धनमा रहेका कांग्रेस, माओवादी केन्द्र र नेकपा एसलाई ३९ हजार र एमालेलाई २८ हजार मत प्राप्त भएको थियो । यसपटकको प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा सोही अनुपातको हार-जित हुनेमा गठबन्धन दलका नेता/कार्यकर्ता ढुक्क हुँदा प्रतिनिधिसभातर्फको परिणाम गुमाउनुपरेको जानकारहरू टिप्पणी गर्छन् । नेकपा एमालेका फिदिम नगर कमिटी अध्यक्ष जलकुमार तामाङ उम्मेदारको लोकप्रियतासँगै गठबन्धनमा रहेका दलहरूको कमजोरी पत्ता लगाएर मत माग्ने एमालेको रणनीतिका कारण चुनाव जित्न सफल भएको दाबी गर्छन् ।

'हाम्रो उम्मेदवार निरन्तर जिल्लाका नागरिकसँगको सम्पर्कमा हुनुहुन्थ्यो, युवा, प्रौढ र वृद्धवृद्धामाझ लोकप्रिय रहेकै कारण हामीले परिणाम निकालेका हौं,' उनले भने । कांग्रेसका उम्मेदवार युवापुस्तामाझ आंशिक मात्रै परिचित भएकाले पनि आफूहरूलाई सजिलो भएको उनको बुझाइ छ । कांग्रेसका जिल्ला सहसचिव सन्तोष श्रेष्ठ अरू समयमा कांग्रेसी भनेर परिचय दिनेहरूबाट पटकपटक धोका हुँदा संसदीय यात्रामा पार्टी कमजोर हुँदै आएको टिप्पणी गर्छन् । नेविसंघ, तरुण दल र महिला संघ जस्ता भ्रातृ संगठनका निर्वाचन समयमा गर्न नसक्दा पनि चलायमान हुन नसकेको उनको भनाइ छ ।

### २७ जनाको जमानत जफत

पाँचथरमा यसपटक उम्मेदवारी दिएका ३३ मध्ये २७ जनाको धरौटी जफत भएको छ । प्रदेश र प्रतिनिधिसभाका विजेता र उपविजेताबाहेक सबैको धरौटी जफत भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । प्रतिनिधिसभातर्फ कांग्रेस र एमालेसहित ३ स्वतन्त्रसहित १५ जना, प्रदेशसभा-१ मा २ स्वतन्त्रसहित १० जना र प्रदेश-२ मा ८ जना उम्मेदवारले प्रतिस्पर्धा गरेका थिए ।

## हार्दिक समवेदना



**जन्म:**
२००४/१०/०४

**स्वर्गारोहण:**
२०७९/०८/०४

**स्व. दील बहादुर दनुवार**

**कान्तिपुर पब्लिकेशन्स्को वितरण विभागमा कार्यरत सहकर्मी बाबुराम दनुवार राईका पूजनीय पिता दील बहादुर दनुवारको असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**कान्तिपुर पब्लिकेशन्स् लि. परिवार**

# ६१ प्रतिशत प्रदेश सांसद स्नातक उत्तीर्ण

**देवनारायण साह** (मोरङ)

पछिल्लो समय शिक्षितहरूको राजनीतिमा पहुँच बढ्दै गएको देखिन्छ । प्रदेश १ मा निर्वाचित भएर आएका करिब दुई तिहाइ प्रदेश सांसद शिक्षित छन् । प्रदेश १ को १४ जिल्लाका ५६ प्रदेशसभा निर्वाचन क्षेत्रमध्ये ६०.७१ प्रतिशत अर्थात् ३४ नवनिर्वाचित प्रदेश सांसद स्नातक उत्तीर्ण छन् । नवनिर्वाचित प्रदेश सांसदमा एमफिल गरेका एक, स्नातकोत्तर १२, स्नातक २१, कक्षा १२ अर्थात् प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण ११, एसएलसी उत्तीर्ण ७, माध्यमिक अध्ययन २, सामान्य लेखपढ गर्ने र दक्षता प्रमाणपत्र प्राप्त १/१ जना छन् ।

झापा ४ (२) बाट निर्वाचित प्रदेश सांसद राप्रपाका भक्तिप्रसाद सिटौलाले एमफिल गरेका छन् । कांग्रेसका मोरङ ६ (२) बाट निर्वाचित आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्की, मोरङ ४ (२) का भीम पराजुली, खोटाङ १ (२) का भूपेन्द्र राई र उदयपुर २ (२) बाट निर्वाचित प्रदेश सांसद रामकुमार खत्री स्नातकोत्तर गरेका छन् । एमालेका झापा ५ (१) बाट निर्वाचित पूर्वआन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मत कार्की कानुनमा स्नातकोत्तर, संखुवासभा १ (२) बाट निर्वाचित विदुर लिंथेप समाजशास्त्रमा, झापा ३ (२) का छविलाल चुडाल, झापा ४ (१) का राधाकृष्ण खनाल, सुनसरी १ (२) का विजयकुमार राई र धनकुटा १ (२) का इन्द्रमणि पराजुली स्नातकोत्तर हुन् । यस्तै, मोरङ ६ (१) बाट निर्वाचित माओवादी केन्द्रका जीवन आचार्य अर्थशास्त्र र राजनीति शास्त्र विषयमा स्नातकोत्तर छन् ।

यस प्रदेशस्थित ५६ प्रदेशसभा निर्वाचन क्षेत्रमा एमालेले २५, कांग्रेसले १७, माओवादी केन्द्रले ९, नेकपा (एकीकृत समाजवादी) ले ३ र राप्रपाले २ क्षेत्र जितेका छन् । जसमा एमालेका निर्वाचित प्रदेश सांसदमध्ये ६ जनाले स्नातकोत्तर, ११ स्नातक, ४ जना आईए, एसलसी १, माध्यमिक तहसम्म अध्ययन २ र दक्षता प्रमाणपत्र प्राप्त १ जना छन् । यस्तै, कांग्रेसका नवनिर्वाचित प्रदेश सांसदमा स्नातकोत्तर ४, स्नातक ७, आईए १, एसएलसी ४ र सामान्य लेखपढ गर्ने १ जना छन् । माओवादीका स्नातकोत्तर १, स्नातक २, कक्षा १२ उत्तीर्ण १, आईए ३, आईएड १ र एसएलसी पास एक जना छन् । नेकपा (एकीकृत समाजवादी) का स्नातकोत्तर १, स्नातक १ र आईएड उत्तीर्ण एक प्रदेश सांसद निर्वाचित भएका हुन् ।

मोरङ ४ (१) बाट निर्वाचित प्रदेश सांसदमध्ये सबभन्दा कम उमेरका ३६ वर्षीय जीवन आचार्य दुईवटा विषयमा स्नातकोत्तर गरेका छन् भने सबभन्दा बढी उमेरका ज्येष्ठ नागरिक मोरङ ५ (१) बाट निर्वाचित कांग्रेसका गयानन्द मण्डल गनगाई एसएलसी उत्तीर्ण हुन् । मण्डलले नै पहिलो प्रदेशसभा बैठकको नेतृत्व गर्ने छन् । यस प्रदेशमा ४० भन्दा कम उमेरका ६, ४० देखि ६० उमेरका ३९ र ६० भन्दा बढी उमेरका ज्येष्ठ नागरिक ११ जना प्रदेश सांसदमा निर्वाचित भएका छन् ।


# वर्गीकृत विज्ञापन

## घर जग्गा

मकवानपुर कटुन्जेवंडा-४, कित्ता-६६, २-१५-३-०, मकवानपुर, नामतारवंडा-७, किता-८०१, ९-८-०-२, मकवानपुर, नामतारवंडा-७, कित्ता-८०३, ०-११-२-०, मकवानपुर, खैराङ्गवंडा-३, कित्ता-७, १-३-२-३, मकवानपुर, खैराङ्गवंडा-३, कित्ता-४२, ६-१४-१-०, मकवानपुर, खैराङ्गवंडा-३ कित्ता-८१, १३-६-०-१, मकवानपुर, कांकडावंडा-७, कित्ता-३५, १८-५-३-३, 9818355868 (प्रदिप), ढुङ्गाखानीजग्गा

मण्डिखाटारफांट मैनालीपुल नजिक ०-३-३-० माबनेको साढेदुईतल्ले घरबिक्रिमा 9851066945

जावलाखेलमा ०-९-३-२ जग्गा 9849449673, 9841287677, 9851333629

2.5 Storeys House in Pavitra Awas Hattibhan 6Anna Land 9803049235

निम्नमध्य वर्गलाई दृष्टिगतगरी सस्तोआवास कार्यक्रम संचालनगर्न उपत्यकाभित्र प्रतिआना मूल्यरु.१लाख सम्मको (५रोपनी देखि १००रोपनीसम्म) बाटो-बिजुली पुगेको आवासिय जग्गाहरू तुरुन्तैचाहियो सम्पर्क: 9802315103

प्रदेशनम्बर-१का विभिन्न क्षेत्रहरूमा घाँसखेतीगर्न उपयुक्त प्रतिबिगाहा १लाखसम्मको मोटरबाटो पुगेको (१००देखि ५००बिगाहा सम्म) अत्तिसस्तो जग्गाहरू तुरुन्तैचाहियो सम्पर्क: 9802315104

जडीबुटिमा जग्गा बिक्रिमा ०-३-३-३ ९८५१०२६६८५

धुलिखेलमा highway जोडेको राम्रो हिमालदेखिने ०-९०-०-० ९८५१०१७९८९

सातदोबाटो स्विमिंग पुलबाट ४००-मि.तल २.५-तल्लेघर बिक्रीमा मुल्य:-२करोड ६०लाख, 9841751440

भक्तपुर सुडाल रातोपाटीनेरी दुईरोपनी बिक्रिमा 9851038976

बाँसबारीमा ३ रोपनी जग्गामा बनेको २.५ तल्ले घर भाडामा ९८४१८९०३२८

बालकोट वडानं.-३, अगाडी ३०-फुटेबाटोमा ०-३-२ माबनेको आधुनिकघर बिक्रीमा 9851088771, 9841668028

बुढानिलकण्ठ देउवाचोक नजिकै ०-५-०-० माबनेको पूर्वमोहडाको आधुनिक नयांबङ्गलो घरतुरुन्तै बिक्रिमा 9808420364

नयाँबानेश्वरमा ०-४-२-० आधुनिक बंगलो 9843670264

घरजग्गा खरिदबिक्री गर्नुपरेमा 9851027364 midaspropertydealer5@gmail.com

पुरानो नैकापमा १३'बाटोको एक कित्ताभित्र ४'बाटोमा २.५तल्ले घर ९८५१०००२९४

बुढानिलकण्ठ पार्कभिलेज होटलनजिकै ९आनाजग्गा बिक्रीमा प्रतिआना५० :लाख 9851087273

**टिकाथलीमा १३ फिटबाटोमा नयाँ तिनतल्ले घर, मुल्य १५५०००००।-** ९८४१४२७१८८, ९८५१०३२१५४

मैतीदेवीको ८आना जग्गा बिक्रिमा ९८५१०८७१७४

बुढानीलकण्ठमा ०-४-०-० जग्गा बिक्रीमा, 9803198714

जावलाखेल कुसुन्तीमा बंगलो ३२५, छम्पीमा ०-१०-२-० आनाकोट८, भरतपुरमा सवा२ कट्ठा जग्गा ५०, ९८५१०५९१७० थापाजी

सतुंगलमा नयाँसुन्दरबस्तीमा ०-७-५-० जग्गा बिक्रिमा ९८४१४६४७३७

धापाखेल स्थित Civil Homes मा ४ आना २ पैसामा बनेको घर बिक्रीमा सम्पर्क नं. ९८६०९२४९६० कृपया दलालले कष्ट नगर्नुहोला

बुढानिलकण्ठमा ०-४-०-० साढेदुई तल्लेघर 9843719587

चितवन सौराहादेखी ३ किमी पुर्व कुमरोज सामुदायीकबन अगाडी ९ कोठाको स्वीटरुम सहितको रिसोर्ट र ३० कट्ठा जग्गा बिक्रीमा,जग्गा प्रतिकट्ठा २६ लाख रिसोटको मुल्य २ करोड साठीलाख 9856028321, 9855027321

## सवारी साधन

2018 Model Scorpio S5 onsale 9851043537

## सम्पर्क

**धेरै सस्तोमा बैक व्यालेन्स 9851315985**

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

कसर ढुंगाखानीमा पार्टनर बस्न इच्छुकले सम्पर्क ९८५१००९१७३

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

Bank Deposite धितोफुकुवा गर्नपरेमा 9851161202

Hometuition 8-12, A-Level, Math, 9843800598

Cash Deposit Without Collateral, 9841756349

जग्गा पार्टनर धितो फुकुवा 9741685515

सस्तोमा धितोफुकुवा Cash Deposited 9851277564

Canada Australia USA PR 01-5915466

धितोफुकुवा नगदडिपोजीट घरजग्गामा व्यापारमा तु.नगद, 9849034192

बैंकमा Cashdeposit धितोफुकुवा लोनतिर्न ९८५१०४५२१८

आकर्षक ब्याज, मुनाफा दिनेगरी दैनिक उपभोग्य वस्तुको कम्पनीलाई लगानी चाहियो ९७६२७८४६५१

## विविध बिक्रीमा

कुर्तापसल बिक्रिमा, बानेश्वर, 9842653142, 9765426288

१४ वर्षदेखि चलिरहेको Travel 9828027798

कलंकी मालपोतसंगै चलिरहेको थकाली भान्छाघर बिक्रिमा मुल्य:आपसी समझदारीमा ९८६०१९११८३, ९८१०१६३०७४

राम्रोसंग चलिरहेको थकाली भान्छाघर बिक्रीमा सिनामंगल, 9848323835

बाईपासमा चलिरहेको क्याफे बिक्रिमा ९८४९८८२१४७, ९८६०३१८३८४

सल्लाघारी भक्तपुर चोकमा होलसेल चल्ने किराना पसल अतिसस्तोमा ९८४९७१८२७१

चलिरहेको खाजापसल बिक्रीमा डिल्लीबजार चारखालचोक पाँचतल्ले बिल्डीङ्ग ९८६०५९३४९९

मलपानी निलबाराही खाजाघर बिक्रीमा 9803002676

अतिव्यस्त ठाउँको सटर बिक्रिमा ९८५१०४३९७०

डल्लुस्थित रेष्टुरेण्ट तुरुन्त बिक्रिमा ९८१३३९७२७४

## निर्माण सफाई

ढलमंगाल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

सेफ्टीटैंकी ढलट्वाईलेट सफाई 9851088270, 9861728599

सस्तोमा ढलट्वाईलेट सेफ्टीटैंकी सफाई ९८४९५०३०१९

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलट्वाईलेट सेफ्टीटैंकी सफाई ९८५१०९६२३३

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

सेफ्टीटैंकी सफाई गाडीमा १५००।- ९८४३७६८७३७

सेफ्टीटैंकी सफाई ठूलोगाडीमा मेसिनबाट ५२५१०९२, ९८५१०२४३६४

सेफ्टीटैंकी सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१५१८२४०१

ढलमंगाल, ट्वाईलेट जामखोल्ने सेफ्टीट्याङ्की 9840540700

धेरैसस्तोमा सेफ्टीट्याङकी सफाईगर्ने 9861928899, 9823859294

ढलट्वाईलेट सेफ्टीट्याङ्की जामखोल्ने सस्तोमा 9841634234, 9841176292

ढलट्वाइलेट मंगालजामखोल्ने, मर्मतनिर्माण, 9851018828, 9841464543

ढलमंगल, सेफ्टीट्याङ्की जामखोल्ने सस्तोमा 9849519040

बोरिङ, डिपबोरिङ ईनारसम्बन्धी सम्पूर्ण कामकोलागि सम्झनुहोस् । 9851149831, 9849506240

## भाडामा

काठमाडौंमा घर, फ्ल्याट लिनुदिनु 9846578599

ज्ञानेश्वरमा 3rd Floor, Office Space, Parking सुविधा भएको 9828027798

पोखरा लेकसाईडमा होटल भाडामा सम्पर्क 9856027119

Shutter in rent, Baluwatar contact, 9851198727

